## परिच्छेद - एक

# शोध परिचय

### १.१ विषय परिचय

अमरकुमार प्रधानको जन्म वि.सं. २०११ साल मंसिर महिनाको १७ गते दोलखा जिल्लाको भीमेश्वर नगरपालिका वडा नं. २ नक्छे टोलमा पिता कमलप्रसाद प्रधान र माता सुवर्णलक्ष्मी प्रधानको ज्येष्ठ सुपुत्रका रूपमा भएको हो । सानैदेखि तीक्ष्ण बुद्धि र जिज्ञासु स्वभाव भएका प्रधान वि.सं. २०२६ सालमा 'चित्र बुद्धको' कथा लिएर साहित्याकाशमा देखा परेका हुन् । साहित्यिक क्षेत्रमा निरन्तर साधनारत उनले कथा, कविता, समालोचना, परिचयात्मक प्रबन्ध, संस्मरण र नियात्रा विधामा आफूलाई तिखार्दै लगेका छन् । प्रधानका कृतिमा देशप्रेम, राष्ट्रभक्तिको भावना र सामाजिक विकृतिप्रति व्यङ्ग्य विद्रोह आदि प्रवृत्तिहरू रहेका देखिन्छन् ।

प्रधान बहुआयामिक व्यक्तित्त्वका धनी हुन् । प्रधानको बहुआयामिक व्यक्तित्त्वको विविध पक्षलाई हेर्दा सर्वाधिक उर्वर र महत्त्वपूर्ण व्यक्तित्त्व साहित्यिक व्यक्तित्त्व हो । उनी साहित्यका कथा, कविता, निबन्ध, संस्मरण, स्तम्भलेखन, सम्पादन आदि विविध विधा र क्षेत्रमा क्रियाशील रहेका छन् । स्रष्टाहरूको स्वतन्त्र अभिव्यक्तिको प्रयास र प्रकाशनले परिवर्तनको लहर ल्याउँछ । त्यसपछि साहित्यका हरेक विधामा नयाँ मोड-उपमोड देखिन थाल्दछ र पुराना मान्यता परिवर्तन हुँदै विभिन्न नयाँ विचारधारा एवं प्रवृत्तिहरूले ठाउँ लिन पुग्दछन् । वर्तमान परिप्रेक्ष्यलाई समेट्ने खाले कथामा सुन्दर बिम्ब, प्रतीक, नवीन मिथक प्रयोग जस्ता वैयक्तिक शिल्पका कारण उनी विशिष्ट पहिचान बनाउन सफल छन् । आधुनिक नेपाली कथा साहित्यको प्रवर्द्धनमा उनको उपस्थिति उल्लेखनीय छ ।

आधुनिक कथाको समसामयिक धारामा तीसको दशकको प्रारम्भदेखि प्रवेश गरी हालसम्म सक्रिय रहेका प्रधान चर्चित र आधुनिक कथाको प्रतिनिधि कथाकार हुन् । उनी वि.सं. २०२६ सालमा 'चित्र बुद्धको' कथा 'आँखा' पत्रिकामा प्रकाशन गरेर साहित्य लेखन क्षेत्रमा अघि बढेका हुन् । उनका **अमरका कथाहरू** (२०६९) कथा सङ्ग्रहमा ३१ ओटा कथाहरू सङ्कलित छन् । यीमध्ये २६ कथाहरू **शान्ति : कान्ति** (२०५७) कथा सङ्ग्रहमा

पूर्वप्रकाशित हुन् भने तिनै २६ कथाहरू मध्ये पनि ६ ओटा कथाहरू **त्रिविध** कथा सङ्ग्रह (संयुक्त) (२०४४) मा प्रकाशित भइसकेका हुन् । अन्य पाँच कथाहरू भने यस सङ्ग्रहमा पहिलोपल्ट सङ्ग्रहित गरिएका हुन् । बाल साहित्यको क्षेत्रमा **अनौठो कलम** (२०६८) सहलेखन, **हाम्रा लोककथा** (२०६६) सङ्कलन सम्पादन, **मेरो भकुण्डो** (२०७१), **कस्तो राम्रो चङ्गा** (२०७०) आदि रहेका छन् । स्रष्टाका वैयक्तिक जीवनका घटना प्रवाहहरूको सन्दर्भबाट योगदान र व्यक्तित्त्व झल्किएको हुन्छ । प्रस्तुत शोधकार्य कथाकार अमरकुमार प्रधानको जीवनी, व्यक्तित्त्व र कृतित्त्वमा आधारित रहेर प्रस्तुत गरिएको छ ।

## १.२ समस्या कथन

कथाकार अमरकुमार प्रधानका हालसम्म करिब तीन दर्जन कथाहरू, थुप्रै बालसाहित्य र अन्य कृतिहरू प्रकाशित भैसकेका छन् । प्रस्तावित शोधको शीर्षक कथाकारको जीवनी, व्यक्तित्त्व र कृतित्त्वको अध्ययन रहेकाले उक्त शीर्षकमा केन्द्रित गरी शोधकार्य गर्दा निम्नलिखित समस्याको समाधान खोजिने छ :

क) अमरकुमार प्रधानको जीवन यात्रा के-कसरी अघि बढेको छ ?

ख) अमरकुमार प्रधानको व्यक्तित्त्व के-कस्तो छ ?

ग) अमरकुमार प्रधानका साहित्यिक कृतिहरू के-कस्ता छन् ?

## १.३ शोध कार्यको उद्देश्य

प्रस्तावित शोधकार्यका उद्देश्य निम्न रहनेछन् :

क) अमरकुमार प्रधानको जीवन यात्राको निरूपण गर्नु

ख) अमरकुमार प्रधानको व्यक्तित्त्व पहिचान गर्नु

ग) अमरकुमार प्रधानको साहित्यिक कृतिहरूको अध्ययन गर्नु

## १.४ पूर्वकार्यको समीक्षा

अमरकुमार प्रधानको बारेमा हालसम्म **त्रिविध** (२०४४) कथा सङ्ग्रह (संयुक्त), **शान्ति : कान्ति** (२०५७) र **अमरका कथाहरू** (२०६९) कथा सङ्ग्रहमा उनका यथार्थवादी

पक्षको विश्लेषण र समीक्षा गरिएको पाइन्छ । यहाँ उनका कृतिको अध्ययनको पूर्वकार्यको समीक्षा प्रस्तुत गरिएको छ ।

कृष्णप्रसाद पराजुली (२०४४) ले **त्रिविध** कथा सङ्ग्रहमा 'कथाको कथन' नामक भूमिका लेखनमा अमरकुमार प्रधानलाई समसामयिक कथाकारका रूपमा लिएका छन् ।

कविताराम श्रेष्ठ (२०६९) ले **अमरका कथाहरू** कथा सङ्ग्रहको भूमिका लेखनमा वि.सं. २०२६ सालदेखिका कथाहरू सङ्कलित यस कथा सङ्ग्रहका कथाहरू राजनीतिक, सामाजिक विडम्बनाहरूको उपज हो भनी विश्लेषण गरेका छन् ।

चन्द्रबहादुर खड्का (२०७१) ले 'प्रेरणका पर्याय अमर दाइ' शीर्षक दिई अमरकुमार प्रधानका कथामा आञ्चलिकताको प्रभाव पाइनुका साथै सरल बिम्ब र प्रतीकको प्रयोग गर्ने भएकोले कथामा जटीलता वा बोधगम्यताको समस्या पाठकले भोग्नु नपर्ने भनी संक्षिप्त अध्ययन प्रस्तुत गरेका छन् ।

विजय चालिसे (२०७१) ले 'असल मित्र, सशक्त सर्जक' शीर्षकमा 'चित्र बुद्धको' कथाबाट नेपाली साहित्यको श्रीवृद्धिमा पाइलो सारेका अमर मूलतः स्रष्टा भई कथा र निबन्ध विधाको सिर्जनामा बढी केन्द्रित छन् । त्यसपछि मात्र उनको द्रष्टा व्यक्तित्त्व समालोचनाको क्षेत्रमा परिचित भएको भनी विश्लेषणात्मक अध्ययन गरेका छन् ।

डा. ध्रुवकुमार घिमिरे (२०७१) ले 'अमर : एक व्यक्ति अनेक व्यक्तित्त्व' शीर्षकमा अमरको नियात्राकारिताको प्रभाव कथाकारितामा पनि परेको देखिन्छ । यात्रा वर्णन सँगै सम्बन्धित क्षेत्रको वर्तमान सँगै ऐतिहासिक तथ्यलाई नबुझिने तरिकाले आफ्ना नियात्रामा प्रवेश गराउन सिपालु देखिन्छन् भनी विश्लेषण गरेका छन् ।

## १.५ शोधको औचित्य र महत्त्व

अमरकुमार प्रधानको जीवनी, व्यक्तित्त्व र कृतित्त्वलाई विषयवस्तु बनाएर हालसम्म कुनै शोधकार्य नभएको परिप्रेक्ष्यमा यो शोधकार्य गरिएको छ । यही नै यो शोधकार्यको औचित्य हो । यस जीवनी, व्यक्तित्त्व र कृतित्त्व सम्बन्धी अध्ययन गर्न चाहने अध्येता, शिक्षक, विद्यार्थी, एवम् सर्वसाधारण पाठकका लागि पनि यो सहयोगी बन्न सक्ने छ । त्यो पनि यस शोधकार्यको औचित्य र महत्त्व हो ।

## १.६ शोध कार्यको सीमाङ्कन

अमरकुमार प्रधानका विभिन्न कृति र उनका बारेमा लेखिएका कृतिहरूका आधारमा उनको व्यक्तित्त्व र कृतित्त्वको बारेमा अध्ययन गर्नु यस शोधको सीमा रहेको छ ।

## १.७ शोध विधि

शोध विधि अन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषण विधि पर्दछन् ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलन मूलतः पुस्तकालयीय अध्ययन विधिका आधारमा गरिएको छ । त्यसका साथै विभिन्न विद्वान र लेखक स्वयम्लाई भेटी आवश्यक सल्लाह, सुझाव र अन्तर्वार्ता लिने काम गरिएको छ ।

### १.७.२ विश्लेषण विधि

प्रस्तुत शोधकार्यमा सामग्री विश्लेषण वर्णनात्मक एवम् विश्लेषणात्मक विधिमा गरिएको छ ।

## १.८ शोधकार्यको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवम् सुसङ्गठित रूपमा तयार गर्नका लागि विभिन्न परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेदलाई आवश्यकता अनुसार शीर्षक, उपशीर्षकहरूमा विभाजन गरिएको छ ।

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : अमरकुमार प्रधानको जीवनी

परिच्छेद तीन : अमरकुमार प्रधानको व्यक्तित्त्व

परिच्छेद चार : अमरकुमार प्रधानको साहित्यिक यात्रा

परिच्छेद पाँच : अमरकुमार प्रधानको कृतिको अध्ययन

परिच्छेद छ : उपसंहार तथा निष्कर्ष

सन्दर्भ सामग्री सूची

# परिच्छेद - दुई
# अमरकुमार प्रधानको जीवनी

## २.१ अमरकुमार प्रधानको जीवनी

जीवनी एउटा यस्तो विधा हो जसमा व्यक्ति विशेषको जन्मदेखि मृत्युसम्मका यावत घटनावलीलाई अर्थपूर्ण ढङ्गमा प्रस्तुत गरिन्छ । यसैले यसमा प्रामाणिक तथ्य, वस्तुपरक दृष्टिकोण र समाजले स्वीकार गरेका मूल्य र मान्यताका आधारमा जीवनी तयार पारिन्छ । 'कुनै पनि व्यक्तिको जीवन भोगाइको क्रमलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्नुलाई जीवनी भनिन्छ । जीवनी अध्ययनमा तटस्थता, वस्तुगतता र संयमितता हुनुपर्दछ ।' (उपाध्याय २०४९:१९०) । अमरकुमार प्रधानका नामले परिचित प्रधानको जीवनीलाई निम्न शीर्षकहरूमा प्रस्तुत गरिएको छ :

### २.१.१ जन्म र जन्मस्थान

अमरकुमार प्रधानको जन्म वि.सं. २०११ मंसिर १७ गते दोलखा जिल्लाको भीमेश्वर नगरपालिका वडा नं. २ नक्छे टोलमा पिता कमलप्रसाद प्रधान र माता सुवर्णलक्ष्मी प्रधानका ज्येष्ठ सुपुत्रका रूपमा भएको हो । उनको न्वारनको नाम ज्ञानेन्द्रप्रसाद प्रधान हो । उनका दुई बहिनी, एक भाइ छन् ।

अमरकुमार प्रधानको पिताको जागिरको सिलसिलामा सरुवा भइरहने हुनाले पिता सँगसँगै बाल्यकाल विभिन्न स्थानमा बित्यो । दुई वर्षको उमेरसम्म काठमाडौंमा हुर्केका उनी त्यसपछि वि.सं. २०२८ सम्म दोलखामै रहे । उनको मातृभाषा द्वाल्खा (दोलखा शहरमा बोलिने नेवारी) भए पनि धेरै समयसम्म नेपालीभाषीहरूको सङ्गतमा रहेकाले उनको मातृभाषामा भन्दा नेपाली भाषामा बढी दखल छ । (शोधनायकसँगको अन्तर्वाता)

### २.१.२ पुर्ख्यौली थलो र वंशज

अमरकुमार प्रधानको वंशज भोटबर्मेली परिवारभित्र पर्ने नेवार वंशभित्र पर्दछ । यिनीहरूको आफ्नै धर्म, संस्कृति, भाषा तथा भेषभुषा छ । आदिवासी नेवारहरूको बसोबास क्षेत्र दोलखा लगायत पूर्वमा भोजपुर, मध्य क्षेत्र काठमाडौं, भक्तपुर, ललितपुर, नारायणगढ,

पश्चिममा बन्दीपुर, बागलुङ आदि रहेका छन् । अमरकुमार प्रधानको पुर्ख्यौली थलो दोलखा जिल्लाको प्राचीन शहर अभयपुर हाल दोलखा नक्छे टोल हो । उनका पूर्वजहरूको मुख्य पेशा कृषि थियो । उनका बाजे काजीबहादुर प्रधान र बुबा कमलप्रसाद प्रधान भने जागिरमा संलग्न थिए । जागिरे समयभरि उनका पिताले आफ्नो परिवारलाई साथमा राखे । विशेषतः पहाडी जनजीवन, ग्रामीण परिवेश, मध्यमवर्गीय आर्थिक स्थितिका बीच अमरकुमार प्रधानको जीवन आरम्भ भएको देखिन्छ । (शोधनायकसँगको अन्तर्वाता)

### २.१.३ पारिवारिक पृष्ठभूमि र बाल्यकाल

अमरकुमार प्रधान सामान्य कृषक परिवारमा जन्मेका हुन् । कृषि पेशाबाट नै बाजे काजीबहादुर प्रधान र बुबा कमलप्रसाद प्रधान जागिरे जीवनमा आए । बुबा कमलप्रसाद जागिरको सिलसिलामा विभिन्न स्थानमा अदालतको अमलदार, बहीदार आदि पदमा कार्यरत रहे । सिन्धुली जिल्लामा भूमिसुधारमा खरिदार पदमा कार्यरत रहँदा अकस्मात अवकाशमा परेपछि उनी जोशी पोल्ट्री फार्ममा लेखापाल, काठमाडौं जिल्ला अदालतमा विचारी समेत भए । २०३८ पछि दोलखा जिल्लामा थरी, जिम्मवाल हुँदै गाउँ पञ्चायतको वडा सदस्य समेत निर्वाचित भए । कमलप्रसादले आफ्नो जागिरे समयभरि जीवनसङ्गिनी सुवर्णलक्ष्मी, दुई छोरा र दुई छोरीलाई साथैमा राखे ।

बुबाआमाको रेखदेखमा सुखपूर्वक बाल्यकाल बिताएका अमरकुमार सानैदेखि तीक्ष्ण बुद्धि र जिज्ञाशु स्वभावका थिए । यही विशेषताका कारण उनी नयाँ विद्यालय परिवेशमा पनि साथीभाइका बीच परिचित र शिक्षकहरूका अगाडि एक अब्बल विद्यार्थीका रूपमा परिचित हुन पुग्थे । उनी सानैदेखि अध्ययनका अतिरिक्त खेलकुद, साहित्य र समाजसेवामा विशेष रुचि राख्दथे । तिनै रुचि र चाहनाहरू प्रधानको वयस्कावस्थासम्म पनि निरन्तर रहन पुगे । पिताको एक्लो आम्दानीले परिवाको खर्च र अन्य भैपरी आउने खर्च धान्न मुश्किल परेकाले अमरकुमारले आयआर्जनको काम गर्नुपऱ्यो । २०२५ सालमा भीम पब्लिक हाइस्कुलबाट एसएलसी दिएलगत्तै उनले त्यहीँको शिक्षकको रूपमा र पछि कालिञ्चोक ट्रेडिङ कम्पनीको कर्मचारीको रूपमा कार्य गरे । (शोधनायकसँगको अन्तर्वाता)

### २.१.४ शिक्षा दीक्षा

अमरकुमार प्रधानको अक्षरारम्भ पाँच वर्षको उमेरदेखि धुलिखेलमा पितासँग भएको हो । पुरानो प्रचलन अनुसार पछि दोलखाका गुरु नरबहादुर श्रेष्ठको पाठशालामा शुरु भएको हो । जागिरका सिलसिलामा आफ्ना पिता जहाँजहाँ गए त्यहीँत्यहीँ नै उनले आफ्नो औपचारिक अध्ययन विभिन्न विद्यालयबाट पूरा गरे । उनले कक्षा ३ सम्म भीम पब्लिक हाइस्कुल दोलखा, कक्षा ५ सम्म प्रभात मिडिल स्कुल काठमाडौं, कक्षा ६ देखि ९ सम्म सञ्जीवनी हाइस्कुल धुलिखेल र कक्षा १० पुनः भीम पब्लिक हाइस्कुलमा अध्ययन गरी २०२५ सालमा त्यहीँबाट दोस्रो श्रेणीमा एसएलसी उत्तीर्ण भए । एसएलसीको नतीजा प्रकाशन नै नभई सोही विद्यालयमा कक्षा ९ सम्म अध्यापन गर्ने अवसर पाएका उनले २०३३ सम्म त्यहाँ अध्यापन गरे ।

आफ्नो विद्यालयीय शिक्षा पूरा गरेपछि त्रिभुवन विश्वविद्यालय अन्तर्गतको मानविकी तथा सामाजिक शास्त्र सङ्कायबाट प्राइभेट परीक्षर्थीका रूपमा प्रवीणता प्रमाणपत्र तह २०२९ सालमा उत्तीर्ण गरे । यसैगरी २०३१ सालमा नेपाली र इतिहास मूल विषय लिई दोस्रो श्रेणीमा स्नातक उत्तीर्ण भएपछि उनले नेपाली विषयमा २०३८ सालमा दोस्रो श्रेणीमै स्नातकोत्तर पूरा गरे । त्रिविमा स्नातकोत्तर तहको शिक्षा पूरा गर्ने सन्दर्भमा उनले राष्ट्रिय विकास सेवा कार्यक्रममा सरिक भई २०३५-२०३६ मा अर्घाखाँची जिल्लामा नि.मा.वि. तहमा अध्यापन गरे ।

उनले जीवनमा आइपर्ने समस्या पार गर्दै अध्ययन कार्य अघि बढाई उच्च शिक्षा हासिल गरे । पिता र गुरुहरूबाट प्राप्त चेतना र आदर्शबाट आफ्नो जीवनलाई डोहोऱ्याउने दीक्षा पाएका प्रधानले शैक्षिक क्षेत्रमा पनि राम्रै सफलता प्राप्त गरेका छन् । (शोधनायकसँगको अन्तर्वाता)

### २.१.५ दाम्पत्य जीवन

अमरले २०३६ साल असार महिनामा शशि शर्मासँग प्रेमविवाह गरे । त्यसबेला अमरको उमेर २५ वर्ष र शशिको २२ वर्ष थियो । शशिसँग विवाह भएको एक वर्षपछि २०३७ सालमा जेठो सन्तानका रूपमा छोरा शालीन प्रधानको जन्म भयो । उनी हाल नेपाल गोरखा ब्रुअरीमा कार्यरत छन् । यसैगरी २०४४ सालमा कान्छो सन्तानको रूपमा छोरा

अश्मन प्रधानको जन्म भयो । उनी हाल अध्ययनको सिलसिलामा अमेरिकामा छन् । २०६७ सालमा जेठा छोरा शालीनको उनले विवाह गरिदिए । हाल उनी छोरा-बुहारी र पत्नी शशिका साथ झम्सीखेलमा रहेका छन् । उनीहरू आफ्ना स्थानमा रहेर आफ्नो भूमिका निर्वाह गरिरहेका छन् । अमरको दाम्पत्त्य जीवन अत्यन्त सुखद रहेको देखिन्छ । ( शोधनायकसँगको अन्तर्वाता)

## २.१.६ रुचि र स्वभाव

सादा जीवन, उच्च विचारलाई अवलम्बन गर्ने प्रधानको रुचि साहित्य साधनामा नै बढी भएको पाइन्छ । साहित्य रचना गर्न पाउँदा उनी आनन्द मान्छन् । लोक साहित्य र संस्कृतिप्रति उनी अनुरक्त छन् । कर्णमधुर सङ्गीत सुन्नु र भ्रमण गर्नु पनि उनका रुचिका विषय हुन् । उनी सामान्य नेपाली खाना दालभात, तरकारी, अचार, गुन्द्रुक, मासु मन पराउँछन् । आफ्नो कर्ममा विश्वास गर्ने उनी कर्तव्य र जिम्मेवारी पूरा गर्न क्रियाशील रहन्छन् । हँसिलो अनुहार भएका प्रधान इमानदार, सरल र निस्वार्थ स्वभावका छन् । बाह्य आकर्षण र तडकभडकप्रति कुनै रुचि राख्दैनन् । यही व्यक्तित्त्वका कारण उनको साथीभाइबीच, आफन्तजन, नातागोता सबैसँग अति छिटो घुलमिल हुन सक्ने क्षमता छ । पारिवारिक समस्या र आवश्यकतामा उनी सँधै संवेदनशील रहन्छन् । उनी खेलमा विशेष फुटबल हेर्न, बाघचाल र बुद्धिचाल खेल्न मन पराउँछन् ।

सहृदयी स्वभावका धनी अमर सहयोगी, मिलनसार, कर्तव्यनिष्ठ, मेहनती र मृदुभाषी छन् । सरल र सामान्य जीवनयापन मन पराउने प्रधान लक्ष्मीप्रसाद देवकोटा, विश्वेश्वरप्रसाद कोइराला, रमेश विकल, पारिजात, अर्नेष्ट हेमिङ्वे, डा. तारानाथ शर्मा, कृष्ण धरावासीका रचना पढ्न असाध्यै मन पराउँछन् । अन्तस्करणको इमानदारिता पोख्ने भावनाका रूपमा यिनी साहित्यलाई परिभाषित गर्न रुचाउँछन् । साहित्य साधनाको क्रममा उनको सङ्गत रमेश विकल, विजय चालिसे, तेजप्रकाश श्रेष्ठ र कृष्णप्रसाद पराजुलीसँग बढी भएको पाइन्छ । (शोधनायकसँगको अन्तर्वाता)

## २.१.७ प्रेरणा र प्रभाव

बुबा र आमाले सुनाउने गरेको कथा सुनेर कथालेखनप्रति आकर्षित भएका प्रधानमा पत्रपत्रिकामा नाम छपाउने रहर तथा गुरु मेघराज कोइराला र रामबहादुर (कविताराम)

श्रेष्ठबाट साहित्यसाधनामा लाग्ने प्रेरणा प्राप्त भएको हो । बाल्यकालदेखि देखेका, अनुभव गरेका, आफ्नो टोल, समाज, राष्ट्रको विकृति, थिचोमिचो, राजनीतिक विसङ्गति र विश्रृङ्खलताको कारण उनी साहित्यलेखन क्षेत्रमा लाग्न प्रेरणा मिलेको बताउँछन् । २००९ सालमा दोलखामा स्थापित त्रिपुरा पुस्तकालय र २०१४ सालमा अमेरिकी पुस्तकालयको सहयोगमा स्थापित भैरव पुस्तकालय दुवैमा २०२३ जेठ ९ मा भीषण आगलागी हुँदा ती दुवै पुस्तकालयका पुस्तक स्कुलमा राखियो । सार्वजनिक पुस्तकालयको रूपमा भीम पुस्तकालय भनी स्थापना गरी तत्कालीन भवनको उत्तरपश्चिम कुनाको कोठामा राखिएको थियो । त्यहाँकै कुनामा प्रधान सुत्ने हुनाले थुप्रै पुस्तक पढ्न पाए । त्यसकारण भीम पुस्तकालय पनि उनका लागि प्रेरणाको श्रोत बनेको पाइन्छ । उनी स्वदेशी साहित्यकारहरूमा लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, शङ्कर लामिछाने, पारिजात, कविताराम श्रेष्ठ, विप्लव ढकालका साथै पाश्चात्य साहित्कारहरू शेक्सपियर, सिग्मण्ड फ्रायड, चेखब, टाल्सटोय आदिबाट प्रभावित भएको पाइन्छ । (शोधनायकसँगको अन्तर्वाता)

### २.१.८ पुरस्कार, प्रशंसा र मानसम्मान

अमरकुमार प्रधानको साहित्यिक योगदान साथै सामाजिक सेवाको कदर गर्दै उनलाई विभिन्न क्षेत्रबाट पुरस्कार, मानसम्मान प्रदान गरिएको छ । उनलाई वि.सं २०५८ मा भीम उच्च माध्यमिक विद्यालयबाट भी.मा.वि.प्रतिभा सम्मान- २०५८, प्रतिभा समूह काठमाडौंबाट सोही सालमा प्रतिभा सम्मानद्वारा सम्मानित गरिएको छ । यस्तै तन्नेरी प्रतिभा सम्मान- २०६१ र सुनकोशी साहित्य प्रतिष्ठानद्वारा आमा सम्मान- २०६३ बाट उनी सम्मानित भएका छन् । उनको समाजसेवाको कदर गर्दै दैवीप्रकोप उद्धार सेवा पदकबाट पनि उनी सम्मानित भएका छन् । उनलाई ज्ञानगुन साहित्य प्रतिष्ठानले दोलखाली रत्न सम्मान- २०७१ ताम्रपत्रसहित सम्मान गरेको छ । (शोधनायकसँगको अन्तर्वाता)

### २.१.९ विशेष घटना

अमरकुमार प्रधान भीम पब्लिक हाईस्कुलमा अध्यापनरत रहेकै बेला अचानक पेटको विरामी हुँदा अमेरिकी स्वयम्सेवक शिक्षक रहेका जीम गिसेनले गरेको अतुलनीय सहयोगबाट आफूले पुनर्जीवन पाएको प्रसङ्ग उनको जीवनको विशेष घटनाको रूपमा सम्झन्छन् । २०३० भदौमा बेलाबेला अमरको पेट गह्रौं भई दुख्न थालेको र एकदिन

अचानक पेटको दुखाइ बढ्दै गई दुखाइ कम गर्ने उपलब्ध औषधिहरू खाँदा र झारफुकसमेत गर्दा पनि दुखाइ घट्नुको साटो हरियो वान्तसमेत भई उनी शिथिल हुन पुगे । जीमले कुनै पनि उपाय लगाई काठमाडौं लगेर बचाउने सान्त्वना मात्र दिएनन् काठमाडौंस्थित अमेरिकी पिस कर्पको केन्द्रीय अफिसमा आ.वा. पठाएर हेलिकप्टर मगाएको कुरा प्रधान सम्झन्छन् । जीमकै सहयोगमा शान्तभवन अस्पताल, सानेपामा आन्द्राको अप्रेसन गरेपछि आफूले पुनर्जीवन पाएको अमरले स्मरण गरेका छन् । (शोधनायकसँगको अन्तर्वाता र संस्मरण, जीम तिमी कहाँ छौ)

### २.१.१० आर्थिक अवस्था

अमरकुमार प्रधानको पारिवारिक अवस्था आर्थिक रूपले मध्यम स्तरको पाइन्छ । हजुरबुबा र पिता पनि जागिरे साथै पैत्रिक सम्पत्ति दोलखाको नक्छे टोलमा २०/२५ रोपनी चानचुन पाखाबारी र एउटा घर रहेकाले आर्थिक अवस्था मध्यम स्तरीय रहेको हो । उनी पनि किशोरावस्थाबाटै आयआर्जनमा संलग्न रहेका र वि.सं. २०४० सालबाट नेपाल सरकारको नोकरीमा लोकसेवा आयोगबाट सिफारिस भई अधिकृत हुँदै उपसचिवमा पदोन्नति भएर हाल सेवानिवृत्त भएका र सोही बीचमा विभिन्न क्याम्पसमा प्राध्यापन समेत गरे । ६२ वर्षे उमेरमा पनि युवावस्थाको जोश जाँगर भएका प्रधान हाल बालसंसार प्रा.लि.मा कार्यकारी निर्देशकको रूपमा रहेका छन् । यसरी हेर्दा उनी साथै पत्नी पनि जागिरे भएकोले उनको आर्थिक अवस्था मजबुत नै रहेको मान्न सकिन्छ । (शोधनायकसँगको अन्तर्वाता)

### २.१.११ मातृशोक र पितृशोक

अमरकुमार प्रधानलाई २०४९ सालमा मातृशोक पर्‍यो । २०६७ सालमा पितृशोक पनि पर्‍यो । उनलाई ममताको वियोगमा शोकाकुल तुल्यायो । तैपनि मानव जीवनमा घटेका यी वियोग र विपतका घटनालाई उनले नियति चक्रका प्रहार सम्झेर चित्त बुझाए । (शोधनायकसँगको अन्तर्वाता)

### २.१.१२ भ्रमण

कुनै पनि काम विशेषले अर्थात् अध्ययन अनुसन्धान वा मनोरञ्जनका निम्ति स्वदेश तथा विदेशका कुनै पनि भागको व्यक्तिगत तथा संस्थागत रूपमा घुमफिर गर्ने कामलाई भ्रमण भनिन्छ' (पौडेल, २०६७) । अमरकुमार प्रधानले पनि संस्थागत तथा व्यक्तिगत रूपमा स्वदेश तथा विदेशको भ्रमण गरेको पाइन्छ । प्रधान स्वदेश भ्रमणका सम्बन्धमा देशका विभिन्न विकट भूभागसम्म पुगेका छन् । विभिन्न कार्यक्रम, सेमिनारमा भाग लिने सन्दर्भमा तथा पेशाको सिलसिलामा नेपालको सुर्खेत, नेपालगञ्ज, विराटनगर लगायत ५४ जिल्लाका गाउँ तथा शहरहरू, भारतको सीमावर्ती क्षेत्रहरू तथा चीन, हङकङ, जापान, थाइल्याण्ड, मलेसिया र सिंगापुर आदि देशहरूको भ्रमण गरिसकेका छन् (शोधनायकसँगको अन्तर्वार्ता) ।

### २.१.१३ प्रकाशित तथा सम्पादित कृतिहरू

अमरकुमार प्रधानको पहिलो प्रकाशित कथा 'चित्र बुद्धको' (**आँखा**, २०२६) हो । उनका हालसम्म प्रकाशित कृतिहरूको विवरण तल उल्लेख गरिएको छ :

**त्रिविध** (कथा सङ्ग्रह, सहलेखन), २०४४

**शान्ति : कान्ति** (कथा सङ्ग्रह), २०५७

**अमरका कथाहरू** (कथा सङ्ग्रह), २०६९

**बालसाहित्यतर्फ :**

**अनौठो कलम** (बालकथा, सहलेखन), २०६८

**कस्तो राम्रो चङ्गा** (बालकथा), २०७०

**मेरो भकुण्डो**, २०७१

**सम्पादन :**

साँग्रिला, आँखा, हलचल, जिज्ञासा, द्वाल्खा गुठी स्मारिका, भीमेश्वर मन्दिर जीर्णोद्धार स्मारिका, लायन्स क्लब दोलखा स्मारिका, भीम उमावि रजत जयन्ती स्मारिका, जाम्बवती मास्के स्मृति, हाम्रा लोककथा (बाललोककथा सङ्ग्रह), २०६६ आदि ।

**मञ्चित नाटक :**

'बसाइँ' उपन्यासको नाट्य रूपान्तरण

कृष्ण-सुदामा परिवर्तित मान्यताहरू

**फुटकर :**

गोरखापत्र, मधुपर्क, जुनेली, साँग्रिला, आँखा, सासंक, चिमाल, सुनकोसी, कान्तिपुर, तन्नेरी, धरातल, जनमत, दायित्त्व, आदि विभिन्न पत्रपत्रिकामा समालोचना, संस्मरण, नियात्रा, कविता प्रकाशित । (अमरका कथाहरू)

**प्रकाशित तथा सम्पादित कृतिहरूलाई तालिकामा प्रष्ट पारिएको छ :**

| **शीर्षक** | **विधा** | **प्रकाशन** |
|---|---|---|
| त्रिविध | क.स., सहलेखन | २०४४, सांग्रिला प्रकाशन |
| शान्ति : कान्ति | क.स. | २०५७, दोभान प्रकाशन |
| अमरका कथाहरू | क.स. | २०६९, दोलखा स्रष्टा समाज |
| अनौठो कलम | बालकथा, सहलेखन | २०६८, बालसंसार प्रा.लि. |
| मेरो भकुण्डो | बालकथा | २०७१, कालसंसार प्रा.लि. |
| कस्तो राम्रो चङ्गा | बालकथा | २०७०, बालसंसार प्रा.लि. |
| सामयिक सुन्दरी | कविता | २०३७, ग्राम निर्माण बन्धु क्लब |
| नूनको सोभ्को | कविता | २०३७, ग्राम निर्माण बन्धु क्लब |
| जीः चम्पूजा | कविता | २०५५, चिमाल, वर्ष १८, अङ्क १० |
| साथी | कविता | २०६४, चैतन्य ज्योति, पूर्णाङ्क १५ |
| किताबको नियति | कविता | २०७१, उर्वरा द्वैमासिक, असोज-कार्तिक |
| शिकार | कविता | २०५७, कविता क्यालेन्डर |
| कृष्णप्रसाद पराजुली निबन्धकारको रूपमा | समालोचना | २०४६, कृष्णप्रसाद पराजुली आस्थाका आयाम, व्यथा प्रकाशन |
| ऐतिहासिक उपन्यास 'वसन्ती' | समालोचना | २०३७, जुनेली, वर्ष ६, अङ्क ४ |
| सेतो बाघ | समालोचना | २०४७, आँखा, अङ्क १० |

| | | |
|---|---|---|
| महाकवि लक्ष्मीप्रसाद देवकोटा | समालोचना | २०३९, मधुपर्क, वर्ष १५, अङ्क ६ |
| युवककवि मोतिराम | समालोचना | २०३९, मधुपर्क, वर्ष १५, अङ्क ४ |
| गोविन्दप्रसाद कुसुमका कविताहरू : एक चर्चा | समालोचना | २०६९, तन्नेरी प्रकाशन |
| स्वप्नलोकका पदचाप छिचोल्दै | समालोचना | २०६७, सासंक, वर्ष ४, पूर्णाङ्क ३ |
| कवि माधव घिमिरे र राष्ट्रनिर्माता खण्डकाव्य | समालोचना | २०६०, तन्नेरी, वर्ष १५, अङ्क १ |
| हिमश्रृङ्खला : एक दृष्टि | समालोचना | २०३५, हिमाल पुकार प्रकाशन |
| प्रेमको स्मारक हेरेपछि | समालोचना | २०३४, जुनेली प्रकाशन |
| शिलान्यास नाटकको संक्षिप्त चर्चा | समालोचना | २०६९, तन्नेरी, वर्ष ३४, अङ्क १ |
| मोहन दुवालको मानवीय संवेदनाहरू | समालोचना | २०५८, मोहन दुवाल, ज्ञानगुन प्रकाशन |
| देवकोटाका केही कविताहरू | समालोचना | २०५२, स्मारिका |
| आगत : एक सिंहावलोकन | समालोचना | २०३३, गोरखापत्र असोज |
| भानुभक्त | समालोचना | २०३८, गोरखापत्र, असार |
| समका नाटकहरू : संक्षिप्त पर्यावलोकन | समालोचना | २०३८, मधुपर्क |
| मोतिराम : व्यक्तित्त्व र कृतित्त्व | समालोचना | २०३८, मधुपर्क, वर्ष १४, अङ्क ४ |
| माया खोवी : एक चर्चा | समालोचना | २०६८, दोलखा डट कम |
| उत्सव मनाउने तयारीको सेरोफेरोमा | समालोचना | २०६२, तन्नेरी, वर्ष २७, अङ्क २ |
| सुवसेनका प्रवृत्तिहरू | समालोचना | २०६७, सुवसेन, कुल्सी |
| चक्रपाणि चालिसे : नेपाली गद्यशिरोमणि | समालोचना | २०५१, सुनकोशी, पूर्णाङ्क १ |
| तेजप्रकाशका दुई कथा एक पात्र | समालोचना | २०६१ |
| सुनौली र रमेश विकल | समालोचना | २०३३, जुनेली प्रकाशन |
| भैरव अर्यालको निधनमा | संस्मरण | २०३७, भैरव स्मृति |
| ठूलो नहुनू, असल हुनू | संस्मरण | २०३९, चक्षु, विश्वेश्वर प्रसाद कोइराला विशेषाङ्क |
| पारिलो घाम, वरण्डा र नारायणबहादुर | संस्मरण | २०४५, सांग्रिला, पूर्णाङ्क १९ |

| | | |
|---|---|---|
| मदन मदन नै हुन् | संस्मरण | २०४७, आँखा, पूर्णाङ्क १० |
| धनबज्र बज्राचार्य र दोलखाको इतिहास | संस्मरण | २०५१, चिमाल पत्रिका |
| क्यारोल : गुप्त भाषाकी अन्वेषिका | संस्मरण | २०५३, स्मारिका, द्वाल्खा गुठी |
| तामाकोशीको ठिटो कर्णालीमा | संस्मरण | २०५६, सगरमाथा प्रकाशन |
| लामादाइ ! फेरि कहिले पिउने | संस्मरण | २०४९, सांग्रिला प्रकाशन |
| सम्झनाका लहरमा श्री ५ वीरेन्द्र | संस्मरण | २०५८, दोभान प्रकाशन |
| जिम ! तिमी कहाँ छौ? | संस्मरण | २०६०, आँखा, अङ्क १४ |
| जनताका मनमोहन : कथाको मोहन अङ्कल | संस्मरण | २०५७, दोभान, वर्ष १, अङ्क १ |
| सम्झना चिदिकाको : श्रद्धाञ्जलि पद्मचन श्रेष्ठप्रति | संस्मरण | २०६२, आँखा, अङ्क १५ |
| आमा : रोगदेखि अन्त्यसम्म | संस्मरण | २०५६, जनमत प्रकाशन |
| दोलखामा रामबहादुरदेखि कवितारामसम्म | संस्मरण | २०६१, दोभान |
| जाम्ववती सानिमादेखि ममीसम्म | संस्मरण | २०६६ |
| बाबा (रमेश विकल)सँग लुम्बिनीदेखि दोलखासम्म | संस्मरण | २०६९, रमेश विकल साहित्य प्रतिष्ठान आरुबारी |
| सम्झनामा श्रद्धेय भीमदाइ | संस्मरण | २०७२, आँखा, वर्ष ४६, अङ्क १९ |
| औंशीको जून | संस्मरण | २०७०, दायित्त्व, वर्ष २७, अङ्क ८३ |
| शान्तिक्षेत्र नेपालको शान्तिकेन्द्र : लुम्बिनी | नियात्रा | २०३३, जुनेली प्रकाशन |
| जापानमा दोलखा | नियात्रा | २०६२, फ्रि नेपाल डट कम |
| कालिञ्चोकमा केवलकार बनिदिए | नियात्रा | २०६१, मधुपर्क, वर्ष ३७, अङ्क ११ |
| फुकुदा पार्क घुमेपछि | नियात्रा | २०६०, राजधानी दैनिक |
| विराट दरबार कहाँ छ ? | नियात्रा | २०६१, आराधना, वर्ष ५३, अङ्क ६ |
| निर्वाचनदेखि रुप्से छहरासम्म | नियात्रा | २०६५, सासंक प्रकाशन |
| मेरो सुर्खेत यात्रा | नियात्रा | २०६७, स्मारिका, सुर्खेत समाज |
| फुपूको गाउँमा | नियात्रा | २०७०, जनमत, वर्ष ३१, अङ्क २ |

| | | |
|---|---|---|
| नेपाली गाउँमा जापानी खाना | नियात्रा | २०६८, दायित्त्व, वर्ष २५, पूर्णाङ्क ७५ |
| चितवनको जङ्गलमा | नियात्रा | २०६९, शब्दाङ्कुर, वर्ष १२, अङ्क १ |
| बुद्ध नेपालमा जन्मेका हुन् | नियात्रा | २०७०, श्रृङ्खला, वर्ष ३७, अङ्क २ |
| मामाले पढाएको स्कुल पुग्दा | नियात्रा | २०७१, शब्दाङ्कुर, वर्ष १४, अङ्क १ |
| त्रिभुवन र प्रजातन्त्र | प्रबन्ध | २०३४, जुनेली प्रकाशन |
| कलाकार वीरेन्द्र र नेपाली कलासाहित्य | प्रबन्ध | २०४१, साझा प्रकाशन |
| चाँदीको मोहर चलाउने राजा इन्द्रसिंह देव | प्रबन्ध | २०३९, दोलखा विकास मञ्च |
| दोलखाली बालजीवनका केही स्वरहरू | प्रबन्ध | २०३९, गोरखापत्र |
| त्रिपुरासुन्दरी मन्दिर : सुरक्षा र संरक्षणको खोजीमा | प्रबन्ध | २०४६, द्वाल्खा गुठी स्मारिका |
| जनश्रुति ढुङ्गामा देवताहरू | प्रबन्ध | २०४९, चिमाल, पूर्णाङ्क ५ |
| दोलखामा नेपाल संवत र भाषा | प्रबन्ध | २०५६, कामना प्रकाशन |
| सुनखानीको पहिरो र हाम्रो भविष्य | प्रबन्ध | २०५३, दोलखा सेवा समाज |
| दोलखाको सम्पदा : सुरक्षा र समस्या | प्रबन्ध | २०५९, दोलखाली पत्रकार समाज |
| दोलखाको नाटेश्वर | प्रबन्ध | २०६२, दोलखा डट कम |
| दोलखाका बौद्ध चैत्यहरू | प्रबन्ध | २०७० |
| दोलखाको मच्छिन्द्रनाथको जात्रा | प्रबन्ध | २०७१ |

**प्रधानले सम्पादन गरेका प्रमुख पत्रपत्रिकाहरू :**

| **शीर्षक** | **प्रकाशन मिति** |
|---|---|
| सांग्रिला मासिक | २०४४ |
| आँखा | २०२६ |
| द्वाल्खा गुठी स्मारिका | २०५८ |
| भीमेश्वर जीर्णोद्धार स्मारिका | २०६३ |
| भीम उच्च मावि स्वर्ण महोत्सव स्मारिका | २०५८ |
| जाम्ववती मास्के स्मृति | २०६६ |
| हाम्रा लोककथा | २०६६ |
| तन्नेरी | २०६० |
| जनमत | २०६८ |

### २.१.१४ सामाजिक तथा साहित्यिक गतिविधिमा संलग्नता

अमरकुमार प्रधानले विभिन्न सामाजिक तथा साहित्यिक संस्थासँग आवद्ध भई काम गरेको पाइन्छ । उनी वि.सं. २०४५ सालमा स्थापित नेपाल बालसाहित्य समाजको कार्यसमिति सदस्य भई हालसम्म आबद्ध, सुनकोशी साहित्य प्रतिष्ठानका आजीवन सदस्य, नेपाल भाषा एकेडेमीको कार्यसमितिका सदस्य, जनमत मासिक पत्रिकाका आजीवन सदस्यको रूपमा संलग्न छन् ।

अमर वि.सं. २०३३ सालमा कालिञ्चोक युवा क्लबको सहसचिव भई क्रमशः महासचिव र अध्यक्ष हुँदै २०४८ सालसम्म सेवारत रहे । वि.सं. २०४९ सालमा द्वाल्खा गुठीको महासचिव र पछि उपाध्यक्ष भई हाल पुनः महासचिव छन् । लायन्स क्लब अफ दोलखामा पी.आर.ओ.देखि प्रथम उपाध्यक्ष सम्म भई कार्य गरे । उनी नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य तथा दोलखा शाखाका पूर्वसचिव समेत भएका थिए । (अमरका कथाहरू र शोधनायकसँगको अन्तर्वार्ता)

## २.२ निष्कर्ष

वि.सं. २०११ मंसिर १७ गते दोलखा जिल्लाको भीमेश्वर नगरपालिका वडा नं. २ नक्छे टोलमा पिता कमलप्रसाद प्रधान र माता सुवर्णलक्ष्मी प्रधानका ज्येष्ठ सुपुत्रका रूपमा जन्म लिएका अमरकुमार प्रधानको पिताको जागिरको सिलसिलामा सरुवा भइरहने हुनाले पिता सँगसँगै बाल्यकाल विभिन्न स्थानमा बित्यो । बुबाआमाको रेखदेखमा सुखपूर्वक बाल्यकाल बिताएका अमरकुमार सानैदेखि तीक्ष्ण बुद्धि र जिज्ञाशु स्वभावका थिए । पिताको एक्लो आम्दानीले परिवाको खर्च र अन्य भैपरी आउने खर्च धान्न मुश्किल परेकाले अमरकुमारले युवावस्थादेखि नै आयआर्जनको काम गर्नुपऱ्यो । २०२५ सालमा भीम पब्लिक हाइस्कुलबाट एसएलसी दिएलगत्तै उनले त्यहीँको शिक्षकको रूपमा र पछि क्रमशः अन्यत्र कार्य गर्दै निजामती सेवामा शाखा अधिकृतबाट प्रवेश गरे ।

सादा जीवन, उच्च विचारलाई अवलम्बन गर्ने प्रधानको रुचि साहित्य साधनामा नै बढी भएको पाइन्छ । बुबा र आमाले सुनाउने गरेको कथा सुनेर कथालेखनप्रति आकर्षित भएका प्रधानमा पत्रपत्रिकामा नाम छपाउने रहर तथा गुरु मेघराज कोइराला र रामबहादुर (कविताराम) श्रेष्ठबाट साहित्यसाधनामा लाग्ने प्रेरणा प्राप्त भएको हो । बाल्यकालदेखि देखेका, अनुभव गरेका, आफ्नो टोल, समाज, राष्ट्रको विकृति, थिचोमिचो, राजनीतिक विसङ्गति र विश्रृङ्खलताको कारण उनी साहित्यलेखन क्षेत्रमा लाग्न प्रेरणा मिलेको बताउँछन् । उनको साहितियक योगदान साथै सामाजिक सेवाको कदर गर्दै उनले विभिन्न क्षेत्रबाट पुरस्कार, मानसम्मान प्राप्त गरेका छन् । साहित्यका विविध क्षेत्र र सामाजिक क्षेत्रमा समेत निरन्तर क्रियाशील प्रधानले कथालेखनलाई मूल विधा बनाउँदै कलम चलाइरहेका छन् ।

# परिच्छेद - तीन

# अमरकुमार प्रधानको व्यक्तित्त्व

## ३.१ अमरकुमार प्रधानको व्यक्तित्त्व

अमरकुमार प्रधान बहुआयामिक व्यक्तित्त्वका धनी हुन् । कुनै पनि व्यक्तिले जीवनमा विभिन्न क्रियाकलापहरू गरेको हुन्छ । उसका ती कार्यहरू, बानी व्यवहार नै उसको व्यक्तित्त्व निर्माणका मुख्य आधारहरू हुन् । उसको व्यक्तित्त्व निर्माणमा पारिवारिक, आर्थिक, सामाजिक आदि परिवेशले समेत महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । व्यक्तिका आआफ्नै प्रतिभाहरू हुन्छन् । तिनै प्रतिभासँग सम्बन्धित भएर पनि उसको व्यक्तित्त्वलाई वर्गीकरण गर्न सकिन्छ । प्रधानको बहुआयामिक व्यक्तित्त्वका विविध पक्षलाई निम्नानुसार अलग-अलग शीर्षकमा हेर्न सकिन्छ :

### ३.१.१ साहित्यिक व्यक्तित्त्व

सामान्यतया कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्त्व पत्ता लगाउन उसका साहित्यिक कृतिहरूको अध्ययन गर्नुपर्ने हुन्छ । कविता, कथा, उपन्यास, नाटक र निबन्ध आदि भाषाका विविध विधागत योगदानबाट नै साहित्यिक व्यक्तित्त्व प्रकट हुन्छ । अमरकुमार प्रधानको साहित्यिक व्यक्तित्त्वलाई पनि उनका प्रकाशित कृतिहरूको विधागत सापेक्षताका आधारमा छुट्ट्याउनु पर्ने हुन्छ ।

वि.सं. २०२६ सालमा १५ वर्षको उमेरमै 'चित्र बुद्धको' कथाबाट औपचारिक रूपमा साहित्यिक क्षेत्रमा झुल्किएका हुन् अमर । उनको साहित्यिक यात्रामा कथा, कविता, नाटक, निबन्ध, उपन्यास आदि विधामा ठूलो योगदान छ ।

साहित्यिक व्यक्तित्त्वलाई स्रष्टा व्यक्तित्त्व र द्रष्टा व्यक्तित्त्व गरी दुई भागमा देखाउन सकिन्छ :

### ३.१.१.१ स्रष्टा व्यक्तित्व

स्रष्टाभित्र सिर्जना गरिएका साहित्यिक विधाहरू पर्छन् । विगत झण्डै पाँच दशकदेखि साहित्य सिर्जनामा सक्रिय रहेका अमरको स्रष्टा व्यक्तित्वलाई उनीद्वारा सिर्जित विविध विधाहरूको आलोकमा यसरी औँल्याउन सकिन्छ :

**कथाकार व्यक्तित्व**

अमरकुमार प्रधान नेपाली साहित्यको कथा विधामा आधुनिक कथाको समसामयिक कथाकारका रूपमा चिनिन्छन् । प्रधानको कथालेखन वि.सं. २०२६ सालमा **आँखा** पत्रिकामा प्रकाशित 'चित्र बुद्धको' कथासँगै भएको देखिन्छ । हालसम्म उका तीनओटा कथासङ्ग्रह प्रकाशित छन् : **त्रिविध** (कथासङ्ग्रह, संयुक्त, २०४४), **शान्तिःकान्ति** (कथासङ्ग्रह, २०५७), अमरका कथाहरू (कथासङ्ग्रह, २०६९) । यसका अतिरिक्त उनका हाम्रा लोककथा (सङ्कलन/सम्पादन, २०६६), **अनौठो कलम** (सहलेखन, २०६८), **मेरो भकुण्डो** (२०७१), **कस्तो राम्रो चङ्गा** (२०७०), एक दर्जनभन्दा बढी कथाहरू फुटकर रूपमा **मधुपर्क, गोरखापत्र, नयाँ युग, सांग्रिला, कान्तिपुर, सुनकोशी, नवविचार** जस्ता विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उनका कथामा समाजमा भएका दुःख, पीडा र समस्याले सताएका चरित्रहरूको मार्मिक प्रस्तुति पाइन्छ । खास गरेर सामाजिक व्यक्ति जीवनका मानसिक एवम् शारीरिक तथ्य र सत्यका मर्महरू खोतलेर अन्तरकुन्तरका अनुभूति साथ सरल, सहज र संक्षिप्त रूपमा कथा कथ्न सक्ने प्रधान सामाजिक यथार्थवादी कथाकार हुन् । किंवदन्ती, लोकाख्यान, राजनीति, धर्म, प्रेम तथा यौन अमरका कथाका आधारहरू हुन् । (चालिसे, विजय तथा श्रेष्ठ, तेजप्रकाश २०६९, भूमिका)

**कवि व्यक्तित्व**

अमरकुमार प्रधानले 'सामयिक सुन्दरी' र 'नूनको सोझो' नामक दुई टुक्रा कविता लेखेर कविता क्षेत्रमा हात हालेका हुन् । उनको यो कविता वि.सं. २०३७ मा बन्धु पुस्तकालयबाट प्रकाशित **बन्धु संगम** पत्रिकामा प्रकाशित भएको थियो । अरू कविताहरूमा 'जीः चम्पूजा' (**चिमाल पत्रिका** २०५५), 'शिकार' (कविता क्यालेन्डर २०५७), 'साथी' (कविता क्यालेन्डर २०५७), 'किताबको नियति' (२०७१) हुन् । कविता सङ्ग्रह नै प्रकाशित नगरे पनि थोरै फुटकर कवितामा आफ्नो प्रशिद्धी हासिल

गर्न सफल भएका छन् । उनका कविताहरूमा समाजसुधार, परिवर्तन र जागरणका स्वरहरू, समाजको शोषणप्रतिको विद्रोहको स्वर पाउन सकिन्छ । 'चम्पुजा' कवितामा नेवारी पूरातात्त्विक विषयको र स्थानको परिचय र पहिचान गर्न खोजिएको छ ।

### बालसाहित्यकार व्यक्तित्त्व

बालअवस्थाबाटै साहित्यक्षेत्रमा लागेपनि अमरले प्रौढावस्थाबाट मात्र बालसाहित्यिक पुस्तक लेखकका रूपमा आफूलाई प्रस्तुत गरेका छन् । यिनको हालसम्म **अनौठो कलम** (२०६८), **कस्तो राम्रो चङ्गा** (२०७०), **मेरो भकुण्डो** (२०७१) रहेका छन् । यिनले द्वाल्खा भाषामा लेखेको 'राजकुमारी गुने' पनि बालसाहित्य नै हो । यीबाहेक 'चरी झैँ उडेको', 'काका काग', 'खै मेरो घर ?', 'भोलाको झोला', 'घुम्न गयो मेरो भाइ' र 'हाम्रा बाल लोककथा' जस्ता बालसाहित्यिक कृतिहरूको सम्पादन गरेका अमर बालसंसार प्रा.लि.सँग सम्बद्ध रहेका छन् । बालसाहित्य खाली उपदेशात्मक नभई बालभावना र बालमनोविज्ञानसँग मेल खाने सरल र सरस अभिव्यक्ति हुनुपर्ने धारणा राख्दछन् ।

### नियात्राकार व्यक्तित्त्व

अमरकुमार प्रधानले आफ्नो जीवनकालमा जागिरको दौरान र अन्य प्रसङ्गमा देशविदेशका भ्रमण गरेका क्षेत्रहरूका भौगोलिक, सामाजिक, सांस्कृतिक वैभवलाई पाठक समक्ष रोचक किसिमबाट पस्केका छन् । वि.सं. २०३३ मा जुनेली पत्रिकामा प्रकाशित 'शान्तिक्षेत्र नेपालको शान्तिकेन्द्र लुम्बिनी' बाट नियात्रा विधामा औपचारिक प्रवेश गरेका अमरका यसपछि 'जापानमा दोलखा' (२०५४), 'महाकालीपारिका गाउँहरू' (२०५६), 'फुकदा पार्क घुमेपछि' (२०६०), 'कालिञ्चोकमा केवलकार' (२०६१), 'विराट दरबार कहाँ छ ?' (२०६१), 'निर्वाचनदेखि रुप्से छहरासम्म' (२०६५), 'मेरो सुर्खेत यात्रा' (२०६७), 'नेपाली गाउँमा जापानी खाना' (२०६९), 'चितवनको जङ्गलमा' (२०६९), 'फूपुको गाउँमा' (२०७०), 'बुद्ध नेपालमा जन्मेका हुन्' (२०७०) समेत एक दर्जन भन्दा बढी नियात्राहरू प्रकाशित छन् ।

जापान भ्रमणका क्रममा त्यहाँ धेरै दोलखाका मानिसको बसोबास र संस्कार, संस्कृति रहेको पाएर उनले जापानमा दोलखाबासीको स्थितिलाई देखाउन 'जापानमा दोलखा' नियात्रा लेखे । यिनको नियात्राकारिताको प्रभाव कथाकारितामा पनि परेको देखिन्छ ।

यात्रावर्णनसँगै सम्बन्धित क्षेत्रको वर्तमानसँगै ऐतिहासिक तथ्यलाई नबुझिने तरिकाले आफ्ना नियात्रामा प्रवेश गराउन यिनी सिपालु देखिन्छन् । यसरी फुटकर रूपमै भए पनि अमरका नियात्राले नेपाली नियात्रा विधालाई नवीन शैलीसहित अघि बढ्न मद्दत गरेको देखिन्छ ।

**नाटककार व्यक्तित्त्व**

अमरकुमार प्रधानले लीलबहादुर क्षेत्रीद्वारा लिखित 'बसाइँ' उपन्यासलाई नाटकीय रूपान्तरण गरेका छन् । जसलाई भीम पब्लिक हाईस्कुल दोलखामा २०४८ बैशाख २ गते अभिभावक दिवसको उपलक्ष्यमा मञ्चन गरिएको थियो । यसैगरी २०३२ सालमा 'कृष्ण-सुदामा', २०३८ मा 'विस्थापित मान्यताहरू' नाटक लेखी मञ्चन गराएका थिए ।

**प्रबन्धकार व्यक्तित्त्व**

बाल्यकालदेखि नै पुस्तकप्रति लगाव भएका अमरकुमार प्रधान जब भीम पुस्तकालयसँग आबद्ध भए तब अध्ययनशीलतालाई यिनले आफ्नो बानी नै बनाए । परिणामस्वरूप उनले थुप्रै विषयमा प्राप्त ज्ञानलाई परिचयात्मक प्रबन्ध लेखनद्वारा अभिव्यक्त गर्ने थलोको निर्माण गरे अनुरूप 'त्रिभुवन र प्रजातन्त्र' (२०३४) बाट यस क्षेत्रमा हात हालेको देखिन्छ । यसपछि उनका 'कलाकार वीरेन्द्र र नेपाली कलासाहित्य' (२०४१), जस्ता व्यक्तिको योगदानप्रधान प्रबन्ध मात्र नभई 'चाँदीको मोहर चलाउने राजा इन्द्रसिंह देव' (२०३९), 'दोलखाली बाल जीवनका केही स्वरहरू' (२०३९), 'त्रिपुरासुन्दरी मन्दिर : सुरक्षा र संरक्षणको खोजीमा' (२०४६), 'जनश्रुति ढुङ्गामा देवताहरूको' (२०४९), 'सुनखानीको पहिरो र हाम्रो भविष्य' (२०५३), 'दोलखामा नेपाल संवत् र भाषा' (२०५६), 'दोलखाका सम्पदा : सुरक्षा र समस्या' (२०५९), 'दोलखाको नाटेश्वर' (२०६२), 'दोलखाका बौद्ध चैत्यहरू' (२०७०), 'दोलखाको मच्छिन्द्रनाथको जात्रा' (२०७१) जस्ता परिचायत्मक लेखहरू प्रकाशित भएका छन् ।

**संस्मरणकार व्यक्तित्त्व**

अमरको कलम स्वदेशी तथा विदेशी जीवित या मृत व्यक्तिको योगदानका सन्दर्भमा बढी चल्ने गरेको पाइन्छ । उनका ‘भैरव अर्यालको निधनमा’ (२०३७) सँगै संस्मरण क्षेत्रमा झुल्किएका अमरका ‘ठूलो नहुनू असल हुनू’ (२०३९), ‘पारिलो घाम, बरण्डा र नारायणबहादुर’ (२०४५), ‘मदन मदन नै हुन्’ (२०४७), ‘लामा दाइ ! फेरि सँगै कहिले पिउने ?’ (२०४९), ‘धनबज्र बज्राचार्य र दोलखाको इतिहास’ (२०५१), ‘क्यारोल : गुप्त भाषाकी अन्वेषिका’ (२०५३), ‘तामाकोशीको ठिटो कर्णालीमा’ (२०५६), ‘जनतामा मनमोहन : कथाको मोहन अंकल’ (२०५६), ‘आमा : रोगदेखि अन्त्यसम्म’ (२०५६), ‘सम्झनाका लहरमा श्री ५ वीरेन्द्र’ (२०५८), ‘जिम ! तिमी कहाँ छौ ?’ (२०६०), ‘दोलखामा रामबहादुरदेखि कवितारामसम्म’ (२०६१), ‘सम्झना चिदिकाको : श्रद्धाञ्जलि पद्मचन श्रेष्ठप्रति’ (२०६२), ‘जाम्बवती सानिमादेखि मम्मीसम्म’ (२०६६), ‘बाबा (रमेश विकल) सँग लुम्बिनीदेखि दोलखासम्म’ (२०६९), ‘सम्झनामा श्रद्धेय भीम दाइ’ (२०७२) जस्ता संस्मरणहरू प्रकाशमा आएका छन् । उनी पाठकलाई आफूसँग राख्दै आफ्ना हरफहरूद्वारा उनीहरूलाई भावविव्हल तुल्याउन सफल देखिन्छन् । यसरी विविध क्षेत्रमा सक्रिय रहेका व्यक्तित्त्वको जीवनका प्रायः दुखद् पक्षको सम्झनामा लेखिएकोले अमरका संस्मरण प्रायः करुण रसले भरिएका पाइन्छन् ।

### ३.१.१.२ द्रष्टा व्यक्तित्त्व

द्रष्टा व्यक्तित्त्वभित्र समालोचना, समीक्षा, सम्पादन जस्ता कार्यहरू पर्दछन् । अमर विभिन्न विधामा कलम चलाउने सफल स्रष्टामात्र नभई साहित्यिक कृति एवम् कृतिकारका गुण, दोष पर्गेल्ने द्रष्टा पनि हुन् । समालोचना, भूमिका लेखन, सम्पादन जस्ता विविध क्षेत्रमा फैलिएका यिनको समीक्षक व्यक्तित्त्वलाई निम्न आधारमा प्रष्ट्याउने जमर्को गरिएको छ :

**समालोचक व्यक्तित्त्व**

अमरकुमार प्रधानले विभिन्न साहित्यकार र तिनका कृतिसम्बन्धी खोजमूलक समीक्षा गरेका छन् । उनले विभिन्न विधाका कृतिका अतिरिक्त विभिन्न साहित्यकारका प्रवृत्ति पनि केलाएका छन् । यस क्रममा भवानी भिक्षुको चर्चित उपन्यास ‘आगत’ को समीक्षा ‘आगत

एक सिंहावलोकन’ (२०३३) बाट अमरले यस क्षेत्रमा पाइला टेकेको देखिन्छ । यसपछि उनले ‘भानुभक्त’ (२०३८), ‘समका नाटकहरू : संक्षिप्त पर्यावलोकन’ (२०३८), ‘मोतीराम व्यक्तित्त्व र कृतित्त्व’ (२०३८), ‘युवाकवि मोतीराम’ (२०३९), ‘महाकवि लक्ष्मीप्रसाद देवकोटा’ (२०३९), ‘विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक व्यक्तित्त्व’ (२०३९), ‘कृष्णप्रसाद पराजुली निबन्धकारका रूपमा’ (२०४६), ‘चक्रपाणि चालिसे नेपाली गद्य शिरोमणि’ (२०५१), ‘देवकोटाका केही कविताहरू’ (२०५२), ‘गोठालेका कथा’ (२०६१), ‘तेजप्रकाशका दुई कथा एक पात्र’ (२०६१), ‘सुवसेनका औपन्यासिक प्रवृत्तिहरू’ (२०६७), ‘गोविन्द कुसुमका कविताहरू’ (२०६९), ‘आख्यान पुरुष रमेश विकल’ (२०७०) जस्ता समालेचनात्मक लेखहरूबाट विभिन्न विधाका साहित्यकारहरूको जीवनी र प्रवृत्तिहरू केलाएका छन् । यसका साथै उनका ‘मोहन कोइराला’ (२०४०), ‘कृष्णप्रकाश श्रेष्ठ’ (२०४२/२०६२) जस्ता भेटवार्ता प्रकाशित छन् ।

समालोचक अमर साहित्यिक कृतिका गुण दोष पहिल्याउन पनि खप्पिस छन् । प्रधानको ‘शिलान्यास नाटकको संक्षिप्त चर्चा’ **आँखा** पूर्णाङ्क ७, २०४४ का.यु.क्लब दोलखाबाट प्रकाशित भएको छ । ‘सगरमाथामा तेञ्जिङलाई नियाल्दा’ शीर्षकमा स्मारिका दोस्रो २०३९ कुलेश्वर क्लब काठमाडौंबाट प्रकाशित छ । ‘ऐतिहासिक उपन्यास वसन्ती’ शीर्षकमा वर्ष ६ अङ्क ४ जुनेली प्रकाशन २०३७ काठमाडौंबाट प्रकाशित छ । डायमन शमशेरको सेतो बाघ उपन्यासको जुनेली वर्ष ७ अङ्क ५ जुनेली प्रकाशन काठमाडौं । पुनः मुद्रण २०३८ । साथै आँखा पूर्णाङ्क १०, ०४४ कालिञ्चोक युवा क्लब दोलखाबाट प्रकाशित भयो। जनमत दोलखा र अनुपाको अंकुर साहित्यिक विशेषाङ्क २०५७ मा तामाकोशीको ठिटो कर्णालीमा सगरमाथा टाइम्स २०५६ बाट प्रकाशित छ । त्यस्तै गरी ‘सुनौली र रमेश विकल’ (२०३३), ‘प्रेमको स्मारक हेरेपछि’ (२०३४), ‘हिम श्रृङ्खला : एक दृष्टि’ (२०३५), ‘उत्सव मनाउने तयारीको सेरोफेरोमा’ (२०५२) आदि प्रकाशित छन् ।

अमर विधागत सैद्धान्तिक समीक्षा गर्न पनि अग्रसर देखिएका छन् । ‘नेपाली गीत र गीतकारहरू’ (२०४०), ‘नेपाली निबन्धको विकासक्रम’ (२०४३), ‘लेख्य दोलखाली भाषाको विकासक्रममा माँयैं खोबी’ (२०६७) आदि यसका उदाहरण हुन् । समग्रमा अमर जीवनपरक, कृतिपरक तथा सिद्धान्तपरक समालोचकका रूपमा देखिएका छन् ।

**सम्पादक व्यक्तित्त्व**

बहुमुखी प्रतिभाका धनी प्रधान पन्ध्र वर्षको किशोरावस्थाबाटै **आँखा** पत्रिकाका सम्पादकहरूमध्ये एक बनी यस क्षेत्रमा होमिएको पाइन्छ । यसपछि २०४१ सालदेखि यसै पत्रिकाको विभिन्न अङ्कहरूको प्रधान सम्पादक भई सम्पादन गरेका छन् । प्रधानले विभिन्न साहित्यिक एवम् गैरसाहित्यिक पत्रपत्रिका, पुस्तक आदिको सम्पादन गरेका छन् । **सांग्रिला**, **हलचाल**, **जिज्ञासा** जस्ता साहित्यिक पत्रिकाको सम्पादन गरी आफ्नो सम्पादकीय व्यक्तित्त्वलाई उजिल्याएका अमरले २०४९ र २०५३ सालमा प्रकाशित **द्वाल्खा गुठी स्मारिका**को सम्पादन पनि गरेका छन् । हालसम्म उनले बालसाहित्य, लोकसाहित्य, विभिन्न क्लब, संस्थानका स्मारिकाको सम्पादन समेत गरेका छन् । विभिन्न साहित्यिक पत्रिकाको सम्पादन गरी नेपाली साहित्यिक पत्रिकाको विकासमा योगदान गर्ने प्रधानको सम्पादक व्यक्तित्त्व पहिचान गरिएको छ ।

**भूमिका लेखक व्यक्तित्त्व**

साहित्यिक एवम् सांस्कृतिक कृतिहरूको भूमिका लेखनबाट अमरले आफ्नो द्रष्टा व्यक्तित्त्वलाई उजिल्याएको देखिन्छ । यस क्रममा यज्ञबहादुर प्रधानद्वारा लिखित ‘दोलखाको सांस्कृतिक सम्पदा’ (२०६१) का साथै विजय चालिसेद्वारा लिखित ‘अग्निचक्र’ (२०६२), प्रेम सायमीद्वारा द्वाल्खा भाषामा लिखित ‘द्वाल्खा भाय खँपु मुना’ (२०३९), तेजप्रकाश श्रेष्ठको ‘मात्र कवितामा बोल्छु’ (२०६६), सोमकृष्ण श्रेष्ठको द्वाल्खा भाषामा लिखित ‘मायैं खोबी’ (२०६७), बाबुराजा बुढाथोकी लिखित ‘यथार्थ’ (२०६९) जस्ता कृतिहरूको भूमिका लेखेका छन् । भूमिका लेख्दा सिङ्गो विधागत परम्परामा सम्बन्धित कृतिको स्थान निर्धारण गर्न सक्षम रहेका छन् ।

**३.१.२ साहित्येतर व्यक्तित्त्व**

साहित्यभन्दा फरक क्षेत्रमा विभिन्न कार्यको निर्वाहले साहित्येतर व्यक्तित्त्व निर्माण हुन जान्छ । समाजसेवा, अध्ययन, पत्रकारिता, अनुसन्धान आदि साहित्येतर व्यक्तित्त्व निर्माणका आधार हुन् । अमरकुमार प्रधानले साहित्यमा जति योगदान पुऱ्याएका छन् त्यति नै साहित्येतर क्षेत्रमा पनि उनको योगदान देख्न सकिन्छ । साहित्यभन्दा फरक जुनसुकै क्षेत्रमा गरिएको कार्यले साहित्येतर क्षेत्रलाई बुझाउँछ । राजनीति, समाज, धर्म, व्यक्तिगत

कार्य आदि क्षेत्रमा गरिने कार्यमार्फत् साहित्येतर व्यक्तित्त्व निर्माण हुन्छ । अमरकुमार प्रधानको साहित्येतर व्यक्तित्त्वको अध्ययन तल विभिन्न शीर्षकमा गरिएको छ ।

### अन्वेषक व्यक्तित्त्व

अमरकुमार प्रधान एक अन्वेषक पनि हुन् । उनको खोजमूलक प्रवृत्ति उनका विभिन्न साहित्यिक कृतिमा पाइन्छ । प्रधानद्वारा लिखित 'त्रिपुरासुन्दरीको मन्दिर : सुरक्षा र संरक्षणको खोजीमा' (२०४६) खोजमूलक कृति हो । त्यसैगरी 'दोलखाको ऐतिहासिक रूपरेखा' (**द्वाल्खा गुठी स्मारिका** १, २०४७) म 'श्री ५ बडामहाराजलाई आदिकवि भानुभक्तको विन्तिपत्र' (**नयाँ युग**, २०३५), 'सारंगीदेखि सांग्रिलासम्म' (२०४७), 'सुनखानीको पहिरो र हाम्रो भविष्य' (**दोलखा सेवा समाज**, २०५३) आदि उनका खोजमूलक कृतिमा पर्दछन् । 'चाँदीको मोहर चलाउने राजा ईन्द्रसिंह देव' (**चिमाल**, २०३९) मा दोलखाको ऐतिहासिक र पुरातात्त्विक महत्त्वको बोध गराइएको छ । 'दोलखाको नाटेश्वर' (**दोलखा डटकम**, २०६२), 'जनश्रुति ढुङ्गाका देवताहरूको' (**चिमाल**, २०४९) मा लोक परम्पराको विविध पक्षको चर्चा, दोलखाको नाटेश्वर देवता सम्बन्धी जानकारी र चर्चा गरिएको छ ।

अमरकुमार प्रधान लोकसांस्कृतिक व्यक्तित्त्व हुन् । धार्मिक, ऐतिहासिक, जातीय एवम् सांस्कृतिक आदि क्षेत्रका साथै पहाडी, हिमाली, तराई, जनजाती सबैको प्रतिनिधित्त्व हुने खालको लेखरचना भएकोले उनलाई एक अन्वेषक व्यक्तित्त्वको रूपमा चिन्न सकिन्छ ।

### पेशागत व्यक्तित्त्व

अमरकुमार प्रधानले साहित्यिक लेखनमात्र गरेनन्, आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित लेखहरू, कृतिहरूसमेत प्रकाशित गरेका छन् । यस किसिमको पेशागत विषयको लेखन उनले नेपालमा सार्वजनिक रहेका जल तथा ऊर्जा प्रकोप नियन्त्रण केन्द्रदेखि विभागसम्म दीगो विकास, जल उत्पन्न प्रकोप न्यूनीकरण सम्बन्धी तालिम, गोष्ठी बुलेटिन (सन् २००१/००२-२००४/००५) बाट गरेका हुन् । यी कृतिहरूबाट प्रधानको आफूसित सम्बन्धित पेशागत विषयको लेखक व्यक्तित्त्वको परिचय दिन सकिन्छ ।

## शिक्षक व्यक्तित्त्व

अमरकुमार प्रधान विद्यार्थी जीवनदेखि नै भीम पब्लिक हाइस्कुलका शिक्षक पनि हुन् । उनले वि.सं. २०२५ देखि २०३२ सम्म उक्त स्कुलमा अध्यापन गरे । २०४० श्रावणदेखि २०५२ सम्म रत्नज्योति बहुमुखी क्याम्पस, २०५६ देखि २०६५ सम्म आदर्श कन्या क्याम्पस ललितपुरमा प्राध्यापन कार्यमा कार्यरत रहेको पाइन्छ । सानै उमेरदेखि अध्ययन अध्यापनमा संलग्न प्रधानको पहिचानको एउटा पाटो शिक्षक व्यक्ति□व पनि हो ।

## निजामती व्यक्तित्त्व

अमरकुमार प्रधानले लोकसेवा आयोगको सिफारिसमा वि.सं. २०४० देखि शाखा अधिकृतको रूपमा सामान्य प्रशासन मन्त्रालयबाट निजामती जीवन शुरु गरे । २०४९ देखि २०५६ सम्म जल उत्पन्न प्रकोप नियन्त्रण प्राविधिक केन्द्रमा कार्यरत रही २०५६ मा उपसचिव पदमा पदोन्नति भई जल उत्पन्न प्रकोप नियन्त्रण विभागमा कार्यरत रहे । २०६१ मा सामान्य प्रशासन मन्त्रालयमा सरुवा भएलगत्तै पुनः जलस्रोत मन्त्रालयमा सरुवा भए । यसै क्रममा २०६८ मा सिंचाइ मन्त्रालयमा कार्यरत रहेकै अवस्थामा अनिवार्य सेवानिवृत्त भए । उनी एक कर्मठ, अनुशासित, राष्ट्रभक्त राष्ट्रसेवक व्यक्तित्त्व हुन् । उनलाई जागिरे जीवनमा सबैले मन पराउँथे । सधैँ सतर्क भई निस्वार्थ सेवामा समर्पित रहने प्रधान 'नबिराउनु नडराउनु' भन्ने आदर्शमा जहाँ पनि टिकेर काम गरेकै हुन्थे । उनको जागिरे व्यक्तित्त्व निष्कलङ्कित, इमानदार र प्रशंसनीय छ ।

## सामाजिक व्यक्तित्त्व

सामाजिक प्राणी भएका कारण मानिस समाजविना बाँच्न सक्दैन । मान्छेको समाजसँग सम्बन्ध नङ र मासुको जस्तै हुन्छ । समाजको विकास नै आफ्नो विकास सम्झने प्रधान विभिन्न सामाजिक संघसंस्थामा आबद्ध हुनुको साथै व्यक्तिगत प्रयासबाट समाज विकासमा कटिबद्ध रहेको कुरा उनको योगदानबाट पुष्टि हुन्छ । सामाजिक कार्यमा लाग्दा गर्व महशुस गर्ने प्रधानले सेवा पुऱ्याइसकेका तथा हाल कार्यरत संघसंस्था यसप्रकार छन् :

- कालिञ्चोक युवा क्लब (सहसचिव, २०३३)
- नेपाल बालसाहित्य समाज (कार्यसमिति सदस्य, २०४५)
- नेपाल भाषा एकेडेमी (कार्यसमिति सदस्य, २०४७)
- कालिञ्चोक युवा क्लब (महासचिव र अध्यक्ष, २०४८ देखि)
- द्वाल्खा गुठी (महासचिव र उपाध्यक्ष, २०४९ देखि)
- लायन्स क्लब अफ दोलखा (प्रथम उपाध्यक्ष, २०५०)
- सुनकोशी साहित्य प्रतिष्ठान (आजीवन सदस्य, २०६१)
- दोलखा पर्यटन विकास समिति (सदस्य)
- दोलखा स्रष्टा समाज (सल्लाहकार)
- भीम पुस्तकालय, दोलखा (संस्थापक सचिव)

**शारीरिक व्यक्तित्त्व**

व्यक्तिको शारीरिक व्यक्तित्त्व नै स्वरूप पहिचानको प्रमुख आधार हो । यसलाई बाहच व्यक्तित्त्व पनि भन्न सकिन्छ । बाहच व्यक्तित्त्व हेर्दा अमरकुमार प्रधान गहुँगोरो वर्णका, बाटुलो अनुहार, चुचो नाक, रसिला र पुष्ट गाला, ठूलो निधार, ठिक्कका आँखा, कान र बाक्लो केश भएका छन् । उनको शारीरिक स्वरूप हट्टाकट्टा र मोटोघाटो देखिन्छ । करीब ६८ केजी तौल र ५.४ इन्च अग्लाई भएका प्रधान आकर्षक व्यक्तित्त्वका धनी छन् । शान्त र सौम्य प्रकृति, अल्पभाषी तथा मधुर बोली भएका प्रधान नम्र स्वभावका, हँसिला र भावुक देखिन्छन् । सामान्यतया साधारण भेषभुषामा रुचि राख्ने प्रधान मित्रहरू र समाजका सबै वर्गसित सौहार्दपूर्ण व्यवहार गर्दछन् । सो व्यवहारले अमरकुमार आँखामा राखेपनि नबिभ्फाउने व्यक्तित्त्व मानिन्छन् । (**ज्ञानगुनका कुरा**, भाग १८४ र शोधनायकसँगको अन्तर्वार्ता)

## ३.२ निष्कर्ष

अमरकुमार प्रधान बहुआयामिक व्यक्तित्त्वका धनी हुन् । प्रधानको बहुआयामिक व्यक्तित्त्वको विविध पक्षलाई हेर्दा सर्वाधिक उर्वर र महत्त्वपूर्ण व्यक्तित्त्व साहित्यिक व्यक्तित्त्व नै हो । उनी साहित्यका कथा, कविता, प्रबन्ध, सम्पादन आदि विविध विधा र क्षेत्रमा क्रियाशील रहेका छन् । अमरकुमारको व्यक्तित्त्वलाई साहित्यिक र साहित्येतर गरी मुख्य

दुई पक्षबाट हेर्न सकिन्छ । साहित्यिक व्यक्तित्त्वभित्र कथाकार, कवि, बालसाहित्यकार, नियात्राकार, नाटककार, प्रबन्धकार, संस्मरणकार व्यक्तित्त्वलाई स्रष्टा व्यक्तित्त्वको रूपमा र समालोचक, सम्पादक, भूमिका लेखक व्यक्तित्त्वलाई द्रष्टा व्यक्तित्त्वको रूपमा चर्चा गर्न सकिन्छ । यस्तै साहित्येतर व्यक्तित्त्वभित्र अन्वेषक, पेशागत, शिक्षक, निजामती, सामाजिक र शारीरिक व्यक्तित्त्वको रूपमा हेर्न सकिन्छ । यसरी उनी साहित्यक र साहित्येतर दुवै क्षेत्रमा सफल व्यक्तित्त्वका रूपमा देखिन्छन् ।

## परिच्छेद - चार

# अमरकुमार प्रधानको साहित्यिक यात्रा

अमरकुमार प्रधानको साहित्यिक यात्रा **आँखा** पत्रिका (वि.सं. २०२६ सालको बडा दशैं अङ्कमा 'चित्र बुद्धको' कथा प्रकाशनसँगै शुरु भएको हो । उनले २०२२/०२३ देखि नै कथा रचना गर्न थाले पनि २०२६ देखि मात्र प्रकाशनमा आए । सो समयदेखि उनले कथा, संस्मरण, समालोचना, नियात्रा समेत दर्जनौँ रचना प्रकाशन गरिसकेका छन् ।

अमरको साहित्यिक यात्राका क्रममा हालसम्म विभिन्न विधाका करिब दुई दर्जन साहित्यिक पुस्तकाकार र प्रचलित कृति तथा थुप्रै फुटकर लेखरचनाहरू प्रकाशित भएका छन् । शुरुमा सानातिना कविता रचना गर्ने, सुनाउने मात्र गरेका उनी पछि क्रमशः प्रकाशनतर्फ आकृष्ट भए । विभिन्न नयाँ र पुराना पत्रपत्रिका, कथा, संस्मरण, निबन्ध, समालोचनाहरू फुटकर रूपमा छापिएका छन् । विभिन्न विधामा कलम चलाएका बहुप्रतिभाका धनी प्रधानका रचनाहरूमा कथाको बाहुल्य रहेको छ ।

## ४.१ अमरकुमार प्रधानको कथायात्रा

अमरकुमार प्रधानको कथायात्रा वि.सं. २०२६ देखि 'चित्र बुद्धको' कथाबाट शुरु भएको हो । उनको हालसम्म तीनओटा कथासङ्ग्रह प्रकाशन भइसकेका छन् । उनको पहिलो कथासङ्ग्रह 'त्रिविध' (२०४४) हो । यो कथासङ्ग्रह तीनजनाको सहलेखन हो । १८ ओटा कथाहरू सङ्ग्रहित कथासङ्ग्रह त्रिविधमा अमरकुमार प्रधानका ६ ओटा कथाहरू रहेका छन् । यस कथासङ्ग्रहमा प्रधानका 'चिचाकान्छी', 'भँगेराले पाइला चाल्ला', 'सूर्यमुखी र म', 'लमी', 'काफल पाक्यो', 'कुशेश्वरको बसाइँ' कथाहरू समावेश छन् ।

प्रधानको अर्को कथासङ्ग्रह **शान्ति : कान्ति** (२०५७) हो । यस सङ्ग्रहमा सङ्कलित २६ ओटा कथाहरूमध्ये ६ ओटा कथाहरू भने उनको पहिलो कथासङ्ग्रहभित्रकै कथाहरू प्रकाशित भएका छन् । यस कथासङ्ग्रहमा प्रधानका 'चरो उडेपछि', 'सौन्दर्य', 'माया : माधुरी', 'हिममूर्ति', 'रूपा', 'सेतो कपाल', 'बागिश्री', 'विश्वास', 'बम्पर सुपर', 'काबासा', 'बन्द कोठा कि शिखण्डी', 'शान्ति : कान्ति', 'स्वप्न दृश्य', 'ट्वान्टिथ सेन्चुरी', 'कथा-एउटा

चिठीमा', 'सुनौलो सगरमाथा', 'सहिद', 'स्मृतिको गर्भबाट', 'शेष स्मृति', 'चित्र बुद्धको' कथाहरू समाविष्ट छन् ।

उनको तेस्रो कथासङ्ग्रह **अमरका कथाहरू** (२०६९) हो । यस सङ्ग्रहमा ३१ ओटा कथाहरू सङ्ग्रहित गरेका छन् । तीमध्ये २६ ओटा कथाहरू कथासङ्ग्रह **शान्ति : कान्ति**मा पूर्वप्रकाशित हुन् भने ५ ओटा कथाहरू यस सङ्ग्रहमा पहिलोपटक सङ्ग्रहित छन् । यस कथासङ्ग्रहमा प्रधानका 'नयाँ नेपाल ?', 'चन्द्रमाको कथा', 'एकादशी', 'देवी', 'बच्चा चोर' शीर्षकका कथाहरू पहिलोपटक सङ्ग्रहित हुन् ।

### ४.१.१ कथात्मक प्रवृत्ति

वि.सं. २०२६ सालदेखि हालसम्म कथा लेखनमा क्रियाशील रहेका प्रधान मूलतः यथार्थवादी कथाकार हुन् । उनका कथामा सामाजिक, राजनीतिक विकृति, विसङ्गतिको जीवन्त चित्रण पाइन्छ । यिनै कथाहरूमा अध्ययन, विश्लेषण पश्चात् उनका कथात्मक प्रवृत्तिलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

#### ४.१.१.१ सामाजिक यथार्थवाद

अमरकुमार प्रधानले आफ्नो लेखनको प्रारम्भिक चरणदेखि नै सामाजिक यथार्थवादी प्रवृत्ति अँगालेर साहित्य सिर्जना गरेका छन् । मानव स्वभाव र व्यवहारको वस्तुगत चित्रण उनले कतै आफू तटस्थ रहेर त कतै आफैँ मुछिएर सामाजिक पक्षका सूक्ष्म घटना प्रस्तुत गर्ने प्रयास गरेका छन् । उनका कविता, कथा, संस्मरण र अन्य सबै रचनाहरूमा नेपाली समाजका गरीबी, शोषण, पछौटेपन, अशिक्षा, युद्धको विभिषिका, आर्थिक, सामाजिक र राजनीतिक विकृतिजन्य समसामयिक समाजका जटील स्थितिहरूको यथार्थ चित्रण गरेको पाइन्छ । समाजका विभिन्न असजिला, कुण्ठित, अफठ्यारा निम्नवर्ग र कर्मचारीको पीडा, विपन्नको सकसयुक्त जीवन अवस्था, राष्ट्रिय दुरावस्था, परिवर्तनका आकाङ्क्षा, पलपलमा थोपरिने पीडाहरू आदि उनका कथाहरूमा प्रस्तुत छन् । उनका 'सहिद', 'चित्र बुद्धको' कथा सामाजिक यथार्थवाद झल्किने कथाहरू हुन् ।

### ४.१.१.२ मनोविश्लेषण

अमरकुमार प्रधानको एक महत्त्वपूर्ण उल्लेखनीय कथाप्रवृत्ति मनोविज्ञान हो । उनका कथाहरू सामाजिक यथार्थवादी मनोवैज्ञानिक ढङ्गबाट प्रस्तुत गरिएका छन् । बालमनोविज्ञानको उद्घाटन र यौनमनोविज्ञानको प्रयोग उनका कथामा भएको देखिन्छ । यस भनाइबाट पनि प्रधान यौन मनोविश्लेषण गर्ने कथाकार हुन् भन्ने प्रष्ट हुन्छ । 'सूर्यमुखी र म', 'बन्द कोठा कि शिखण्डी', 'चिचाकान्छी', 'लमी', 'सौन्दर्य', 'माया : माधुरी' आदि कथाहरूमा पात्रहरूले यौन आकर्षण र विकर्षणको विकृत यात्रा गरेको देखिन्छ । त्यसैले फ्रायडेली मनोविज्ञानको प्रस्तुती मूल प्रवृत्ति देखिन्छ ।

### ४.१.१.३ विषयगत विविधता

एउटै विषयमा मात्र केन्द्रित नभई विभिन्न विषयलाई कथामा प्रवेश गराउने हुनाले प्रधानका कथाहरू एक रसात्मकबाट मुक्त छन् । उनले सामाजिक, राजनीतिक, यौनिक आदि विविध विषय र क्षेत्रसँग सम्बन्धित समस्या एवम् विकृति-विसङ्गतिलाई कथाको विषयवस्तु बनाएका छन् । विषयगत विविधताले प्रधानका कथाहरू उत्कृष्ट र पाठकको मन जित्न सफल छन् । 'स्वप्न दृश्य', 'सूर्यमुखी र म', 'शान्ति : कान्ति', 'नयाँ नेपाल ?' आदिमा राजनीतिक परिवेशमा उनिएका विषयवस्तु समावेश गरिएका छन् । 'रूपा' कथामा सामाजिक विषयवस्तुभित्र विकृति र विसङ्गतिलाई प्रस्तुत गरिएको छ । त्यस्तै 'काफल पाक्यो' कथामा विकट ग्रामीण क्षेत्रका जनताले भोग्नुपरेको पीडालाई र 'काबासा' कथामा सामाजिक पक्षको कुरालाई विषय बनाइएको छ । 'माया : माधुरी' कथामा प्रेतात्मासँगको साक्षात्कारलाई चित्रण गरिएको छ । यसरी प्रधानको कथामा विषयवस्तुको विविधता पाइन्छ ।

### ४.१.१.४ सङ्क्षिप्त प्रस्तुति

कथाकार प्रधानको महत्त्वपूर्ण प्रवृत्ति सङ्क्षिप्तता हो । उनका कथाहरू आयामका दृष्टिले छोटा छन् । प्रधानका कथाहरू छोटा भएपनि जीवनका कुनै विशिष्ट आयामविशेषलाई चोटिलो रूपमा प्रस्तुत गर्न सक्षम छन् । पाठकमा कौतुहलता सिर्जना गर्न सफल छन् । "प्रधानका कथा रचनात्मक आयतनमा छोटा भएर पनि मूल्य प्रतिपादनमा अत्यन्त सजीव र प्रखर देखिन्छन् ।" (राजेन्द्र सुवेदी, अमरका कथहरू) ।

### ४.१.१.५ दुखान्त प्रस्तुति

कथाकार प्रधानका कथामा दुखान्त प्रस्तुति पनि पाइन्छ । पात्रहरूले आफ्नै तथा अन्य विविध कारणले कारुणिक अन्त्य भोग्ने गरेको पाइन्छ । 'काफल पाक्यो', 'हिममूर्ति', 'स्मृतिको गर्भबाट', 'माया : माधुरी' आदिमा सबैको भविष्य टुक्रिएको छ र सबैको जीवन रोदनमा टुङ्गिएको छ । उनका यी कथाहरूमा जीवनलाई दुःखैदुःखमा गाँजिएको देखाइएको छ । त्यसैले दुखान्त चेतना कथाकार प्रधानको कथात्मक उल्लेखनीय प्रवृत्ति हो ।

### ४.१.१.६ युगीन सचेतना

प्रधानका कथाहरूमा युगीन सचेतना पाइन्छ । उनका कथाहरूमा कुनै स्थान र व्यक्ति विशेषको मात्र चित्रण नभएर सिङ्गो युग र समाजको चित्रण भएको पाइन्छ । सामाजिक, आर्थिक, राजनीतिक र मानवीय जस्ता विषयवस्तुको प्रयोग गरी युगचेतना प्रवाहित भएको देखिन्छ ।

### ४.१.१.७ प्रायोगिकता तथा नवीनता

हरेक कथामा केही न केही नवीनता दिनु कथाकार प्रधानको अर्को प्रमुख विशेषता हो । प्रधानका कथामा विषयवस्तु तथा शिल्पशैलीमा नवीनता पाइन्छ । "प्रधानले आफ्ना कथामा प्रायोगिकता तथा नवीनताको विचार प्रयोग गरेका छन् । उनका कथामा कथा भन्नुभन्दा अगाडिका अनुभव-अनुभूतिहरूलाई प्रस्तुत गर्नेगरेको पाइन्छ ।" (रावल, २०६२) । यसैबाट पनि प्रधान प्रयोगवादी कथाकार हुन् भन्ने प्रष्ट हुन्छ ।

### ४.१.१.८ व्यङ्ग्य चेतना

व्यङ्ग्यात्मकता प्रधानको अर्को प्रमुख कथाप्रवृत्ति हो । उनका कथाहरूमा यथार्थबोध यथार्थको असन्तुष्टिबाट सिर्जना भएको छ । उनी सामाजिक यथार्थवादी कथाकार भएको हुनाले सामाजिक व्यङ्ग्य विद्रोहको स्वर कथामा भेटिन्छ । सामाजिक एवम् राजनीतिक विकृति, विसङ्गति, दमन, अन्याय, अत्याचार, हिंसा, बलात्कार आदि विरुद्ध उनका कथामा प्रहार गरिएको पाइन्छ । त्यस्तै कतिपय कथाहरूमा परम्परागत अन्धविश्वासप्रति व्यङ्ग्य गरिएको छ भने कतिपय कथाहरूमा जनतालाई भ्रममा राख्ने आफ्नो स्वार्थ पूरा गर्ने

नेताहरूमाथि चोटिलो प्रहार गरिएको पाइन्छ । (**अमरका कथाहरू** क.स.को भूमिका र **ज्ञानगुनका कुरा**, भाग १८४)

## ४.२ अमरकुमार प्रधानको कवितायात्रा

अमरकुमार प्रधान कथाकार मात्र नभएर कवि पनि हुन् । उनका कविता फुटकर रूपमा मात्र रहेको पाइन्छ । उनका फुटकर कविताहरू २०३७ सालदेखि प्रकाशनमा आएको पाइन्छ । २०३७ सालमा 'बन्धुसंगम' स्मारिकामा दुई 'टुक्रा कविता (सामयिक सुन्दरी र नूनको सोभ्mाे)' प्रकाशित छन् । त्यस्तै दोलखाको नेवारी (द्वाल्खा) भाषामा प्रकाशित 'जीः चम्पूजा' (२०५५), 'साथी' (२०६४), 'किताबको नियति' (२०७१) आदि समेत फुटकर रूपमा प्रकाशित छन् । कवितामा प्राकृतिक, सामाजिक, सांस्कृतिक, व्यक्तिगत पक्षहरूको चित्रण, आक्रोश, विद्रोह, आत्मीयता, राष्ट्रियता आदिको अभिव्यक्ति दिनु नै प्रधानका कविताको पहिचान हो ।

### ४.२.१ कवितात्मक प्रवृत्ति

उनका कवितात्मक प्रवृत्तिलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

#### ४.२.१.१ विषयवस्तुगत प्रवृत्ति

अमरकुमार प्रधानले आफ्ना सामाजिक, राजनीतिक क्षेत्रका विषयवस्तुलाई यथोचित स्थान दिएर कविता सिर्जना गरेका छन् । सामाजिक विकृति, मानवीय संवेदनाको अफ्ठ्यारा परिस्थिति, अभावका विषयवस्तुलाई समेटेर कविता लेख्नु उनको विषयवस्तुगत प्रवृत्तिको नमूना हो । समसामयिक विषयलाई आफ्नो कविताको विषयवस्तु बनाएर कविता सिर्जना गर्ने प्रधानले कवितामा बीसौं शताब्दीको अन्त्य र एक्काईसौं शताब्दीको शुरुवातसँगै मान्छेहरूले भोगनुपरेका पीडा, कोलाहलपूर्ण वातावरण, मानवीय ह्रासजस्ता पक्षहरूलाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् ।

#### ४.२.१.२ भाव र विचारगत प्रवृत्ति

प्रधानका कविताहरूमा हृदयभित्रका वेदना, आक्रोश र भोलिका आशाहरू भावका रूपमा प्रतिबिम्बित भएका छन् । जीवनमा भोगेका अनुभूतिलाई उनले कवितामा प्रष्ट

पारेको देखिन्छ । उनका कवितामा सामाजिक जीवनको यथार्थता, राष्ट्रिय भावना मुख्य रूपमा आएका छन् । निम्न वर्गका मानिसहरूले भोग्नुपरेको जीवन, राजनीतिक विकृति, विसङ्गतिप्रति व्यङ्ग्यभाव राख्नु प्रधानको भाव र विचारगत प्रवृत्ति मान्न सकिन्छ ।

### ४.२.१.३ प्रतीक योजना

अमरकुमार प्रधानको कवितात्मक प्रवृत्तिमा प्रतीक योजना पनि उल्लेख्य रूपमा आएको छ । “जब लेखक वा कविले आफ्ना मनका अमूर्त विचार वा भावनालाई सजीव वा मूर्त रूप दिन विचार वा भावना सुहाउँदा स्वरूप या आलोक सृष्टि गरेर यही मूर्त रूपमा नवरचित कविसंसारको अभिव्यञ्जनामा चाहेको गौण विचार तथा भावना व्यक्त गर्दछ तब त्यही स्वरूप प्रतीक बन्दछ ।” (पौडेल, २०६७ : पृ. ६४) । प्रतीक व्यञ्जनाधर्मी हुन्छ । प्रधानले पनि आफ्ना कविताहरूमा प्राकृतिक, राजनीतिक, ऐतिहासिक आदि विषयसँग सम्बन्धित प्रतीकहरूको प्रयोग गरेका छन् ।

### ४.२.१.४ भाषाशैली

प्रधान आफ्ना अनुभव र अनुभूतिहरू कवितामा सरल र सहज भावका माध्यमबाट गद्य शैलीमा अभिव्यक्त गर्छन् । विषयवस्तु अनुरूपको भाषिक प्रयोग गरेर कविता लेख्ने प्रधान कतैकतै भने कवितालाई प्रयोगशील बनाउन क्लिष्ट भाषाको समेत प्रयोग गर्छन् । प्रायजसो सरल नेपाली भाषाको प्रयोग गरेर कविता लेख्ने प्रधानका कविताहरूमा आगन्तुक शब्दहरूको प्रयोग बढीमात्रामा पाइन्छ । त्यस्तै तत्सम शब्दहरूको प्रयोग पनि उनका कवितामा पाइन्छ । निपात र अनुकरणात्मक शब्दहरूको प्रयोगले कविताहरू स्वाभाविक र रोचक बन्न पुगेका छन् । शैलीगत प्रयोगका दृष्टिले प्रधान गद्यकवि हुन् । उनका कविताहरूमा कतै दुर्बोध्य र क्लिष्ट भाषाशैली रहे पनि मुख्य रूपमा सरल भाषाको प्रयोग उनको कवितात्मक विशेषता हो । (**ज्ञानगुनका कुरा**, भाग १८४)

## ४.३ अमरकुमार प्रधानको समालोचना यात्रा

अमरकुमार प्रधानले विविध विधाका कृतिका अतिरिक्त विभिन्न साहित्यकारका प्रवृत्ति पनि केलाएका छन् । यस क्रममा त्यतिबेलासम्म पहिलो भीमकाय उपन्यासका रूपमा स्थापित भवानी भिक्षुको चर्चित उपन्यास ‘आगत’को समीक्षा ‘आगत : एक

सिंहावलोकन' (२०३३) बाट अमरले समालोचना क्षेत्रमा पाइला टेकेको देखिन्छ । यसपछि यिनका 'महाकवि लक्ष्मीप्रसाद देवकोटा' (२०३३), 'सुनौली र रमेश विकल' (२०३३), 'प्रेमको स्मारक हेरेपछि' (२०३४), 'हिम श्रृङ्खला : एक दृष्टि' (२०३५), 'ऐतिहासिक उपन्यास वसन्ती' (२०३७), 'भानुभक्त' (२०३८), 'युवाकवि मोतीराम' (२०३८), 'सेतो बाघ' (२०३८), 'विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक व्यक्तित्व' (२०३९), 'सगरमाथामा तेन्जिङलाई नियाल्दा' (२०३९) प्रकाशित छन् ।

यस्तै 'नेपाली गीत र गीतकारहरू' समालोचना (२०४०), 'मोहन कोइराला' समालोचना (२०४०), 'नेपाली निबन्धको विकासक्रम' (२०४३), 'शिलान्याश नाटकको संक्षिप्त चर्चा' (२०४४) प्रकाशित छन् । यसैगरी 'कृष्णप्रसाद पराजुली निबन्धकारको रूपमा' (२०४६), 'देवकोटाका केही कविताहरू' (२०५२), 'राष्ट्रनिर्माता' खण्डकाव्य (२०६०), 'गोठालेका दुई कथा' (२०६१), 'तेजप्रकाशका दुई कथा एक पात्र' (२०६१), 'उत्सव मनाउने तयारीको सेरोफेरोमा' (२०६२), 'सुवसेन प्रवृत्तिहरू' (२०६२), 'स्वप्नलोकका पदचाप छिचोल्दै' (२०६७), 'दोलखाली भाषाको विकासक्रममा मायँ खोबी' (२०६७), 'गोविन्द कुसुमका कविताहरू' (२०६९), 'आख्यानपुरुष रमेश विकल' (२०७०) आदि प्रकाशित छन् । (**ज्ञानगुनका कुरा**, भाग १८४)

## ४.४ अमरकुमार प्रधानको नियात्राक्रम

२०३३ सालमा **जुनेली** पत्रिकामा प्रकाशित 'शान्तिक्षेत्र नेपालको शान्तिकेन्द्र : लुम्बिनी'बाट नियात्रा विधामा औपचारिक प्रवेश गरेका अमरका यसपछि 'जापानमा दोलखा' (२०५४), 'महाकालीपारिका गाउँहरू' (२०५६), 'फुकुदा पार्क घुमेपछि' (२०६०), 'कालिञ्चोकमा केवलकार' (२०६१), 'विराट दरबार कहाँ छ ?' (२०६१), 'निर्वाचनदेखि रुप्से झरनासम्म' (२०६५), 'मेरो सुर्खेत यात्रा' (२०६७), 'नेपाली गाउँमा जापानी खाना' (२०६९), 'चितवनको जंगलमा' (२०६९), 'फुपूको गाउँमा' (२०७०), 'बुद्ध नेपालमा जन्मेका हुन्' (२०७०) प्रकाशित छन् । (**ज्ञानगुनका कुरा**, भाग १८४)

## ४.५ अमरकुमार प्रधानको संस्मरणयात्रा

अमरकुमार प्रधानको कलम स्वदेशी तथा विदेशी जीवित या मृत व्यक्ति□वको योगदानका सन्दर्भमा बढी चल्नेगरेको पाइन्छ । 'भैरव अर्यालको निधनमा' (२०३७) सँगै संस्मरण क्षेत्रमा झुल्किएका अमरका 'ठूलो नहुनू असल हुनू' (२०३९), 'पारिलो घाम, बरण्डा र नारायणबहादुर' (२०४५), 'मदन मदन नै हुन्' जीवनी (२०४७), 'लामा दाइ ! फेरि सँगै कहिले पिउने ?' (२०४९), 'चक्रपाणि चालिसे : नेपाली गद्य शिरोमणि' (२०५१) प्रकाशित छन् ।

यस्तै 'धनबज्र बज्राचार्य र दोलखाको इतिहास' (२०५१), 'क्यारोल : गुप्त भाषाकी अन्वेषिका' (२०५३), 'तामाकोशीको ठिटो कर्णालीमा' (२०५६), 'जनतामा मनमोहन अंकल' (२०५६), 'आमा : रोगदेखि अन्त्यसम्म' (२०५६), 'सम्झनाका लहरमा श्री ५ वीरेन्द्र' (२०५८), 'जीम ! तिमी कहाँ छौ ?' (२०६०), 'दोलखामा रामबहादुरदेखि कवितारामसम्म' (२०६१), 'सम्झना चिदिकाको, श्रद्धाञ्जलि पद्मचन श्रेष्ठप्रति' (२०६२), 'जाम्बवती सानीमादेखि ममीसम्म' (२०६६), 'बाबा (रमेश विकल) सँग लुम्बिनीदेखि दोलखासम्म' (२०६९), 'औंशीको जून' (२०७०) 'सम्झनामा श्रद्धेय भीमदाइ' (२०७२) जस्ता रचनाहरू प्रकाशित छन् । (**ज्ञानगुनका कुरा**, भाग १८४)

## ४.६ अमरकुमार प्रधानको प्रबन्धलेखनक्रम

बाल्यकालदेखि नै पुस्तकप्रति लगाव भएका अमर जब भीम पुस्तकालयसँग आवद्ध भए अध्ययनशीलतालाई आफ्नो बानी नै बनाए । परिणामस्वरूप यिनले कैयन विषयमा प्राप्त ज्ञानलाई परिचयात्मक प्रबन्धलेखनद्वारा अभिव्यक्त गर्ने थलोको निर्माण गरेअनुरूप 'श्री ५ त्रिभुवन र प्रजातन्त्र' (२०३४) बाट यस क्षेत्रमा हात हालेको देखिन्छ । यसपछि यिनका 'श्री ५ बडामहाराजलाई आदिकवि भानुभक्तको विन्तिपत्र' (२०३५), 'दोलखाको ऐतिहासिक रूपरेखा' (२०३७), 'दोलखाली बालजीवनका केही स्वरहरू' (२०३९), 'कलाकार वीरेन्द्र र नेपाली कलासाहित्य' (२०४१), 'सामाजिक सेवामा श्री ५ बडामहारानी ऐश्वर्य' (२०४२) प्रकाशित छन् ।

यसैगरी 'रुख रोपौं जीवन जोगाऔं' (२०४५), 'त्रिपुरासुन्दरी मन्दिर : सुरक्षा र संरक्षणको खोजीमा' (२०४६), 'देवकोटा : सारंगीदेखि सांग्रिलासम्म' (२०४७), 'जनश्रुति

ढुंगामा देवताहरूको' (२०४९), 'दोलखामा नेपाल संवत् र भाषा' (२०५२), 'सुनखानीको पहिरो र हाम्रो भविष्य' (२०५३), 'दोलखाको सम्पदा : सुरक्षा र समस्या' (२०५९), 'दोलखाको नाटेश्वर' (२०६२), 'दोलखाका बौद्ध चैत्यहरू' (२०७०), 'दोलखाको मच्छिन्द्रनाथको जात्रा' (२०७१) का साथै 'कुल्सी', 'अभयपुर', 'बाँपी झ्याला' जस्ता दोलखाको नेवारी (द्वाल्खा) भाषाका प्रबन्धहरू प्रकाशित छन् । (**ज्ञानगुनका कुरा**, भाग १८४)

## ४.७ अमरकुमार प्रधानको बालसाहित्ययात्रा

अमर बाल्यावस्थाबाटै साहित्यक्षेत्रमा लागे पनि प्रौढावस्थाबाट मात्र बालसाहित्य लेखकका रूपमा आफूलाई प्रस्तुत गरेका छन् । यिनको हालसम्म 'अनौठो कलम' (२०६८), **कस्तो राम्रो चङ्गा** (२०७०), **मेरो भकुण्डो** (२०७१) गरी तीनओटा बालचित्रकथा प्रकाशित छन् । यिनले दोलखाली नेवारी (द्वाल्खा) भाषामा लेखेको 'राजकुमारी गुने' पनि बालसाहित्य नै हो । यसबाहेक 'चरी झैं उडेको', 'का का काग', 'खै मेरो घर', 'भोलाको झोला', 'घुम्न गयो मेरो भाइ', 'हाम्रा लोककथा' जस्ता बालसाहित्यिक कृतिहरूको सम्पादन गरेका छन् । (**ज्ञानगुनका कुरा**, भाग १८४)

## ४.८ निष्कर्ष

स्रष्टा अमर प्रौढ र बालसाहित्यका आख्यान विधामा कृतिगत रूपमा समेटिएका छन् भने कविता, नियात्रा, संस्मरण, प्रबन्ध लेखनमा छिरलिएका छन् । दुईदर्जन बढी समालोचनात्मक लेखबाट क्रमशः व्यक्ति, कृति र विधागत समीक्षकका रूपमा परिचित द्रष्टा प्रधानले आधा दर्जनजति साहित्यिक पत्रिकाको कुशल सम्पादन र झण्डै त्यतिकै सङ्ख्यामा कृतिहरूको भूमिकालेखन गरेका छन् । यसरी उनको साहित्यिक यात्रा विधागत विविधताबाट अघि बढिरहेको छ ।

# परिच्छेद - पाँच

# अमरकुमार प्रधानको कृतित्त्वको अध्ययन

## ५.१ कथाकारका रूपमा अमरकुमार प्रधान

वि.सं. २०२६ देखि कथाकारका रूपमा उदाएका अमरकुमार प्रधान सामाजिक यथार्थवादी कथाकार हुन् । व्यक्ति र समाजका मार्मिक, कारुणिक पक्षहरूको चित्रण अति रुचाउने प्रधानका अमरका कथाहरू (२०६९), **शान्ति : कान्ति** (२०५७) र **त्रिविध** (२०४४) कथासङ्ग्रहहरू प्रकाशित छन् । उनका कथाहरूमा पात्र, कथावस्तु र द्वन्द्वको संयोजन यथासम्भव समुचित रहेको पाइन्छ । लेखनशैलीका आधारमा उनका कथाहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

**आत्मपरक शैलीमा लेखिएका कथाहरू**

१. बन्द कोठा कि शिखण्डी
२. चरो उडेपछि
३. चिचाकान्छी
४. कथा - एउटा चिठीमा

**संस्मरणात्मक कथाहरू**

१. बम्पर सुपर
२. ट्वान्टिथ सेन्चुरी
३. शान्ति : कान्ति
४. चिचाकान्छी
५. सूर्यमुखी र म
६. सहिद

**स्वदेश यात्रासंस्मरण वा नियात्रात्मक कथाहरू**

१. एकादशी
२. बच्चा चोर

३. माया : माधुरी

४. बागिश्री

५. स्मृतिको गर्भबाट

**विदेशी भूमिको यात्रा परिवेशमा रचिएका कथाहरू**

१. देवी

२. हिममूर्ति

३. सेतो कपाल

४. रूपा

५. बन्द कोठा कि शिखण्डी

**स्थानीय परिवेशको सांस्कृतिक परम्परालाई केलाइएको कथा**

१. भँगेराले पाइला चाल्ला

२. चित्र बुद्धको

**लोककथामा आधारित कथा**

१. काफल पाक्यो

**राजनीतिक परिवेशमा उनिएका कथाहरू**

१. स्वप्नदृश्य

२. शान्ति : कान्ति

३. सूर्यमुखी र म

४. नयाँ नेपाल ?

**अनुरागात्मक अभिव्यक्ति भएका कथाहरू**

१. लमी

२. देवी

३. चन्द्रमाको कथा

४. स्वप्नदृश्य

५. चिचाकान्छी

६. विश्वास

७. बन्द कोठा कि शिखण्डी

८. सेतो कपाल

९. ट्वान्टिथ सेन्चुरी

१०. शान्ति : कान्ति

११. रूपा

१२. बागिश्री

१३. एकादशी

**विपन्न वगएका पात्र-चरित्र समावेश गरिएका कथाहरू**

१. नयाँ नेपाल ?

२. सहिद

३. कथा - एउटा चिठीमा

४. काफल पाक्यो

५. बम्पर सुपर

६. रूपा

## ५.१.१ 'त्रिविध' कथासङ्ग्रहको अध्ययन

### ५.१.१.१ परिचय

कथाकार अमरकुमार प्रधानको **त्रिविध** कथासङ्ग्रह वि.सं. २०४४ सालमा प्रकाशित कृति हो । **त्रिविध** अमरकुमार प्रधान, तेजप्रकाश श्रेष्ठ र विजय चालिसेसमेत तीन जना कथाकारका ६/६ ओटा कथा सङ्कलन गरिएको अठारओटा कथाहरूको सङ्ग्रह हो । **त्रिविध** कथासङ्ग्रहमा 'चिचाकान्छी', 'भँगेराले पाइला चाल्ला', 'सूर्यमुखी र म, 'लमी', 'काफल पाक्यो', 'कुशेश्वरको बसाइँ' कथाहरू रहेका छन् । यी कथाहरूको यहाँ कथानक, पात्र, दृष्टिविन्दु, परिवेश, भाषाशैली र उद्देश्य जस्ता प्रमुख कथातत्त्वको आधारमा अध्ययन गरिएको छ ।

### ५.१.१.२ चिचा-कान्छी

**कथानक**

प्रस्तुत कथाको कथावस्तु चिचा-कान्छी (द्वाल्खा भाषामा सानी कान्छी)ले दिलबहादुरको भाइलाई देखेपछि मनमा उल्लास छाएकोबाट सुरु हुन्छ । असामान्य शारीरिक अवस्था भएकी निरक्षर चिचा-कान्छी मनमनै शहरमा बस्ने शिवलाई प्रेम गर्न थाल्दछिन् । खास नाम पार्वती भएकी उनले आफू र शिवलाई स्वस्थानीको शिवपार्वती ठान्छिन्, उसलाई शिवकै दाजु दिलबहादुरलाई चिठी लेखिदिन भन्छिन् । चिचा-कान्छीको सरलपनको फाइदा उठाउँदै दिलबहादुरले उसको चिठी लेखिदिएको भन्दै मिलाएर सुनाइदिन्छ । लामो प्रतीक्षापछि दिलबहादुरको छोरा विष्णुले शिवको चिठी आएको भन्दै बनावटी चिठी सुनाइदिन्छ । चिचा-कान्छीले मनमनै बनाएको स्वप्नमहल त्यतिबेला भत्किन्छ जब उनले दिलबहादुरकै छोरी उर्मिलाबाट शिवको पारिवारिक फोटो देख्छिन् र विवाह भई बच्चासमेत भइसकेको थाहा पाउँछिन् । यसरी कथा सकिन्छ ।

**पात्र**

'चिचा-कान्छी' कथामा चिचा-कान्छी प्रमुख पात्र हो । उनी सरल र निर्दोष छिन् । व्यर्थमा आशाका लहरहरू जोडी झुठो आश्वासनमा मख्ख परेर आफूलाई जिस्कने साधन बनाएको पनि थाहा नपाएर मानसिक चोट खप्न बाध्य हुन्छिन् । दिलबहादुरले चिचा-कान्छीको सोझोपनको फाइदा उठाएर उनको हार्दिक प्रेमलाई हावामा उडाएकोले उसलाई खलपात्रको रूपमा लिन सकिन्छ । शिव कथाको प्रमुख पात्र हो । मिश्री, साहिँली, ड्वाकु-कान्छी, विष्णु, साहिँला साहु, हरि, उर्मिला, मचानानी आदि गौण पात्रहरू छन् ।

**दृष्टिविन्दु**

तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको प्रस्तुत कथा चिचा-कान्छीकै सेरोफेरोमा घुमेको छ । दिलबहादुर, हरि, चिचा-कान्छीकी आमा पनि तृतीय पुरुष दृष्टिविन्दुका पात्रहरू हुन् । चिचा-कान्छीको मनोविज्ञानलाई प्रष्ट र प्रभावकारी रूपमा उतार्ने काम दृष्टिविन्दुले गर्छ ।

**परिवेश**

'चिचा-कान्छी' कथाको परिवेश दोलखाको कुनै एक गाउँ हो । यस कथामा चिचा-कान्छीले फुल, रक्सी, चिउरा, भुटेको मासु ल्याइदिनुबाट नेवारी परिवेशलाई झल्काएको पाइन्छ । कथामा भीमेश्वर मन्दिर, स्वस्थानी व्रतकथा, सिम्भुस्थान आदिले आध्यात्मिकतातर्फ सङ्केत गरेको छ ।

**भाषाशैली**

यस कथाको भाषाशैली संवादात्मक किसिमको छ । कथाको संरचना आदि, मध्य र अन्त्यको क्रममा संयोजित रैखिक ढाँचामा लेखिएको छ । भावग्रहणका दृष्टिले सहज र सुबोध्य छ । निपात र अनुकरणात्मक शब्दहरूको प्रयोगले कथा रोचक बन्न पुगेको छ । 'चिचा-कान्छी', 'ड्वाकु' जस्ता नेवारी शब्दहरू यस कथामा पाइन्छन् ।

**उद्देश्य**

प्रस्तुत कथामा सोझी, निष्कपट, सरल प्रवृत्तिकी नारीको हृदयस्पर्शी चित्रण गरिएको छ । दिलबहादुर जस्ता व्यक्तिले निश्छल मन भएकी चिचा-कान्छीजस्ता अबला नारीलाई भावनात्मक ठेस पुऱ्याउन सफल भएको प्रमुख कारक तत्त्व अशिक्षा हो भन्ने देखाउनु पनि हो । कसैको निश्छलपनको फाइदा उठाएर मानसिक आघात पुऱ्याउनु हुँदैन भन्ने सन्देश यस कथाले दिएको छ ।

### ५.१.१.३ भँगेराले पाइला चाल्ला

**कथानक**

'भँगेराले पाइला चाल्ला' कथा स्थानीय परिवेशको सांस्कृतिक परम्परागत जात्रा भैरव-कुमारीको मिथक केलाइएको अनन्त बन्धनको वेदना हो । प्रस्तुत कथामा बन्धु आचार्य नामक तान्त्रिक व्यक्तिले स्वच्छन्द विचरण बानीकी देवीको कारणले महामारी, खडेरी, असिना, अतिवृष्टि जस्ता प्रकृतिको दुष्चक्र भएको भनी कुमारीलाई पातालमार्गमा बन्दी बनाएको र उनको स्मृति कायम राख्न सम्मानसहित बर्सेनी जात्रा चलाउने प्रसङ्गलाई कथामा व्यक्त गरिएको छ । देवी कुमारीलाई प्रत्येक वर्ष भाद्र कृष्ण द्वितीयादेखि

षष्ठीसम्म पुजिने र प्रतिष्ठित मानिने अवस्थाले आफ्नो गरिमा प्रतिपादन गरेको भए तापनि तान्त्रिक विधिले बन्दी बनाइएकी कुमारी जहिले भँगेराले पाइला चाल्ला, जहिले भुटेका भट्मास उम्रेलान्, जहिले नदीका ढुङ्गा आँपमा परिणत होलान् अनि मात्र पुरुषको छलपूर्ण बन्धनमा पारिएकी कुमारीले मुक्ति पाउने आशामा प्रतीक्षारत छिन् । तान्त्रिकको षड्यन्त्रले बन्दी बनाइएकी कुमारीको आन्तरिक वेदना प्रस्तुत कथाले प्रकट गरेको छ ।

**पात्र**

प्रस्तुत कथामा सीमित पात्रहरू चयन गरिएका छन् । परम्परागत सांस्कृतिक जात्रा भैरव-कुमारीको मिथकमा आधारित दुई आराध्य देवीहरू र दुई बन्धु आचार्य नामक तान्त्रिक व्यक्तिहरू यस कथाका पात्रहरू हुन् ।

**दृष्टिविन्दु**

प्रस्तुत कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस कथामा दुई देवीहरू र तान्त्रिक बन्धु आचार्यहरू जस्ता पात्रहरूको प्रयोग बाह्य दृष्टिविन्दुमा भएको छ । शालीन स्वभावकी दिदी त्रिपुरासुन्दरीको रूपमा स्थापित भएकी र चञ्चल स्वभावकी बहिनी पातालमा मानिसद्वारा बन्दी बनाइएकी, दुई तान्त्रिक बन्धु आचार्यहरूले कुमारीहरूलाई देवीको रूपमा स्थापित गरी पुजेको प्रसङ्गलाई देखाइनुले कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

**परिवेश**

यस कथाको परिवेश दोलखाको प्रसिद्ध मन्दिर त्रिपुरासुन्दरी, भैरव-कुमारीको जात्रा रहेको छ । तामाकोशी, गौरीशङ्कर हिमाल, दोल्ती खोला, खेतहरू, सिमलको रुख, एकान्त चउरजस्ता प्राकृतिक सौन्दर्यलाई पनि कथाको परिवेश बनाइएको छ । प्रसिद्ध मन्दिर त्रिपुरासुन्दरी र प्रसिद्ध भैरव-कुमारीको जात्रा निकाल्नुको प्रसङ्ग, भैरव-कुमारी जात्राको वर्णनलाई देखाइनुले लोकसंस्कृतिको वर्णन, आध्यात्मिकता यस कथाको परिवेश बनेको छ ।

**भाषाशैली**

सहज, सरल भाषाशैलीको प्रयोग गरिए तापनि स्थानीय परिवेशको सांस्कृतिक, परम्परागत जात्राको मिथक केलाइएकोले पाठकलाई कौतुहलता सिर्जना गरेको छ । यो कथा एउटा पौराणिक कथा हो । मन्त्रस्तुति, धर्मग्रन्थ, जात्रा, चाँदीका किर्किपाहरू, चमर, मैननिर्मित मुकुण्डो, ढोलक आदिले भैरव-कुमारी जात्रालाई इङ्गित गरेको छ । खाल्डोभित्र, फुस्रोटार, जङ्गलैजङ्गल, पूज्य जस्ता समस्त शब्दहरूको प्रयोग भएको छ । 'रे', 'नै', 'त' जस्ता निपात शब्दहरूको प्रयोग गरिएको छ । कथाको अन्त्यमा 'ढुङ्गा आँपमा परिवर्तित होला, भुटेको बीउ उम्रेला र भँगेराले पाइला चाल्दै हिँड्ला कि भनेर' जस्ता पदावलीको प्रयोग गरी कथालाई अझै रोचकता प्रदान गरेको छ र कथा मिथकीय बन्न पुगेको छ ।

**उद्देश्य**

दोलखा सहरको पूर्वमा अवस्थित प्रसिद्ध मन्दिर त्रिपुरासुन्दरीको उत्पत्ति र प्रतिवर्ष भाद्रकृष्ण द्वितीयादेखि षष्ठीसम्म लाग्ने जात्रा भैरव-कुमारी कसरी सुरुवात भयो ? भनी देखाउनु नै प्रस्तुत कथाको उद्देश्य हो । स्वच्छन्द विचरण बानीले गर्दा बन्दी बनाइएकी अस्तित्त्वहीन देवीको अनन्त बन्धनको वेदना मिथकको रूपमा केलाएर प्रस्तुत गरिनु यस कथाको मुख्य आशय रहेको छ ।

## ५.१.१.४ सूर्यमुखी र म

**कथानक**

प्रस्तुत कथा 'सूर्यमुखी र म' मा कथाकारले गाउँघरका सिधासाधा जनतालाई ठूलाबडाले गर्ने अत्याचारको चित्रण गरेका छन् । कथामा 'म' पात्रले सूर्यमुखीको फूल देख्नेबित्तिकै सम्झेको घटनालाई कथात्मक रूपमा प्रस्तुत गरिएको छ । समाजका प्रधानपञ्च भनाउँदा शिवप्रसादले सोझा व्यक्ति ('म' पात्रको मीतबा) रेवतीरमणसँग भूमिसुधार कार्यकर्ता हरिलाल श्रेष्ठलाई रु. दुईसय दिनुपर्छ भनी रु. एकसय बीस लिएको तर पछि भूमिसुधार कार्यकर्तालाई सोध्दा आफूले नपाएको कुरा बताउँछ र त्यो रूपैयाँ असुल गर्न जाऊ भनेर प्रधानपञ्चकोमा पुऱ्याएर कुरा मात्र उठाउँदा रेवतीरमणले नराम्रोसँग चुटाइ खानुपरेको अवस्थालाई चित्रण गरिएको छ । अदालतमा प्रधानपञ्च विरुद्ध मुद्दा दिँदा

पनि न त प्रधानपञ्च थुनियो न रेवतीरमणले न्याय नै पाए । प्रत्यक्षदर्शी भू.सु. कार्यकर्ता प्रधानपञ्चबाट रु. एकहजार पाएर फरार भयो । यसरी निरङ्कुश पञ्चायत व्यवस्थाकालमा घुस्याहा प्रधानपञ्च र सरकारी कर्मचारीको मिलेमतोमा हुने शोषण र दमनलाई कथाले उजागर गरेको छ । अन्याय र अत्याचार विरुद्ध आवाज उठाउन चाहेर पनि नसकेका आमजनताको निरीहता कथामा देखाइएको छ ।

### पात्र

कथाको प्रमुख पात्र रेवतीरमण हो । रेवतीरमण शोषित वर्गको प्रतिनिधिमूलक पात्र हो । ऊ सरल, निर्दोष छ । प्रधानपञ्चको अत्याचारविरुद्ध आवाज उठाउँदा पनि भ्रष्टाचारी समाजमा सुनुवाइ नहुँदा शोषित भएर बस्न बाध्य पात्र हो । प्रधानपञ्च शिवप्रसाद न्याय र निसाफ दिलाउने ओहदामा बसे पनि घुस्याहाको रूपमा रही सबैभन्दा बढी शोषण र दमनको कारकको रूपमा रहेका छन् । अन्य पात्रहरू प्रधानपञ्च, शिवप्रसाद, भूमिसुधार कार्यकर्ता हरिलाल, 'म', मामा जगतनारायण, हरिदाइ, दाह्रीवाल अधवैंशे, बाबु विष्णुप्रसाद, मितिनी आमा, दिदी, बज्यै, जिज्यू बज्यै छन् ।

### दृष्टिविन्दु

प्रस्तुत कथामा परिधीय आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ । यसमा 'म' पात्रले समाख्याताको रूपमा रहेर सिङ्गो कथा प्रस्तुत गरेको छ । यस कथामा 'म' पात्रले तृतीय पुरुष दृष्टिविन्दुको समेत उपयोग गरी वर्णनात्मक शैलीमा कथा प्रस्तुत गरेका छन् । शोषित रेवतीरमण र शोषक शिवप्रसादको चरित्रलाई वर्णन गर्दै कथाकारले समाजमा भएको विकृति र विसङ्गतिलाई देखाउनुले पनि यस कथामा आन्तरिक र बाहय दृष्टिविन्दुको मिश्रित प्रयोग भएको छ ।

### परिवेश

'सूर्यमुखी र म' कथाको परिवेश गाउँ र शहर रहेको छ । कथाकारले ग्रामीण परिवेशमा हुने घुस्याहा प्रधानपञ्च जस्ता शोषकवर्गको सामन्तीपनलाई यस कथाको परिवेश चुनेका छन् । आफ्नो परिश्रममा रमाउने गाउँका सोझा र गरीब व्यक्तिहरूलाई समाजका ठूलाबडा भनाउँदाले दिएको दुःखलाई प्रस्तुत गरेका छन् ।

### भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सहज र सरल छ । सामान्य पाठकवर्गले पनि बुझ्न सक्ने सरल भाषाको प्रयोग गरिएको छ । 'म' पात्रले सूर्यमुखी फूलको बोटलाई देख्दा संस्मरण गरिएर लेखिएको प्रस्तुत कथा संस्मरणात्मक शैलीमा लेखिएको कथा हो । 'फुपूको श्राद्ध', 'गाउँको मुखिया, आफैं बाटो हगुवा', 'न्यायका नौ सिङ' जस्ता उखानको प्रयोगले कथामा भाषिक मिठास प्रदान गरेको छ ।

### उद्देश्य

निरङ्कुश पञ्चायतकालमा घुस्याहा प्रधानपञ्च र सरकारी मिलेमतोमा हुने शोषण, दमनलाई देखाउन खोज्नु कथाको प्रमुख उद्देश्य हो । निरङ्कुश शासनमा आफ्नो पदको दुरूपयोग गर्ने प्रधानपञ्चजस्ता सामन्तीवर्गले सोझा र गरीब जनतालाई दुःख दिइरहँदा पनि उसको अन्यायको विरुद्ध अदालतमा मुद्दा दिँदा पनि अन्यायीले दण्ड नपाई उल्टै शोषितवर्गले अन्यायबाट उन्मुक्ति पाउन मुद्दाको जिकिर त्याग्न विवश बन्नुपरेको अवस्थालाई देखाउनु नै यस कथाको उद्देश्य हो ।

## ५.१.१.५ लमी

### कथानक

ज्ञानेन्द्र र इन्दु एक अर्कालाई मन पराउँछन् तर पनि दुवैले प्रकट गरेका हुँदैनन् । ज्ञानेन्द्र इन्दुको सौन्दर्यलाई लुकीलुकी दृष्टिपान गर्छ र जति हेर्‍यो उति सुन्दर भएको अनुभव गर्दछ । ऊ इन्दुको घरमा समय-समयमा जाने गर्दछ । इन्दुकी भाउजूलाई अत्यन्तै श्रद्धा गर्दछ । त्यसैले भाउजूले इन्दुको लागि केटा खोजिदिन आग्रह गर्दा भाउजूलाई चोट पुग्ला र झन् सम्बन्ध टाढा होला भन्ने सोची मुटुमाथि ढुङ्गा राखेर आफ्नै प्रेमिकाको लागि वर खोजिदिने अभिभारा लिन्छ । इन्दुका सामु ज्ञानेन्द्र लमीका रूपमा उपस्थित हुन पुग्दा 'मैले वर खोजिसकेको छु' भनी इन्दुले भन्छिन् । एक महिनापछि इन्दुको प्रयासले नै सत्य कुरा बाहिर आउँछ । अन्ततः केटो त उही लमी हुन पुग्ने मान्छे नै हुन्छ र केटीकै शूरोपनको कारणले ऊ लमीबाट दुलाहा बन्न पुग्छ ।

**पात्र**

कथाका प्रमुख पात्र ज्ञानेन्द्र र इन्दु हुन् । ज्ञानेन्द्र एक भलाद्मी पात्र हो । आफ्नो मनभित्रका कुरा भन्न नसकेर प्रेमिकाकै लागि केटो खोजिदिन भाउजूको नजरमा लमी बन्न तयार हुन्छ । प्रेमिकाको नजरमा लाछी र कायर पात्र हो । इन्दु कथाकी नायिका हुन् । उनकै शूरोपनाको कारणले ज्ञानेन्द्र लमीबाट दुलाहा बन्न सफल हुन्छ । इन्दुकी भाउजू सहायक पात्र हुन् भने इन्दुका दाजु पनि देखापर्छन् ।

**दृष्टिविन्दु**

प्रस्तुत कथा तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ । कथाको आदि, मध्य, अन्त्य सबै भागमा ज्ञानेन्द्र देखा परेको छ । कथा सुखान्तमा आएर टुङ्गिएको छ । ज्ञानेन्द्र र इन्दु दुवै तृतीय पुरुषका पात्रहरू भएकोले यस कथामा बाह्य दृष्टिविन्दुको प्रयोग भएको स्पष्ट छ । कथामा ज्ञानेन्द्र इन्दुलाई मन पराउँछु भन्न नसकी लमी बन्न तयार भई आन्तरिक दुःखलाई आफूभित्र नै दबाएर राखी प्रेमिकाबाट तर्कीतर्की हिँड्छ भने इन्दुलाई एक साहसी प्रेमिकाको रूपमा देखाई तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

**परिवेश**

शहरी वातावरण नै यस कथाको परिवेश हो । इन्दुको घर, कुनै परिवर्तन नभई यथावत रहेको इन्दुको कोठा नै मुख्य परिवेशको रूपमा आएको छ । एक्काईसौँ शताब्दीमा पनि जातपातको ख्याल गरिनाले झण्डै दुलाहा बन्नुपर्ने मान्छे लमी बन्न पुगेको छ । आफ्नो मनका कुरा व्यक्त गर्न नसक्दा प्रेमिकाको नजरमा लाछी र छुच्चो बन्नुपरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ ।

**भाषाशैली**

प्रस्तुत कथामा सरल र सुबोध्य भाषाशैलीको प्रयोग गरिएको छ । कथामा 'विस्तीर्ण निधार', 'इन्द्रधनुझैँ आखिभूइँ', 'लाम्चिला चुलबुले आँखा', 'लिपिस्टिक नलाए पनि रात्तिएका ओठहरू', 'सुराहीदार गर्दन', 'फूलको थुँगाजस्तो हलुको तर यौवन प्रवेश शरीर' जस्ता सुन्दर आलङ्कारिक पदावलीको प्रयोग गरिएको छ । भाषाशैली सरल

र संवादात्मक छ । यौन मनोभावनाको विश्लेषण गर्ने शब्दहरू जस्तै 'भर्खर भर्खर परिपुष्ट वक्ष', 'केही भरिलो नितम्ब प्रदेश', 'लामा-लामा गोडा' आदिको प्रयोग गरिएको छ ।

### उद्देश्य

युवक र युवतीको विपरीत लिङ्गप्रतिको आकर्षण भए पनि एक अर्काप्रति आफ्नो भावना प्रकट गर्न नसक्दा झण्डै दुर्घटना निम्तेको अवस्थालाई चित्रण गर्नुका साथै प्रेमले उँच-नीचको जातीय, धनी-गरीबको वर्गीय विभेदलाई पन्छाउन सके जीवन सुखमय हुने सन्देश यस कथाले दिन्छ ।

## ५.१.१.६ काफल पाक्यो

### कथानक

'काफल पाक्यो' लोकआहानलाई सम्बद्ध गराएर लेखिएको कथा हो । कथाकारले लोककथाको 'काफल पाक्यो' प्रसङ्गलाई आफ्नो कथामा टिपेका छन् । यो एक वियोगान्त कथा हो । कथाभित्रको लोककथामा एउटी विधवा आमाकी सुन्दरी छोरीको विवाह राजकुमारसँग हुन्छ र काफल पाकेपछि खान आउँछु भनेर कहिल्यै नआएपछि आमा पीरैपीरले मरेको र चरी बनेर प्रत्येक वर्ष 'काफल पाक्यो' भन्दै वन घन्काउने गरेको कथा आफ्नो छोरीलाई सुनाउँछिन् । यस कथाकी साहिँलीले छोरीलाई 'मोटरबाटो बन्दैछ, तिमीले मलाई लोककथाकी राजकुमारीझैं बिर्से पनि बाटो बनेपछि म खोज्दै र सोध्दै छोरीलाई नै भेट्न आउँछु' (पृ. १५०) भन्छे अनि सानी लजाउन पुग्छे । साहिँलीकै घरछेउमा मोटरबाटो बनाउँदा फुटेर आएको ढुङ्गाले शहर जाने सपना बोक्ने सानी खप्पर फुटेर मर्दछे । गाडी चढेर शहर पुग्ने सपना देख्दादेख्दै वनचरी हरवर्ष 'काफल पाक्यो' भनेर मीठो स्वरमा गीत गाउँछे तर साहिँलीजस्तै अधिकांश देशवासीका लागि सपनामा कहिल्यै काफल पाक्दैन । देशमा भौतिक विकासका पूर्वाधारहरू खडा भए पनि साधन नहुनेलाई वा शहरसम्म जाने क्षमता नभएकालाई सडक बनेपनि 'कागलाई बेल पाक्यो हर्ष न विस्मात्' भन्ने उखान चरितार्थ भएको देखाउन खोजिएको छ ।

**पात्र**

प्रस्तुत कथाका प्रमुख पात्रहरू साहिँली र मैयाँ हुन् । साहिँली आफ्नी छोरीलाई लोककथा सुनउने, कथाकै राजकुमारी ठानी शहरको राजकुमारसँग विवाह गरी पठाइदिने धोको राख्ने प्रतिनिधि पात्र हुन् । सपना सपनै रहे पनि मरेपछि स्वर्गमा छोरी भेट्न सकूँ भनी पशुपतिनाथको पुकार गर्न शहर जान्छिन् । अर्की पात्र मैयाँ एक्ली छोरी, बाठी र बुद्धिमानी बालपात्र हुन् । गाउँमा आएको विकासको लहरसँगै सुखद भविष्यको कल्पना गर्ने बालपात्र हुन् । अन्य पात्रहरूमा विष्णु, विष्णुका बाबुआमा, पुजारी बाजेकी बुहारी छन् ।

**दृष्टिविन्दु**

'काफल पाक्यो' कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । साहिँली कथाको सुरुदेखि अन्त्यसम्म तृतीय पुरुष दृष्टिविन्दुको रूपमा आएकी छ। साहिँलीले आफ्नी छोरी मैयालाई सुनाएको लोककथाबाट कथाको कथावस्तु अगाडि बढ्दछ । साहिँली एक विधवा नारी हुन् । साहिँली र उनकी छोरी मैयाको क्रियाकलाप घटनाक्रम अनुसार देखाउनुले कथा बाहय दृष्टिविन्दुमा आधारित छ । अर्को पात्र विष्णु पनि तृतीय पुरुष दृष्टिविन्दुकै रूपमा रहेको छ ।

**परिवेश**

यस कथामा ग्रामीण परिवेशलाई देखाइएको छ । 'भर्खरभर्खर मोटरबाटो खनिनु', 'बाख्रा चराउनु', 'काफल पाक्नु', 'भाकल', 'पूजा' आदिले ग्रामीण परिवेश देखाएको छ। विधवा आमा साहिँलीलाई मुख्य पात्र बनाएर निम्नवर्गीय परिवारलाई कथाको परिवेशको रूपमा ल्याइएको छ । गाउँमा विकास आए पनि निम्नवर्गीय परिवारको लागि शहरको कल्पना कल्पनामै सीमित रहने यथार्थता झल्काउने प्रयास यसमा गरिएको देखिन्छ ।

**भाषाशैली**

'काफल पाक्यो' कथा प्रस्तुतीगत दृष्टिमा सरल छ । सहज र स्वाभाविक भाषाशैलीको प्रयोग यसमा भएको पाइन्छ । 'त', 'नि', 'पो', 'रे', 'कि' जस्ता निपात शब्दहरू, 'छ्या !' विष्मयादिबोधक शब्द, उकालो-ओरालो, जँघारसँघार जस्ता अनुप्रासयुक्त

शब्दहरू र 'मारे पाप पाले पुण्य' जस्ता टुक्काको प्रयोग गरिएको छ । यस कथामा संवादात्मक नाटकीय शैलीको प्रयोग भएको छ ।

**उद्देश्य**

प्रस्तुत कथाको उद्देश्य गाउँमा विकासको पूर्वाधार तयार भए पनि निम्नवर्गीय पात्रको लागि जहिल्यै पनि सङ्कट आइरहने, जस्तोसुकै सङ्कट सहेर पनि बाँच्नुपर्ने तीतो यथार्थलाई सङ्केत गर्नु रहेको छ । 'गाउँमा विकास हुन्छ' भनेर सुखद भविष्यको कल्पना गर्ने निम्नवर्गीय मानिसहरूको सपना सपनामै सीमित रहने वास्तविकता देखाउनु यस कथाको आशय हो ।

### ५.१.१.७ कुशेश्वरको बसाइँ

**कथानक**

पैसाको लागि देवीदेवताका मूर्तिहरू समेत बेच्न पछि नपर्ने द्रव्यपिशाचहरूको चरित्र चित्रण गरिएको यस कथामा मन्दिरको रक्षक नै मूर्तिको भक्षक भएको अवस्था देखाइएको छ । कथा मन्दिरकै पुजारीद्वारा मूर्ति चोरिएको र पछि पोल खुलेको घटनामा बुनिएको छ । कथामा मूर्ति चोर्ने पुजारीले देवताले उसलाई सपनामा आएर बसाइ सरेको कथा सुनाउँछ जसका कारण जनमानसमा हंगामा मच्चिन्छ । तर जब भागबन्डामा छोरासँग पुजारीको कुरा मिल्दैन तब छोरोले नै पोल खोलिदिन्छ कि बुढोले नै कुइरेलाई १६ सयमा बेचिदिएको रहेछ । देवता बसाईं सर्छन् भन्ने नारा समाजमा उरालेर मूर्ति बिक्री गर्दै नयाँ मन्दिरको प्रतीष्ठा गर्दै अध्यात्मवादी जनताहरूको विश्वासमा कुठाराघात गर्ने तस्कररूपी पुजारीको चरित्र यस कथामा नङ्ग्याइएको छ । पुजारीको गृहकलहबाट मूर्तिको रहस्योद्घाटन हुनुले पाप धुरीबाट कराउँछ भन्ने तथ्य पुष्टी हुन आएको छ । यस कथामा धर्मका नाममा ठगी गर्ने पुरोहितहरूको चरित्रलाई रहस्योद्घाटन गरिएको छ ।

**पात्र**

प्रस्तुत कथाको मुख्य पात्र हरिप्रसाद उपाध्याय हुन् । 'हरिबाजे' शुरुमा अनुकूल हुँदै अन्त्यमा प्रतिकूल पात्रको रूपमा आउने गतिशील पात्र हुन् । धर्मको नाममा ठगी गर्ने दुष्ट चरित्र उनको चित्रित छ । अन्य पात्रहरूमा प्रधानपञ्च, हरिबाजेको छोरा, भँगेरी

र सल्लेरीवासी गाउँले युवा, ठिटा रहेका छन् । पुजारीलाई देवतासरह पुज्ने भँगेरी र सल्लेरीमा बस्ने बूढापाकाहरू गौण छन् ।

**दृष्टिविन्दु**

प्रस्तुत कथा तृतीय पुरुष दृष्टिविन्दुमा आधारित छ । पुजारी, गाउँलेहरू, पुजारीको छोराको केन्द्रीय सेरोफेरोमा कथा रचना गरिएकोले यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

**परिवेश**

यस कथाको परिवेश रामेछाप जिल्लाको भँगेरी गाउँ, कुशेश्वर महादेवको मन्दिर, सल्ले आदि रहेका छन् । धर्मको नाममा वर्षौंदेखि ठगी गर्दैआएका ढोंगी पुजारी, तिनले सिर्जना गरेका भ्रामक हल्लाहरू, आँखा चिम्लेर विश्वास गर्ने गाउँलेहरू, पुजारीको लहैलहैमा लाग्ने आध्यात्मवादीहरू कथाको परिवेशको रूपमा आएका छन् । शिवरात्री पर्व धार्मिक तथा सांस्कृतिक परिवेशको रूपमा आएको छ ।

**भाषाशैली**

प्रस्तुत कथामा सरल नेपाली भाषाको प्रयोग भएको पाइन्छ । यस कथाको भाषा सहज र सरल भए पनि संवादात्मकताले ठाउँ पाएको छ । 'मूर्ति', 'पिण्ड', 'धर्म', 'मासु', 'पात्र भक्ति' जस्ता तत्सम शब्दहरू, 'न', 'त', 'नै', 'र', 'रे', 'खै' जस्ता निपात शब्दहरूको प्रयोग भएको छ । 'रातोमाटो', 'शिवलिङ्ग', 'डमरुधारी', 'मानवनिर्मित', 'प्रधानपञ्च', 'त्रिवेणी' जस्ता समस्त शब्दहरूको प्रयोगले कथालाई सजीवता प्रदान गरेको छ ।

**उद्देश्य**

प्रस्तुत कथाले धर्मको नाममा पुरोहित भनिने वर्गले वर्षौंदेखि सर्वसाधारण जनताबाट ठगी गर्दैआइरहेको कुरा प्रस्तुत गरेको छ । यस कथाको उद्देश्य धर्मलाई पेशा बनाउने पुरोहितले आफैं मूर्ति चोरी आफैं भ्रामक हल्ला फिँजाएर अध्यात्मवादी जनताहरूलाई भ्रमित बनाई नयाँ मन्दिर बनाउन लगाउने पुजारीको चरित्रलाई नाङ्गो बनाई देखाउनु रहेको छ ।

### ५.१.२ 'शान्ति : कान्ति' कथा सङ्ग्रहको अध्ययन

#### ५.१.२.१ परिचय

कथाकार अमरकुमार प्रधानको **शान्ति : कान्ति** कथा सङ्ग्रह (२०५७) दोभान प्रकाशनबाट प्रकाशित कृति हो । यसमा लामाछोटा आकारका २६ कथाहरू सङ्ग्रहित छन् । तीमध्ये ६ ओटा **त्रिविध** कथासङ्ग्रहमा चर्चा गरिसकिएको छ । बाँकी २० कथाहरूको प्रमुख कथातत्त्वका आधारमा यहाँ चर्चा गरिएको छ ।

#### ५.१.२.२ चरो उडेपछि

'चरो उडेपछि' कथामा नारीसुलभ मनका सोचाइहरू प्रस्तुत गरिएको छ । कथाकी नायिका कुनै समयमा कथाको नायकसँग छिमेकी रहेकी हुन्छिन् । एक समय नायकले नायिकालाई अखबारमा छापिने समवेदना विज्ञापन देखाएर भनेका हुन्छन् : 'म मरे यसरी समवेदना कल्ले प्रकट गर्ला ?' (पृ. १७५) । यसैको सन्दर्भमा कथा पूर्वस्मृतिका पानाहरू साथ विस्तारित हुन्छ । नायकको कठोर, निष्ठुरी उपनाम पाएकी नायिका कथाभरि नायकको प्रेमिका नभई दृढ स्वभावकी दह्रो व्यक्तित्त्वको रूपमा रहेकी छिन् ।

**पात्र**

कथाको प्रमुख पात्र 'म' हो । 'म' पात्र नारी पात्र हो । नायक विरामी हुँदा पनि भेट्न नजाने, नायकको मृत्युपछि संवेदित भई अर्को जन्ममा आफ्नो जिन्दगीको पहिलो पुरुष भएर आउनू भन्ने गतिशील पात्रको रूपमा 'म' पात्र चित्रित छ । कथाको नायक सामान्य युवक हो । नायिकालाई एकोहोरो शाश्वत प्रेम गर्ने, आफू विरामी हुँदा भेट्न नआउने उसलाई निष्ठूरीको संज्ञा दिँदै टाढिँदै जाने असफल प्रेमीको रूपमा नायक चित्रित छ । अन्य पात्रहरू सानिमा, काकी, बहिनी रहेका छन् ।

**दृष्टिविन्दु**

प्रस्तुत कथा प्रथम पुरुष अर्थात् आन्तरिक दृष्टिविन्दुमा लेखिएको छ । कथामा 'म' पात्रले पूर्वस्मृतिका पानाहरूका साथ एकालाप गर्दैबढेको कथा सम्पूर्ण घटनाहरूको

अनुभवकर्ता ‘म’ पात्र मात्रै भएकोले र उसकै मानसिक स्थितिमा नै कथानक सृजना भएकोले केन्द्रीय दृष्टिविन्दु रहेको स्पष्ट छ ।

**परिवेश**

‘चरो उडेपछि’ कथाको परिवेशलाई हेर्दा आमाको मृत्युपछि बाबुको मायाबाट ठगिएकीले अरूको मायाप्रेममा पनि आडम्बर देख्नु र सबैलाई बुबाजस्तै ठानी प्रेमलाई नकार्दा आत्मपीडा भएर अर्को जन्मको अपेक्षा गरेको अवस्था देखाउनु रहेको छ । नायक नायिकाको छिमेकको रूपमा रहनु, नायकका गफ, चुट्किलामा रमाउनु, नायक विरामी हुँदा पनि नायिका हेर्न नगएर नायकबाट ‘निष्ठुरी’, ‘कठोर’ उपनाम पाउनु, नायकको मृत्यु भएको पत्रिकाको समवेदना हेरेर थाहा पाई नायिका तटस्थ हुनुजस्ता आन्तरिक कथात्मक घटनाक्रम नै कथाको परिवेश हुन् ।

**भाषाशैली**

‘चरो उडेपछि’ नारीको तर्फबाट लेखिएको आत्मपरक कथा हो । पूर्वस्मृतिका पानाबाट आत्मसंस्मरणात्मक शैलीमा लेखिएको प्रस्तुत कथामा सरल, सहज, संवेद्य भाषाको प्रयोग गरिएको छ । ‘च्च !’, ‘दाइ !’, ‘अखबार सर्सर्ती पढैँ मात्र !’, ‘म मरिहाल्छु नि दाइ !’ जस्ता शब्दहरूमा विस्मयादिबोधक चिह्नको प्रयोगले कथा सम्वेदनात्मक बन्न पुगेको छ । ‘फलफूल’, ‘हुलयाहा’, ‘तरुणावस्था’ जस्ता समस्त शब्दहरू, ‘कि’, ‘नै’, ‘त’, ‘मै’, ‘नै’ जस्ता निपात शब्दहरूको प्रयोग गरिएको छ ।

**उद्देश्य**

प्रस्तुत कथाको उद्देश्य कठोर र कुनै विषयप्रति गम्भीर नरहेकाले नायकलाई गुमाउनु परेको मायाप्रेमलाई आडम्बर मान्नेले अन्तमा पूर्वजन्मको अपेक्षा गर्नुपरेको, सबै पुरुषलाई समान ठान्दा आफूलाई माया गर्ने पुरुष गुमाउनु परेको अवस्थाको चित्रण गर्नु रहेको छ ।

### ५.१.२.३ बन्द कोठा कि शिखण्डी

**कथानक**

यो कथामा 'म' पात्रले एक अति सुन्दरी र आकर्षक देखिने आफ्नी प्रेमिकालाई 'सुम्निमा' उपन्यासको 'पारुहाङ' ले 'सुम्निामा'लाई माया गरे झैँ नाम पनि परिवर्तन गरेर माया गर्दछन् । 'म' पात्र आफ्नो कामको सिलसिलमा पाँच हप्ताको लागि आफ्नी प्राणप्यारी सुम्निमाको छविलाई मुटुमा उतारेर बैङ्कक जान्छन् र पाँच हप्ताको बसाइ पाँचवर्षे बसाइझैँ मुश्किलले बिताएर आफ्नी प्रेमिकालाई शरीर प्रशोधनको सामान साथै विवाहका लागि सुन किनेर फर्कन्छन् । अनेक आशा, उत्साहसाथ प्रेमिकाको निवासस्थलमा पुग्दा प्रेमिका अर्कैकी भइसकेकी आभास हुन्छ र 'म' पात्र निराश भई बन्दकोठाको कारणले हो वा आफू नै शिखण्डी भइदिएर हो यो सब भएको भनी आफैंले आफैंलाई प्रश्न सोधेर अनुत्तरित प्रश्नबीच कथा टुङ्गिन्छ ।

**पात्र**

प्रस्तुत कथामा 'म' पात्र प्रमुख हो । कथानकको आरम्भदेखि अन्त्यसम्म 'म' पात्रको सक्रिय भूमिका छ । आफ्नी प्रेमिकालाई अगाध प्रेम गर्ने, प्रेमिकाविनाको संसार अन्धकार ठान्ने एक विवश प्रेमीको रूपमा 'म' पात्र उपस्थित हुन्छ । 'म' पात्रकी प्रेमिका 'मधु' अर्की पात्र हुन् । उनी अवसरवादी महिलाको रूपमा प्रस्तुत छिन् । 'म' पात्र वरिपरि रहँदा उसकै प्रेमिकाको अभिनय गर्ने तर उसको अनुपस्थितिमा अर्कैलाई अँगाल्ने चरित्रहीन युवतीको भूमिकामा उनी छिन् ।

**दृष्टिविन्दु**

प्रस्तुत कथाको आरम्भदेखि अन्त्यसम्म 'म' पात्रको भूमिका केन्द्रीय छ । कथावाचक नै 'म' पात्र हो । आत्मपरक शैलीमा लेखिएको प्रस्तुत कथामा प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दु प्रयोग गरी लेखिएको पाइन्छ । 'म' र 'तिमी' पात्रको प्रयोग गरिएको यो कथाको दृष्टिविन्दु आन्तरिक भएको र 'म' पात्रकै संवेगात्मक स्थितिबाट कथा अगाडि बढेको छ ।

**परिवेश**

प्रस्तुत कथाको परिवेश प्रेमिकाको निवासस्थल र बैठक, शाही थाम् सिंचाइ आयोजना, त्यहाँको रात्री जीवनको वातावरण पइन्छ ।

**भाषाशैली**

यो कथा आत्मपरक शैलीमा लेखिएको संस्मरणात्मक कथा हो । संवादात्मक शैलीमा लेखिएको यो भाषा सरल, सहज र सुबोध छ । यसमा थोरै पात्रहरूको प्रयोग छ । कथाको अन्तमा 'म' पात्रले प्रेमिकाको लागि देखेको सपना चकनाचुर भएकोले भाषाशैली कारुणिक र मर्मस्पर्शी बन्न पुगेको छ ।

**उद्देश्य**

प्रस्तुत कथामा समय अनुसार परिवर्तन हुने प्रेमिकालाई नचिनी एकोहोरो प्रेम गर्दा प्रेमीले पछुताउनु परेको अवस्थालाई देखाउनु नै यस कथाको उद्देश्य हो । यौन विकृतिलाई देखाउनु पनि यस कथाको अभिप्राय हो ।

**५.१.२.४ काबासा**

**कथानक**

'काबासा' कथाको कथानक 'म' पात्र सरकारी विभागको एउटा शाखाको हाकिमको पद सम्हाल्न पुगेर अफिसका स्टाफहरूसँगको परिचय आदानप्रदानबाट शुरु भएको छ । परिचयको क्रममा सुविनाले खरिदार काबासा (प्रेमबहादुर सिंह) सँग परिचय गराउँछे । कथा शीर्षक नै 'काबासा' रहेको प्रस्तुत कथामा काबासाको चरित्र चित्रण सँगसँगै कथाको समाप्ति भएको छ । काबासाको खास अर्थ सुविनाको काकाबाजेका साथी प्रेम सिंह अनि काकाबाजेको साथी भन्न सजिलो र छोटो हुने भएकोले उनको वास्तविक नाम हराएर काबासा परिचित नाम बन्न पुगेको छ । उनी २०१४ सालको सहायक क्लर्क पदमा जागिरे भई विभागभरिमै सबैभन्दा पुराना कर्मचारी भएको र अत्यन्तै अनुशासित इमानदार कर्मचारी भएको, काबासाको बारेमा 'म' पात्रको अनुमान 'उसले जागिर पनि छोड्दैन, बिहे पनि गर्दैन' भन्ने थियो । आफ्नो काम इमानदारीपूर्वक गर्ने तर कतैबाट पनि वृत्तिविकासको

अवसर नपाउने काबासाले २०४६ सालको जनआन्दोलनको 'विकास र अस्थायी कर्मचारीलाई दुई महिनाभित्र स्वेच्छिक अवकाश लिन चाहेमा काम गरेको अवधिको प्रतिवर्षदिनको एक महिना बराबरको तलब पाउने व्यवस्था' भएपछि उनले त्यो पनि नपाइएला भनेर ३५ महिना बराबरको रकम लिएर जागिरबाट अवकाश लिए, बिहे पनि गरे र घर पनि बनाएर 'म' पात्रको धारणालाई गलत बनाइदिए ।

**पात्र**

प्रस्तुत कथाका मुख्य पात्रहरू 'म' पात्र र काबासा हुन् । काबासा एक इमानदार, सोझो, अनुशासित कर्मचारी हो । जस्तोसुकै बाध्यात्मक अवस्थालाई हाँसिहाँसी स्वीकार्ने व्यक्ति हुन् । 'म' पात्र कथावस्तुलाई अघि बढाउन उपस्थित भएका छन् । अन्य पात्रहरू सुविना, अन्जिरजी, रत्नजी, प्रेम सिंह रहेका छन् ।

**दृष्टिविन्दु**

प्रस्तुत कथामा 'म' पात्रले 'काबासा' को चरित्रको वर्णन गरेको छ । 'म' पात्र प्रथम पुरुष दृष्टिविन्दुको रूपमा आएपनि सम्पूर्ण कथा 'काबासा' को क्रियाकलापमा आधारित भएकोले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । सोझासाधा, इमानदार व्यक्तिको लागि प्रजातन्त्र 'कागलाई बेल पाक्यो हर्ष न विस्मात्' झैँ भएको प्रसङ्ग उल्लेख गरिनुले तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

**परिवेश**

'काबासा' कथाको परिवेश सरकारी कार्यालय हो । कथामा भारत, पोखरा जस्ता ठाउँहरूको परिवेश छ ।

**भाषाशैली**

'काबासा' कथाको कथावस्तु रैखिक ढाँचामा आधारित छ । आदि, मध्य र अन्त्यको उचित संयोजन भएको पाइन्छ । संवादात्मक शैली छ । 'स्टोरकिपर', 'सरी', 'पेन' जस्ता आगन्तुक शब्दको प्रयोग भएको छ । कथा शीर्षक 'काबासा', संक्षिप्त शब्दको प्रयोगले पाठकमा कौलुहलता सिर्जना गर्छ ।

**उद्देश्य**

राजनीतिमा पहुँच नभएका व्यक्तिहरू 'काबासा' जस्तै बन्नुपर्ने बाध्यता देखाउँदै निम्नवर्गीय, मिहिनेती मानिसहरूमाथि समाज साथै राष्ट्रले पनि शोषण गर्ने र विभिन्न सुविधाबाट विमुख गराउने, घुसखोर समाजको पर्दाफास गर्ने आदि यस कथाका उद्देश्य हुन् ।

**५.१.२.५ रूपा**

**कथानक**

हङकङस्थित व्यस्त कौलिन बजारमा कथाकारले एक युवतीलाई भेट्छन् । कतै देखेचिने जस्तो लाग्छ । नाम सोध्दा युवतीले 'रूपा शेरचन' घर पोखरा बताउँछिन् । कथाकारले कहिल्यै पनि यो नामको युवतीसँग भेट नभएको तर अनुहार चिनेजस्तो लागेर रहस्यमय रूपाको बारेमा सोच्दा कल्पना र तन्द्राबीच ती युवती रूपा नभएर 'रुक्मा गौतम' भएको सम्झन्छन् जसलाई ऊ सिन्धुपाल्चोकमा अधिकृत भएको बेला छद्मभेषी हरिशरण चौलागाईंले आफ्नी भाउजू भनी चिनाएर राहदानी सिफारिस पत्रमा सही गराउन ल्याएको हुन्छ । यसरी नुवाकोटकी रुक्माले किन रूपा शेरचन नाम बताई भन्ने प्रश्न उठ्छ, चिया पिउन जाँदा फेरि उनै युवतीसँग भेट हुन्छ । असली नाम नबताई किन ढाँट्नुभो भनी सोध्दा उनले बम्बई जानबाट जोगिन साथै अविवाहित भएर पासपोर्ट लिन अफ्ठ्यारो हुने भएर विवाहित लेखाएको बताउँछिन् । सिन्धुपाल्चोकका धेरैजसो युवतीहरू बम्बई पुगी नारकीय जीवन बिताएको, सोबाट बच्न नक्कली नाम बताई हङकङ गएको बताउँछिन् । कथा समाप्त हुन्छ ।

**पात्र**

प्रस्तुत कथामा 'म' पात्र, 'हरिशरण' र 'रुक्मा गौतम' मुख्य छन् । 'म' पात्रले केन्द्रीय भूमिका निभाएका छन् । 'हरिशरण' छद्मभेषी भई कहिले गैरसरकारी संस्थामा सामाजिक सेवा कार्यकर्ता, कहिले बम्पर उपहार कार्यक्रमको एजेन्ट त कहिले दलालको भूमिकामा हुन्छ । सोझा नेपाली नारीलाई अनेक प्रलोभनमा पारी बम्बईको कोठीमा पुऱ्याउने प्रतिकूल

पात्र हो 'हरिशरण' । 'रुक्मा गौतम'ले आफ्नो आर्थिक अवस्था कमजोर भएको कारण नाम र सम्बन्ध नै ढाँटेर विदेशिने नारीहरूको प्रतिनिधित्त्व गरेकी छन् ।

अन्य पात्रहरूमा 'म' पात्रको भाइ उज्ज्वल, बङ्गलादेशका गृहमन्त्रालयका अधिकृत उद्दिन, मित्र विश्वनाथ भेटवाल, धर्मबन्धु, सडकका इन्जिनियर दिनबन्धु तिवारी, रुक्माका साथीहरू शीला, नीता, उर्मिला रहेका छन् ।

**दृष्टिविन्दु**

यस कथामा 'म' पात्र नै सम्पूर्ण कथाको समख्याताको रूपमा आएकोले प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ । 'म' पात्रले नै कथाका सबै पात्रको आन्तरिक व्यवहारको व्याख्या गरेको छ ।

**परिवेश**

कथामा सिन्धुपाल्चोक, हङकङ शहरको विमानस्थल चुकिमेन्सन (विशालबजार गृह), अन्तर्राष्ट्रिय विमानस्थल कारटाङ, नयाँ विमानस्थल चेकलाकपोक, बेलायत, बङ्गलादेश, जापान, श्रीलङ्का, कोउलिनको व्यस्त बजार, नुवाकोट, किम्वेरी रोड, बम्बई, पोखरा जस्ता ठाउँहरू परिवेश बनाइएको छ । पसल, भोजनालय, आवासगृह छन् । सिन्धुपाल्चोकका नारीहरू उमेर पुगेपछि आर्थिक अवस्था उकास्न विदेश जानुपर्ने बाध्यता, नाम र काम ढाँटी विदेश जाने नेपाली नारीहरूको सत्यताको परिवेश चित्रित छ ।

**भाषाशैली**

कथाको भाषा सहज, सरल र सुबोध छ । संस्मरणात्ममक शैलीमा वर्णनात्मक र संवादात्मक शैली छ । कथाको संवाद पक्ष पात्रानुकूल रहेको छ ।

**उद्देश्य**

कमजोर आर्थिक अवस्थाका कारण विदेशिन बाध्य सोझासीधा चेलीहरू बम्बईमा बेचिएर दर्दनाक जीवन बिताउनुपरेको अवस्था देखाउनु साथै नक्कली नाम र सम्बन्ध देखाई विदेशिने लहड चलेको तर त्यसले पार्ने असर नसोच्ने नेपाली नारीहरूलाई स्वदेशमा नै सुरक्षित रहन आग्रह गर्नु कथाको उद्देश्य हो ।

### ५.१.२.६ बम्पर सुपर

**कथानक**

कथामा 'म' पात्रको रूप, सीप, र प्रशस्त दाइजो तीनै कुराको अभाव भएकी विमलासँग करैले विवाह हुन्छ । उनीहरूको एउटा छोरा पनि छ । 'म' पात्रको साथी सुदीप राणा र भाइटीका लगाएकी बहिनी सुलोचनाले पटकपटक सापटी लिएको पैसाको बदलामा बम्परको कार्ड जुन 'म' पात्रको छोराको नाममा काटिदिएको हुन्छ । विनालगानी बम्परको ग्राहक भएको 'म' पात्रले बम्पर पऱ्यो भने दराज प्रभालाई र फ्रिज सुलोचनालाई दिने शर्त राख्दछन् । नभन्दै सुपर बम्परको पहिलो चिठ्ठा 'म' पात्रलाई पर्दछ र शर्त बमोजिम बम्परको उपहार उनीहरूलाई दिन खोज्दा श्रीमतीले उसको इमानमा बाधाअड्चन ल्याउँछिन् । 'म' पात्रलाई बम्पर परेको सबैलाई थाहा भएको तर स्वयम्ले ती उपहारहरू नदेखेको 'म' पात्रको लागि त्यो बम्पर सुपर नाममात्रको उपहार भएको प्रसङ्गलाई कथामा प्रस्तुत गरिएको छ ।

**पात्र**

प्रस्तुत कथामा 'म' पात्र, उसकी श्रीमती विमला, साथी सुदीप, बहिनी सुलोचना, छोरो, र जागिरे प्रभा जस्ता पात्रहरू चयन भएका छन् । 'म' पात्र इमानजमानको भए पनि श्रीमतीको अगाडी कमजोर व्यक्तिको रूपमा प्रस्तुत भएको छ । आफ्नो इमानमा अड्चन हाल्दा पनि प्रतिवाद गर्न नसक्ने निरीह पुरुष पात्र हो । श्रीमती विमला अत्यन्तै छुच्ची, श्रीमानलाई हरसमय बन्धनभित्र बाँध्न चाहने, इमान, जमानको पर्वाह नगर्ने दुष्ट चरित्रकी छन् । निम्न वर्गीय पात्र सापट मागेर घर चलाउन विवश नारीको रूपमा सुलोचना छिन् ।

**दृष्टिविन्दु**

प्रथम पुरुष दृष्टिविन्दुमा रचित यस कथामा 'म' पात्रका तर्फबाट सम्पूर्ण कथा प्रस्तुत गरिएको छ । यस कथामा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दु प्रमुख भए पनि संवादका क्रममा तृतीय पुरुष दृष्टिविन्दुको समेत उपयोग भएकाले मिश्रित दृष्टिविन्दुको प्रयोग भएको छ ।

**परिवेश**

'बम्पर सुपर' शीर्षक कथाको परिवेश 'म' पात्रको घर र सुलोचनाको घर हो । गरिबीमा पिल्सनु, ऋण लिएर मोजमस्ती गर्नु, भाइटीका जस्ता प्रसङ्गहरूको परिवेशमा कथा रचिएको छ ।

**भाषाशैली**

यस कथाको भाषाशैली सरल र संवादात्मक किसिमको छ । 'बम्परसुपर', 'फ्रिज', 'सरी' जस्ता आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । 'ऋणम् कृत्वा घृतम् पिवेत्' जस्ता संस्कृत शब्द पनि प्रयोग भएको छ ।

**उद्देश्य**

यस कथाको मुख्य उद्देश्य बाध्यतावश विवाह गरेकी श्रीमतीले श्रीमान्लाई इमानजमान पूरा गर्न नदिई कसरी बेइमान बन्न बाध्य बनाउँछन् भन्ने देखाउनु हो ।

**५.१.२.७ बागिश्री**

**कथानक**

प्रस्तुत कथामा कथाकारले आफ्नो छोरालाई काठमाडौं उपत्यकाको उत्पत्तिबारे मञ्जुश्रीले काठमाडौंको दक्षिणतिरको डाँडो काटी दहको पानी निकास खोलिदिएर मानव बस्ती बसालेको बताउँदै जाँदा नेपालगञ्ज भई काठमाडौं फर्कंदाको यात्राको क्रममा विमानमा भेटिएकी बागिश्री राणालाई सम्झन पुग्दछन् । त्यही घटनालाई संस्मरण गरेर प्रस्तुत कथा रचिएको छ । लेखकको विमानभित्र वागिश्री राणासँग भेट भएको र दुवैबीच विभिन्न विषयमा छलफल भएको, लेखकलाई तिनी जुनसुकै विषयमा पनि विज्ञ भएको महसुश हुन्छ । त्रेतायुगमा विशाल दह खोली काठमाडौं उपत्यका बसाल्न बौद्ध सम्प्रदायको पुरुष देवता मञ्जुश्रीले हिन्दु सम्प्रदायकी नारी देवी सरस्वतीको रूपमा सम्मान पाउन थालेको धार्मिक सहिष्णुताको कुरा बताई वागिश्रीलाई पनि लेखक बागेश्वरी अर्थात् सरस्वतीको रूपमा सम्झन पुग्दछन् ।

## पात्र

'बागिश्री' कथामा 'म' पात्र, उसको छोरा र बागिश्री रहेका छन् । 'म' पात्र प्रकृति प्रेमी हुन् भन्ने कुरा विमानको झ्यालबाट हेरेर सुदुर उत्तरको वर्णन गरेकाले थाहा पाउन सकिन्छ । बागिश्री राणा जुनसुकै विषयको कुरा गरे पनि त्यसबारे प्रशस्त विज्ञता व्यक्त गर्ने खुबी रहेकी विद्वत् नारी पात्र हुन् ।

## दृष्टिविन्दु

प्रथम पुरुष दृष्टिविन्दुमा रचित यस कथामा 'म' पात्रका तर्फबाट सम्पूर्ण कथा प्रस्तुत गरिएको छ । म पात्रले नै स्मरण गर्दै सम्पूर्ण कथा प्रस्तुत गरेकोले आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

## परिवेश

यस कथाको परिवेश सुदूर पश्चिमबाट नेपालगञ्ज भई राजधानी फर्कने क्रममा विमानभित्रको यात्रा रहेको छ । यसमा सुदूर पश्चिमको प्राकृतिक सौन्दर्यको वर्णन पाइन्छ । मन्जुश्रीको पौराणिक कथा परिवेशको रूपमा आएको छ ।

## भाषाशैली

'वागिश्री' कथा संस्मरणात्मक शैलीमा लेखिएको छ । यसमा मन्जुश्रीको पौराणिक कथालाई पनि समावेश गरिएको छ । सरल, सहज भाषाको प्रयोग रहेको 'किन', 'त', 'र', 'नि' जस्ता निपात शब्दहरू छन् ।

## उद्देश्य

यो कथाको उद्देश्य चोरीछिपी नारी सौन्दर्यमाथि लोभ राख्ने पुरुष नारीको विद्वताबाट प्रभावित हुन पुग्दछ र नारीलाई सरस्वतीको रूपमा पुज्न पुग्दछ भन्ने देखाउनु हो । पुरुषप्रधान समाजमा नारी अस्मिताको इज्जत गर्ने भद्र पुरुषहरू पनि हुन्छन् जसले नारीलाई सदैव सम्मान गर्दछन् भन्ने देखाउनु पनि यस कथाको उद्देश्य हो ।

### ५.१.२.८ सौन्दर्य

**कथानक**

संस्कृतका पण्डित पिताले छोरालाई कवि बनाउने उद्देश्यले भारवी नामाकरण गरिएको कथाको नायक कम्प्युटरको कुशाग्र वैज्ञानिक बनी दक्षता र प्रतिभा देखाउन थाल्छ । पहिलो भेटमा नै रोजीको सौन्दर्यले मन्त्रमुग्ध भई १५/१६ वर्ष कान्छी रोजीसँग विवाह बन्धनमा बाँधिन्छ । केही महिनापछि 'म' पात्रसँग भेट हुँदा भारवी एकोहोरो टोलाउने, कसैसँग नबोल्ने, गम्भीर देखिन्छ । ऊ नबोली इशाराले कम्युटर कक्षतिर औंल्याउँछ । भारवीले भूतकाललाई हेर्ने यन्त्रको विकास गर्न चाहँदा भविष्य देखाउने यन्त्र तयार भई तीन दशकपछि रोजी पक्षघातबाट पीडित, शरीर कुरूप र जर्जर भएको भयानक भविष्यदर्शन हुन्छ । 'म' पात्रले भारवीको छटपटाहट बुझी त्यति लामो समयपछिको चिन्ता नगर्न आग्रहको साथ तनको भन्दा पनि मनको सौन्दर्यले उच्च स्थान ओगटेको हुन्छ भनी एयरफोनको माध्यमद्वारा सुनाउँदा उसको अनुहारमा मुस्कान छरिंदै जान्छ र रोजीको सुन्दर मुहारमा पनि आशाको नौलो किरण देखिन्छ । कथा समाप्त हुन्छ ।

**पात्र**

यस कथाको प्रमुख पात्र भारवी स्वदेश तथा विदेशमा ख्याती प्राप्त एक वैज्ञानिक हो । ऊ आफ्नी श्रीमतीको सौन्दर्यबाट धेरै अभिभूत हुन्छ । उसले तनको सौन्दर्यलाई सर्वोपरि ठान्ने कमजोर मनस्थिति भएका मानिसहरूको प्रतिनिधित्त्व गरेको छ । सहायक पात्र 'म' ले भारवीलाई विक्षिप्त अवस्थाबाट बाहिर ल्याउन महत्त्वपूर्ण कार्य गरेको छ । त्यस्तै भारवीकी श्रीमती रोजी, 'म' पात्रकी श्रीमती, रोजीकी आमा, भारवीका पिता आदि पात्रहरू रहेका छन् ।

**दृष्टिविन्दु**

'सौन्दर्य' कथामा भारवी, रोजी जस्ता पात्रहरूको प्रयोगले बाहच दृष्टिविन्दु देखाएको छ । भारवीको चिन्तन र भनाइसँग कथावस्तुको आरम्भ भएकोले यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

### परिवेश

'सौन्दर्य' कथाको परिवेश घर, प्रयोगशाला र कम्प्युटर कक्षमा केन्द्रित छ । सुन्दर भविष्यको आशा राख्ने, बाहच सौन्दर्यलाई मात्र महत्त्व दिने, कुरूप भविष्यदर्शनबाट आँत्तिएर समस्याबाट भाग्न चाहने मानिसहरूको वास्तविक चरित्रलाई उजागर गर्दै परिवेशलाई कथानक अनुसार सशक्त बनाएको छ ।

### भाषाशैली

प्रस्तुत 'सौन्दर्य' कथा सरल, सहज रहेको छ । भाषाशैली सरल संवादात्मक किसिमको छ । यसमा कल्पना र यथार्थको सम्मिश्रण रहेको छ । यसमा प्राविधिक, पारिभाषिक शब्दहरू 'आविष्कार', 'अनुसन्धान', 'प्रविधि', 'कम्प्युटर यन्त्र' प्रयोग भएको छ । 'ड्रप', 'मिलेनम्', 'एयरफोन', 'मेमोरी'जस्ता आगन्तुक शब्दहरूको उपयुक्त प्रयोग गरिएको छ ।

### उद्देश्य

'सौन्दर्य' कथाको मुख्य उद्देश्य बाहच सौन्दर्य भन्दा भित्री सौन्दर्यको मह□व बुझाउनु हो । भित्री सौन्दर्य भएको मानिस मरेपछि पनि जीवन्त रहन सक्छ भन्ने मुख्य आशय हो । वैज्ञानिक आविष्कारहरूले प्रकृतिलाई जित्ने प्रयास गरेका तर सबै कुरामा सफलता पाउन भने नसकेको र कतिपय आविष्कारले मानवलाई खुशीभन्दा अझ बढी दुःखी तुल्याएको देखाउनु पनि यस कथाको उद्देश्य हो ।

## ५.१.२.९ कथा–एउटा चिठीमा

### कथानक

प्रस्तुत 'कथा-एउटा चिठीमा' कथामा कथाकारको बालसखी सुशीको जीवनसँग गाँसिएका घटनाको वर्णन गरेको पाइन्छ । सुशीकी आमालाई चार छोरी जन्माएको भन्दै अवहेलना, तिरस्कार गर्दै घरबाट निकालिन्छ । एक्ली आमाले चार छोरीहरूको लालनपालनको दायित्त्व पूरा गर्न गाह्रो भएको अवस्थामा भान्दाइले एउटी छोरी माग्दछन् । आमाले आफ्नो मुटुको टुक्रासरी जेठी छोरी सुशीलाई सुन्दर भविष्यको आशा गर्दै भान्दाइको जिम्मा लगाउँछिन् । सुशीले वास्तविकता नबुझी आफू आमाबाट फचाँकिएकी

सम्झी आमालाई घृणा गर्छे र आमा कन्यादान गर्न आउँदा पनि तिरस्कार गर्छे । आमाले सबै यथार्थ चिठीमा लेखेर 'म' पात्रको हातमा सुशीलाई पठाउँछिन् । सुशीले चिठी नलिई 'म' पात्रलाई नै सुनाउन लगाउँछिन् । चिठी टुङ्ग्याइसक्दा उनका आँखा आँशुले भरिन्छन् । 'म' पात्रलाई १३ वर्षपछि आमाको कोसेली ल्याइदिएकोमा धन्यवाद दिन्छिन् । आमालाई सधैं घृणा, तिरस्कार र उपेक्षा गरेकी सुशी छोरी जन्माएकै कारण आमा लोग्ने, घरपरिवारबाट उपेक्षित हुनुपरेको, छोरीको उज्ज्वल भविष्यका लागि अरूको हातमा सुम्पनुपरेको कटुयथार्थ चिठीबाट थाहा पाउँछिन् । कथा समाप्त हुन्छ ।

**पात्र**

'कथा-एउटा चिठीमा' कथाका प्रमुख पात्रहरू सुशी, उनकी आमा र 'म' पात्र (अर्जुन) हुन् । सुशी र उनकी आमा केन्द्रीय चरित्र हुन् । 'म' चाहिँ सहायक पात्र हो । सुशीकी आमा लोग्ने, घरबाट र आफ्नै छोरीबाट पनि तिरस्कृत हुन पुगेकी विवश नारी पात्र हुन् । सुशी भान्जा-मामाबाट पालिएकी नारी पात्र हुन् । उनी एक गतिशील पात्र हुन् ।

**दृष्टिविन्दु**

प्रस्तुत कथामा तृतीय पुरुष दृष्टिविन्दु र प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । कथामा 'म' पात्र कथाको शुरुदेखि अन्त्यसम्म उपस्थित भएको छ भने तृतीय पुरुष दृष्टिविन्दुको रूपमा आएका सुशी र उनकी आमाको संवेगात्मक स्थितिलाई देखाइएको छ ।

**परिवेश**

प्रस्तुत कथा ग्रामीण परिवेशमा आधारित छ । यसमा पोखरा, माछापुच्छ्रे हिमालको झलक र केही मात्रामा शहरी परिवेश पनि झल्किन्छ । नेपाली समाजको वास्तविक समस्या, पुरुषप्रधान समाज, छोरा र छोरीप्रति गरिने भेदभाव जस्ता परिवेश चित्रित छन् ।

**भाषाशैली**

प्रस्तुत कथामा चिठीका अंश र कथ्य घटनाक्रम एकैसाथ प्रस्तुत भएकाले प्रस्तुती बुझ्न पहिलोपटक अलि कठीन छ । बुझेपछि मिठासपूर्ण लाग्छ । यो कथा नौलो प्रवृत्ति र

परिवेशमा लेखिएको सरलताभित्र गम्भीर विषयको प्रस्तुती, समस्याको पतिविम्ब यस कथाका भाषाशैली हुन् । यसमा 'अहो', 'क्यारे', 'छि' जस्ता शब्दहरूको प्रयोग पाइन्छ ।

**उद्देश्य**

यस कथाको उद्देश्य रुढीवादी परम्परामा विश्वास गरी छोरीमात्र जन्माउनुको सम्पूर्ण दोष महिलालाई थोपर्ने पुरुषप्रधान समाजको यथार्थतालाई देखाउनु हो । लोग्ने-स्वास्नीको सम्बन्ध माया र समझदारीभन्दा अघि बढेर घृणा र तिरस्कारमा परिणत भएपछि महिलाले नै त्यसको फल भोग्नुपर्ने बाध्यात्मक परिस्थितिलाई देखाउनु पनि हो ।

### ५.१.२.१० हिममूर्ति

**कथानक**

जापानको सेताम्मे हिउँमा हिँड्दा एकदशक अघिको दोलखाको कालिञ्चोक यात्राको मीठो सम्झना कथाकारले सहयात्री प्रभुराज वैद्यलाई सुनाउँछन् । जापान भ्रमणकै क्रममा भेट भएकी मेरीकोजी फुरोटाले जापानमा राष्ट्रिय पर्वको रूपमा मनाइने 'पुतली दिवस'को अवसरमा फोनमार्फत् कथाकारलाई खानाको निम्तो दिन्छे । कथाकार कोजी र तिनकी आमा रोजमिलासँग उनीहरूको निवास जान्छन् । केही इशाई ग्रन्थ लिँदै आफू महात्मा बुद्धको देशको बासिन्दा भएको, बौद्ध स्तुप, दीपङ्कर बुद्धको मूर्ति, मन्दिरहरू धेरै भएको साथै हिन्दु धर्मको सद्भाव र उदारताको वर्णन गर्दछन् । साथै संबोध खोजीमा एशिया आई बुद्ध जन्मस्थल लुम्बिनीसम्म पुगेका जिसस क्राइस्टले क्रुशबाट बँचेपछि बाँकी जीवन भारतमा बिताएका बारे आफूले पढेको तथा भविष्य पुराणमा समेत 'येशु'को वर्णनको कुरा बताई क्रिश्चियन नभएपनि जिससप्रतिको आदर व्यक्त गरेपछि उनीहरू प्रभावित हुन्छन् । सानै भएपनि चिटिक्क मिलाइएको कोठामा तख्ताभरि पुतलीहरू थिए । साथमा कपडा, प्लाष्टिक, कागजका पृष्ठभूमिमा निभ्नेबल्ने बिजुलीको चमक । रोजमिलाले पुतली दिवस आफ्नो पतिको पुण्य तिथि पनि भएको कुरा प्रकट गर्छिन् । तीन वर्षअगाडि पुतली दिवसकै दिन अत्याधिक 'साकी' र 'सुची' (जापानी मदिरा) सेवनले हिउँले पुरिएर मृत्यु भएको र बिहान हिउँको मूर्तिझैं देखिएका फुरोटाको स्मृतिका लागि पुतली सुताएको र हिउँ परेपछि स्वयम् आकृति बन्ने कुरा व्यक्त गर्दछन् । कथा समाप्त हुन्छ ।

**पात्र**

कथामा 'म' पात्र, रोजमिला र कोजी प्रमुख पात्र हुन् । रोजमिला र कोजी आमाछोरी हुन् । मध्यमवर्गीय रोजमिला क्रिश्चियन मिसनरीमा काम गर्छिन् । 'म' पात्रका सहयात्री प्रभुराज वैद्य, होरुउचि प्रत्यक्ष पात्र हुन् भने भोलादाइ, श्रीमती, बहिनी, श्याम जोशी, शरण दाइ स्मरणका पात्र हुन् ।

**दृष्टिविन्दु**

यस कथामा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दु र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'म' पात्रले कथा प्रस्तुत गरेकाले कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग छ भने दुई जापानी महिलाहरू तृतीय पुरुष दृष्टिविन्दुको रूपमा आएका छन् ।

**परिवेश**

'हिममूर्ति' कथाको परिवेश जापानको राजधानी टोकियो, हातगया रेलवे स्टेशन, सिन्जुकी पार्क रहेको छ । स्मरणमा कालिञ्चोक यात्राको परिवेश पनि प्रस्तुत छ । पुतली दिवसमा कोजी फुरोटाको पुतलीले सजिएको कोठा, झिलिमिलि बिजुलीको चमकहट पनि परिवेशको रूपमा समेटिएका छन् ।

**भाषाशैली**

कथाकारको जापान भ्रमण र कालिञ्चोक यात्राको संस्मरण भएको कथा 'यात्रा संस्मरण' जस्तो लाग्छ । कथामा कथाकारले जापानी भाषाका 'साकी', 'सुची', 'किमोनो', 'कोजी', 'रोजमिला', 'तोरु' जस्ता शब्दको प्रयोग गरेका छन् ।

**उद्देश्य**

सरल हृदयका साधारण जापानी महिलाको आतिथ्य सत्कार देखाउन खोज्नु, धर्म, भेषभूषा, भाषा फरक भएपनि धार्मिक समभाव देखाउनु कथाको उद्देश्य हो । आफन्तप्रतिको सद्भाव, प्रेम दर्शाइ स्मरणको नौलो शैली देखाउनु पनि कथाको उद्देश्य हो ।

### ५.१.२.११ स्मृतिको गर्भबाट

**कथानक**

तानसेन बजारस्थित रणउज्जेश्वरी भगवतीको मन्दिरअगाडि छालाको जुत्ता र पेटी फुकाउन अफ्ठ्यारो मानेर कथाकार बसिरहेका हुन्छन् । एउटी किशोरी हातमा पूजाको थाली लिएर निस्किन्छिन् र त्यहाँ भएका साना ठिटाहरूलाई क्रमशः टीका लगाइदिँदा कथाकारले पनि टीकाको लागि निधार थाप्छन् तर उनले टीका लगाइदिन्नन् । कथाकार 'सरी' भन्न पुग्छन् । किशोरीले अरूलाई नै भने झैं 'मन्दिरसम्म आएर पनि मन्दिरभित्र जान कति अल्छी गरेको ?' भन्दा कथाकार अनायासै जुत्ता र पेटी खोलेर मन्दिरभित्र पस्छन् र भगवतीको दर्शन गर्न पुग्छन् । किशोरीको शारीरिक सौन्दर्यले मोहित भएका कथाकार उनीसँग बिछोडिँदा दुःखी हुन्छन् । तानसेनबाट हिँडेपछि पर्भास भन्ने ठाउँमा बस अडिँदा उनले पारिपट्टि खुला चौरमा ती किशोरीलाई फेरि देख्छन् र हेरिरहन्छन् । नजिकै सिटमा बसेका काकाबाट उनको नाम सरोजिनी र घरमा 'सरी' भनेर बोलाउने गरेको थाहा पाएपछि आफूले 'सरी' भनेर उनलाई अन्जानवश सम्बोधन गरेको सम्झी स्मृतिमै उनका यादहरू मनभित्र बोकी टाढिन्छन् ।

**पात्र**

यस कथाको प्रमुख पात्र 'म' पात्र हो । अन्य पात्रहरूमा कथाकी नायिका सरोजिनी, काका र साना ठिटाठिटीहरू रहेका छन् । 'म' पात्र हिन्दु धर्मप्रति आस्थावान् छन् भने सरोजिनी धार्मिक र प्रकृतिप्रेमी किशोरी हुन् ।

**दृष्टिविन्दु**

प्रस्तुत कथामा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ । कथामा 'म' पात्रकै अन्तर्मनका कुराहरूलाई आत्मसंस्मरणात्मक शैलीमा व्यक्त गरिनु प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग हो ।

**परिवेश**

प्रस्तुत कथामा तानसेन बजारस्थित रणउज्जेश्वरी भगवतीको मन्दिर, श्रीनगर, मणिमुकुन्दसेनको दरबारको भग्नावशेष, बतासे चउर, सिद्धार्थ राजमार्ग, खस्यौली, बुटवल, प्रर्भास जस्ता ठाउँहरू परिवेशको रूपमा आएका छन् । धार्मिक आस्था भएको तर समर्पण कम हुँदै गएको युवामनमा किशोरीले पारेको प्रभावको परिवेशमा कथा सिर्जित छ ।

**भाषाशैली**

पूर्वसंस्मरणात्मक शैलीमा लेखिएको प्रस्तुत कथामा वर्णनात्मक शैली पनि रहेको छ । कथामा कतै कतै संवादको पनि प्रयोग गरिएको पाइन्छ । 'फरक्क', 'झिलिमिलाहट', 'तिर्मिराउनु'जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको छ । 'ठाम', 'रैथाने'जस्ता स्थानीय बोलीका शब्द पनि कथामा पाइन्छ ।

**उद्देश्य**

प्रस्तुत कथाको उद्देश्य छोटो भेटमा पनि कसरी कुनै कुराले मनमा प्रभाव पार्न सक्छ भन्ने देखाउनु हो । व्यक्त कुराको संयोगले अव्यक्त वास्तविकतासँग मेल खाएको देखाउनु पनि कथाको उद्देश्य हो ।

**५.१.२.१२ माया : माधुरी**

**कथानक**

'म' पात्रले हलमा गई हिन्दी सिनेमा 'दिल तो पागल है' हेर्दा त्यस सिनेमाकी नायिका माधुरी दीक्षितको प्रस्तुती देख्ने बित्तिकै एक महिनाअघि दशैंको बेला जम्काभेट भएकी मायालाई सम्झन पुग्छन् । 'म' पात्र दशैं मनाउन साथै अफिसको कामले दोलखा जाने क्रममा गठ्ठाघरमा टायर मर्मत गर्दैगर्दा एउटी महिलाले लिफ्ट माग्छिन् । सरकारी गाडी भएकोले त्यहाँ रहेका जापानी प्रोफेसरलाई अवगत गराई गाडीमा ठाउँ दिन्छन् । यात्राका क्रममा 'म' पात्र र महिलाको सामान्य परिचय हुन्छ । ठाउँठाउँमा ओर्ली चिया-खाजा खाँदै अघि बढ्दा उनले माधुरीको अभिनयको प्रशंसा गर्दै मुक्तिनाथमा माधुरीको पोष्टरसँग फोटो खिचाएको रोचक प्रसङ्ग सुनाउँछन् । मधुर स्वरमात्र सुनिरहेका उनले

मुडेमा पुगी ती महिलाको रूप देख्दा 'माधुरी' देख्छन् । अनपेक्षित संयोगले तिनलाई माधुरी भन्न पुग्छन् । तिनले आफू माधुरी नभई मकैबारीकी माया बस्नेत भएको भन्दै विदेशिएका पति दशैंमा घर आउने खबर पाएर घर आएको बताउँछिन् । मकैबारी पुगेपछि 'शुभ विजया' भन्दै तिनी छुट्टिन्छिन् । करीब मध्यरातमा चरिकोट पुगी भेट भएका मित्र चोकबहादुर दाहाललाई तिनको बारेमा सोध्दा आफूले प्रत्यक्ष नचिनेको तर परार साल मकैबारी आउन लाग्दा गठ्ठाघरमा गाडीले किचेर तिनको दुःखद् निधन भएको सुनेपछि उनी हतप्रभ हुन्छन् र भित्रभित्रै 'माया:माधुरी' भन्न पुग्छन् । कथावस्तु अन्त्य हुन्छ ।

**पात्र**

कथामा 'म' पात्र प्रमुख रूपमा आएको छ । 'माया', प्राविधिक साथी 'केन्द्रबहादुर', जापानी विशेषज्ञ प्रोफेसर 'कोबाटा' सहायक पात्रहरू हुन् । महिलालाई लिफ्ट दिने 'म' पात्र सहयोगी पात्रको रूपमा छन् । घर जाने क्रममा बस छुटेर लिफ्ट माग्न पुगेकी विवश नारी चरित्र हुन् 'माया' । चोकबहादुर दाहाल, मायाका सासु-ससुरा, लोग्ने जस्ता पात्रहरू पनि छन् ।

**दृष्टिविन्दु**

कथामा 'म' पात्रले नै सम्पूर्ण कथा कथन गरेको र 'म' पात्रकै सेरोफेरोमा कथा केन्द्रित रहेकोले कथामा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ ।

**परिवेश**

प्रस्तुत कथाको परिवेश काठमाडौंदेखि दोलखासम्मको यात्राक्रम रहेको छ । यात्राको क्रममा कोटेश्वर, गठ्ठाघर, दोलालघाट, मुडे, मकैबारी, चरिकोट, दोलखालाई परिवेश बनाइएको छ । आधुनिक समाजमा पनि लोग्ने पर्खेर बस्नु, बुहारीलाई पनि छोरीलाई जस्तै पढ्न पठाउनुबाट उदार हृदयको ग्रामीण परिवेशलाई देखाइएको छ ।

**भाषाशैली**

प्रस्तुत कथा वर्णनात्मक संस्मरणात्मक शैलीमा लेखिएको भएपनि बीचबीचमा संवादहरू प्रस्तुत गरिएको छ । 'त', 'न', 'लौ' जस्ता निपात, 'टिकट', 'रोमान्टिक',

'सिनेमास्कोप' जस्ता आगन्तुक शब्द र 'विशेषज्ञ', 'प्रोफेसर' जस्ता प्राविधिक पारिभाषिक शब्दको प्रयोग भएको छ। 'पशुपतिको जात्रा, सिद्राको व्यापार' उखानको प्रयोग गरिएको छ।

**उद्देश्य**

बेखबर पतिको प्रतीक्षामा नारीले आफूलाई सक्षम र सबल बनाएको देखाउनु, पाश्चात्य जीवनशैलीले प्रभाव पारिरहेको समयमा परम्परागत लोकव्यवहारलाई ख्याल गर्ने नारीहरू हुन्छन् भनेर देखाउन खोज्नु र अलौकिक शक्तिमा मृत्युपछिको जीवन प्रेतात्मामा विश्वास दिलाउन खोज्नु यस कथाको उद्देश्य हो।

### ५.१.२.१३ सहिद

**कथानक**

प्रस्तुत कथामा गरीब घरपरिवारका लागि सुखद दिन ल्याउन कमाउन हिँडेको सामान्य युवक सिरिमाने एउटा अरिङ्गालको गोलोद्वारा त्रशित समाजलाई मुक्ति दिलाउन आफ्ना व्यक्तिगत सपनालाई त्यागेर तम्सन्छ। भयभीत समाजका रैथानेहरू आफू त केही गर्ने साहस गरेनन् नै उसलाई पनि पैसाको लोभमा दुस्साहस गरेको ठान्दछन्। साहसी वीर सिरिमाने पैसाको लोभले नभएको बताउँदै डरपोक समाजको आर्तनाद सुनेर खप्न नसकी आफ्नो ज्यान माया मारेर सामाजिक कार्यमा लाग्दछ र एउटा समाजलाई अरिङ्गालको त्रासबाट बचाउन आफ्नो जीवन पनि अर्पण गरी सहिद बन्दछ। ४ दिनसम्म उसको लासलाई रुँगी उसका बृद्ध बाबुआमा र दुधे बालकसहितकी यौवना अर्धाङ्गिनी आएपछि स्कुले शिक्षक, विद्यार्थी र स्थानीयले ससम्मान उसको शवयात्रा गर्दछन्।

**पात्र**

'सहिद' कथाको मुख्य पात्र सिरिमाने हो। ऊ यस कथामा छुर्पी बेचेर परिवारको आवश्यकता पूरा गर्न हिँडेको निम्न वर्गीय तर साहसी, उदार चरित्रको अनुकूल पात्र हो। कथाका अरू पात्रहरूमा पञ्च, शिक्षक, विद्यार्थी, भद्रभलाद्मी, रेडक्रसका परोपकारी पदाधिकारी लगायत रमिते दर्शकहरू छन् भने सिरिमानेका बृद्ध बुबा, आमा, भावविव्हल पत्नी उसको वीरगतिको खबर पाएर आइपुगेका छन्।

**दृष्टिविन्दु**

प्रस्तुत कथामा 'सिरिमाने' पात्रको केन्द्रीय सेरोफेरोमा कथा रचना गरिएकोले तृतीय पुरुष बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ । कथाबाहिर रहेर कथाकारले सिरिमानेको वीरतापूर्ण साहसलाई प्रस्तुत गरेका छन् ।

**परिवेश**

प्रस्तुत कथाको परिवेश दोलखाको भीमेश्वर मन्दिर, रेष्टुराँ, शमीको रुख परिवेशको रूपमा आएको छ । गरीबी भए पनि स्वावलम्बन, सहयोग, दया, धर्म, मानवता, साहस आदि गुणहरूयुक्त ग्रामीण व्यक्तित्त्व र सम्पन्नतासँगै हराउँदै गएको मानवता, शङ्का, होच्याइँ-अर्घेल्याइँ, डरपोक समाजको परिवेशलाई देखाइएको छ ।

**भाषाशैली**

प्रस्तुत कथामा सरल नेपाली भाषाको प्रयोग भएको छ । वर्णनात्मक शैलीभित्र संवादात्मक भाषा प्रयोग भएको छ । 'गऱ्या', 'थापुँला', 'माठचाग्ने', 'कालो कीरा', 'ध्वंश गर्न पाए' जस्ता स्थानीय भाषा, 'गर्जने मेघ वर्षदैन' उखानको प्रयोग भएको छ ।

**उद्देश्य**

समाज सुधार, राजनीतिक परिवर्तनका लागि होमिएका कतिपय व्यक्तिहरू सिरिमाने जस्तै सहिद बन्न पुग्छन् भन्ने देखाउनु कथाको प्रमुख उद्देश्य हो ।

**५.१.२.१४ शेष–स्मृति**

**कथानक**

सरिता र कथाका नायकको बाटोमा खसेको कापी दिँदा पहिलोपल्ट आँखा जुध्छन् । ती युवती धेरै लजाउँछिन् । युवक पर पुगेपछि ढोकाबाट चियाएर हेर्छिन् । तल बज्यैको पसलमा आएर युवकले युवतीकी बहिनीलाई सोधेको कुरा थाहा पाएर लजाउँछिन् । युवक अङ्कल दाइको भतिजो भएको कुरा थाहा पाएर उनलाई हेर्न अङ्कलको डेराको सडक हिँड्छिन् । पटकपटक युवकसँगको भेटमा युवतीले भित्रभित्रै मन पराउन थालिसकेकी

हुन्छिन् तर जब युवक उनीसामु उपस्थित हुन्छ उनी मुकदर्शक बन्छिन् । सिनेमाहलमा युवकले नै काटिदिएको टिकटबाट सिनेमा हेर्छिन् तर उसले दिएको बदाम फिर्ता पठाइदिँदा युवकले बहिनीलाई नै थमाइदिन्छ । उनले दराजमा किताबहरूसँगै बदामको पोको सुरक्षित राख्छिन् । युवती पसलअगाडिको पेटिमा बस्दा युवक आउँछ । पसलमा कोही नभएकोले युवतीलाई बोलाउँदा उनी आवेगमा माथि तलामा उक्लिन पुग्छिन् । युवक पछिपछि जान्छ र कति कुरा गर्दा पनि युवती चुपचाप बसेकीले युवक कहिले पनि नआउने भनी झोला लिएर जान्छ । त्यसपछि युवतीले कहिल्यै पनि त्यो युवकलाई देख्दिनन् । कथा सकिन्छ ।

**पात्र**

'शेष-स्मृति' कथाको प्रमुख पात्र तिनी अर्थात् सरिता हुन् । आफ्नो मौनताका कारण युवक कहिल्यै आउँदिन भनी झोला लिएर जाँदा पनि उसलाई रोक्न नसकेकोमा आफूले चाहेको प्रेमी गुमाउन पुगेकी छिन् । सरिताकी बहिनी कथामा गौण पात्रको रूपमा आएकी छिन् । अर्का पात्र युवक सरितालाई एकाहोरो हेर्न, कुराकानी गर्न चाहन्छ तर उनले नबोलिदँदा कहिल्यै नफर्कने गरी जान्छ । अङ्कल दाइ, बज्यै, मैयाँ आदि अन्य पात्रहरू छन् ।

**दृष्टिविन्दु**

प्रस्तुत कथामा 'तिनी' (सरिता) र 'अङ्कल दाइको भतिजो' (युवक)को केन्द्रीय सेरोफेरोमा कथा रचना गरिएकोले तृतीय पुरुष बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ ।

**परिवेश**

प्रस्तुत कथाको परिवेशको रूपमा विशेषगरी सरिताको घर, बज्यैको पसल, कोठा, मैयाँको घर, सिनेमा हल, अङ्कल दाइको डेरा, सडक, साँझ आदि आएका छन् । युवायुवतीबीचको आकर्षण, हेराहेर जस्ता प्रेमप्रसङ्गहरू कथाको परिवेशका रूपमा आएका छन् ।

**भाषाशैली**

कथामा सरल, सहज र स्वाभाविक भाषाशैली प्रयोग गरिएको छ । कथाको शुरुवात र अन्त्य गीतबाट भएको छ । 'पिच', 'प्यान्ट', 'शो', 'टिकट' जस्ता आगन्तुक शब्द र 'क्यारे', 'नि', 'त' जस्ता निपात शब्दको प्रयोग गरिएको छ ।

**उद्देश्य**

प्रस्तुत कथाको मुख्य उद्देश्य लज्जालु भई बढी खुल्न नसक्दा आफूले मन पराएको प्रेमी गुमाउनु परेको र आवश्यक परेको बेलामा नबोल्दा त्यसको परिणाम आफैंले भोग्नुपर्छ भन्ने देखाउनु हो ।

**५.१.२.१५ स्वप्नदृश्य**

**कथानक**

निर्मल आकाशबाट दुईमुखे भुवाधारी जन्तु अबोध शिशुको रूपमा जमिनमा अवतरण हुन्छ । भीडले उसको नाम 'पद्म मोहन' राखिदिन्छ । एक महिलाले त्यो अचम्मको शिशुलाई मातृभावले विव्हल भई स्तनपान गराउँछिन् । निलो आकाशबाट आएको दुईमुखे बच्चालाई पञ्चायततिर ढल्किएको बहुदलबादी नेताको रूपमा इङ्गित गरेको छ । मातृभावले विव्हल भई स्तनपान गराउने महिलाको रूपमा पञ्चायत र महिलाका वक्षस्थलहरू नियाल्ने 'पुड्के'को रूपमा जनतालाई प्रस्तुत गरिएको छ ।

**पात्र**

प्रस्तुत कथाको प्रमुख पात्र 'ऊ' हो । 'ऊ' पात्रको शारीरिक बनावट ४ फिट २ इन्च औषत पुड्के छ । ऊ महिलाको स्वभावभन्दा पनि पुष्ट स्तनतर्फ आकर्षित हुने पात्र हो । अर्को पात्र 'महिला' हुन् । उनले नीलो आकाशबाट आएको दुईमुखे बालकलाई दूध चुसाउँछिन्, मातृभाव देखाउँछिन् । 'दुईमुखे बालक', भीडका विभिन्न मानिसहरू, प्रहरी, पत्रकार अन्य पात्र हुन् ।

**दृष्टिविन्दु**

प्रस्तुत कथामा 'ऊ' पात्रका माध्यमबाट कथा अघि बढेकाले र कथालाई अगाडि बढाउन 'दुईमुखे बालक', 'महिला' आदि पनि तृतीय पुरुष बाह्य दृष्टिविन्दुको रूपमा आएका छन् ।

**परिवेश**

शहरको व्यस्त सडक, दोबाटो, गल्ली, चोक, आकाश आदि स्थानहरू परिवेशको रूपमा आएका छन् । पञ्चायत विरोधी आन्दोलनमा लागेका नेताहरू पनि पञ्चायतको निर्वाचनमा भाग लिएको राजनीतिक परिवेशलाई कथामा समेट्न खोजिएको छ ।

**भाषाशैली**

प्रस्तुत कथा संरचनागत दृष्टिले छोटो भए पनि सम्पूर्णता बोकेको प्रतीकात्मक कथा हो । कर्ता, कर्म र क्रियाको संयोजन व्याकरणात्मक किसिमको भए पनि लेख्य चिह्नको प्रयोगलाई ध्यान दिइएको छैन ।

**उद्देश्य**

प्रस्तुत कथाको उद्देश्य बहुदलवादी नेताहरूको द्वैध चरित्रको रहस्योद्घाटन गर्नु रहेको छ । दुई मुखे बाललको अवतरणले अवसरवादी नेताहरूको चरित्रलाई स्पष्ट पार्नु, जनताप्रति विश्वस्त बहुदलवादी नेताहरूको पञ्चायती चुनावमा भाग लिने अवसरवादी चरित्रलाई उदाङ्गो पार्नु नै यस कथाको प्रमुख उद्देश्य रहेको छ ।

**५.१.२.१६ शान्ति : कान्ति**

**कथानक**

आफू १० वर्षको हुँदा जन्मिएकी कान्तिलाई शान्तिले भित्ताको क्यालेण्डरमा झुण्डिएकी सुन्दरीसँग तुलना गर्दछ । ऊलगायत उसका आफन्तहरू कान्तिको हात माग्न चाहन्छन् । कान्तिका बुबा अलि कठोर स्वभाव भएका कारण त्यस समय कान्तिलाई माग्न सकेनन् । यसैबीच कान्तिका बुबाको हार्टअटचाक भएर मृत्यु हुन्छ । कान्तिका काकाले

विदेशिएका शान्तिका बुबा र काकालाई स्वदेश फर्कने आग्रह गरेर चिठी पठाएको दुई वर्षपछि बुबा विश्वप्रसाद र काका गणपति स्वदेश फर्किएर कान्तिलाई माग्दा कान्तिका काकाले कलेजको पढाइ पूरा होस् भन्छन् । पढाइपश्चात् परीक्षा दिएपछि, त्यसपछि नतीजा निस्कोस् भनिन्छ । नतीजामा असफल भएपछि घरबाट निस्कन प्रतिबन्ध लगाइन्छ । शान्ति भद्र र भलाद्मी भएका कारणले शान्तिका आफन्तहरू कान्तिलाई भगाएर कोर्टम्यारिज गर्नु भन्ने सल्लाह दिँदा पनि चुपचाप बसेर दिवास्वप्नमा कल्पिन्छ । बुहारी भित्र्याउने घिटघिटीमै शान्तिका बाबु विश्वप्रसादको निधन हुन्छ । कान्तिले कुनै बेला निस्कन सक्छु, आँट गर्नुस् भन्दा पनि शान्ति लाछीपनाको तहसम्म ओर्लेर लैजाने आँट गर्दैन । कान्तिको काका धैर्यपूर्वक सबैकुरा सुन्छ तर निर्णय सुनाउँदैन । यसरी धेरैपटक कुरा चलाउँदा पनि विक्रमले निर्णय नदिँदा शान्तिका साथी, आफन्तजनहरूले कान्तिलाई जबरजस्ती विवाह गर्नु भन्ने सल्लाह दिँदा पनि शान्ति आँट गर्न सक्दैन र कान्तिलाई श्रीमतीकोरूपमा कल्पना गर्दै बसिरहन्छ । परीक्षाको नौ वर्ष बितिसकेको र गणपति काकाले तिमीहरू आँट बरु मै नेतृत्त्व गर्छु भनी आँट दिँदा अन्त्यमा 'भोलिसम्म पर्खुं, त्यसपछि...' भनी आफ्नो दैनिकीमा लेखी कथाको समाप्ती हुन्छ ।

**पात्र**

प्रस्तुत कथाको प्रमुख पात्र शान्तिप्रसाद भद्र र भलाद्मी पात्र हो । कान्तिलाई लैजान आँट गर्न नसकी मात्र कल्पेर बस्ने एक असफल प्रेमी हो । अर्को प्रमुख पात्रको रूपमा कान्ति रहेकी छिन् । उनी आँटिली स्वभावकी, सानैदेखि छुकछुके, हठी, कसैको हैकम र अन्यायमा नबस्ने पात्र हुन् । कान्तिका बुबा र काका शान्ति र कान्तिको मिलन हुन नदिन अनेक बाहना गर्ने प्रतिकूल पात्र हुन् । शान्तिका बाबु विश्वप्रसाद, गणपति काका, मोहन अङ्कल लगायत शुभचिन्तकहरू रहेका छन् ।

**दृष्टिविन्दु**

प्रस्तुत कथा प्रतीकात्मक कथा हो । यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

**परिवेश**

प्रस्तुत कथाको परिवेश राजनीतिक घटना परिघटनासँग सम्बन्धित छ । तत्कालीन पञ्चायती व्यवस्था, जनमत सङ्ग्रह, जनआन्दोलन, जनताको उत्पीडन आदि राजनीतिक परिवेशमा कथा बुनिएको छ ।

**भाषाशैली**

कथाको भाषा सरल, सहज साथै संवादात्मक किसिमको छ । कथाले वि.सं. २०४६ सालको आन्दोलनलाई प्रतीकात्मक रूपमा देखाउन खोजिएको छ । 'त', 'नै' जस्ता निपात शब्दको प्रयोग गरिएको छ ।

**उद्देश्य**

२००७ सालयताको राजनीतिक आरोह अवरोहका साथै त्यसबाट निसृत परिस्थितिको चित्रण गर्नु कथाको प्रमुख उद्देश्य हो । तीस वर्षे निरङ्कुशताको उत्पीडनमा आशातीत विद्रोहको सोचबाट टाढा र पङ्गु रहेका जनता परिवर्तनको संघारमा कसरी पुगे भन्ने यथार्थ यसले देखाउन खोजेको छ ।

**५.१.२.१७ सेतो कपाल**

**कथानक**

दैवी प्रकोप रोकथाम सम्बन्धी गोष्ठीमा भाग लिन विभिन्न १५ देशबाट जापान पुगेका १७ जना (कथाकार समेत) संयुक्त भ्रमणको क्रममा योकोहामा बन्दरगाहको दक्षिणपूर्वी भागमा मानवनिर्मित टापू होक्केजिमामा भर्खरै बनाइएका स्वर्गद्विप भन्ने मत्स्य उद्यान, 'डिस्नेल्याण्ड', 'सिन्ड्रेला हाउस' जस्ता विभिन्न अद्भूत खेलहरूको मज्जा लिन्छन् । जापानका आकर्षक स्थानहरूको भ्रमणको क्रममा टोलीका सदस्यहरू अर्जेन्टिनाकी ग्राविएला (कथाकारले दिएको नाम गोभी) र कोलम्बियाको विनास्को (दुवै अविवाहित) सँगै मात्र घुम्दैनन् सुपरीवेक्षक हारुचिलाई शङ्का नहोस् भनी कथाकारलाई बुद्धु बनाएर रोमान्सका लागि कथाकारकै कोठा प्रयोग समेत गर्छन् । कथाकारले जब अरू सहयात्रीबाट आफू बुद्धु बनेको पत्तो पाउँछन् जवाफमा गोभी भन्छिन्, 'म वास्तवमा पूर्ण विश्राम चाहन्थेँ तर

विनास्को कुकुरको छाउरो न ठहरियो, मेरो गन्ध सुँघेर चाल पाउने ।' कथाकारको 'त्यो बेला म पनि कुकुरको छाउरो बनिदिएको भए नि ?' जिज्ञासामा गोभीले 'तपाईं बुद्धको देशको बासिन्दा, चरित्रगत नैतिकताको मूल्य उँचो छ । तपाईंको कपाल त्यसै सेतो भएको होइन, मेरो दाजुजस्तो अभिभावक भएर हरेक यात्रामा मेरो हेरविचार गर्नुभएको छ' भनी धन्यवाद दिन्छिन् । कथाकारले बैनीलाई जीवित देवी कुमारीको पोष्टर र थैली उपहार दिन्छन् । कथा टुङ्गिन्छ ।

### पात्र

कथामा 'म' पात्र प्रमुख हुन् । उनी सबैसँग चाँडै नै घुलमिल गर्न सक्ने मिलनसार पात्र हुन् । अर्की पात्र 'गोभी' अर्थात् 'ग्राविएला' जो अविवाहित, छरिती, सानो कदकी तर अग्ली केटी पाश्चात्य शैलीलाई पछ्याउने नारी पात्र हुन् । 'म' पात्रलाई कपाल फुल्नुको औचित्य बताई अभिभावकको रूपमा हेर्न पुग्छिन् । अन्य पात्रहरू विनास्को, देवो, प्रताप, आर्टिलेस, एलोटा पिलार पुरुया किजोका लगायत छन् ।

### दृष्टिविन्दु

प्रतुत कथामा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथामा 'म' पात्रले जापानका आकर्षक स्थानहरू, अद्‌भूत खेलहरूको वर्णनका साथै गोभी र विनास्कोको रोमान्सलाई प्रस्तुत गरेका छन् ।

### परिवेश

कथाको परिवेशका रूपमा योकोहामा बन्दरगाह, त्यहाँभित्रका मत्स्य उद्यान, 'डिस्नेल्याण्ड', 'सिन्ड्रेला हाउस', 'सार्क कोस्टर' जस्ता खेलहरू, कागोसीमा प्रान्तमा अवस्थित साकुराजीमा द्विपको सौन्दर्य, कोबे बन्दरगाहको फेरी, क्योटो पवित्र पानीको तीन धारा अवस्थित कियोमिजु मन्दिर, न्यूमिया, टोकियो लगायतका क्षेत्र रहेका छन् ।

### भाषाशैली

कथा यात्रासंस्मरणात्मक आत्मपरक शैलीमा लेखिएको छ । वर्णनात्मक, संवादात्मक शैली छ । भाषा सरल, सहज छ । 'डाक्टर', 'शल्य चिकित्सा', 'अग्रिम बुकिङ' जस्ता प्राविधिक र आगन्तुक शब्दको प्रयोग भएको छ ।

### उद्देश्य

प्रस्तुत कथाको उद्देश्य बुद्धको देशको बासिन्दा चरित्रगत नैतिकतामा सदैव उच्च स्थानमा रहेको र परिआउँदा जोसुकैको अभिावक बन्न सक्छन् भन्ने देखाउनु हो । जापानका विभिन्न स्थल र खेलहरूको वर्णनसँगै नेपालीहरू जहाँ गए पनि आफ्नो संस्कार, संस्कृतिको परिचय दिन्छन् भन्ने देखाउनु कथाको उद्देश्य हो ।

## ५.१.२.१८ विश्वास

### कथानक

कथाकार 'रा.वि.से. सर उर्फ विकासे सर' भई अर्घाखाँचीको चिदिका पुग्दा घरपटी बाकी भान्जी स्नेहलतालाई बहिनी बनाउँछन् । तिनकै सक्रियतामा चिदिका गाउँमा 'आँखा शिविर चक्षुदान तथा स्वास्थ्य शिविर' आयोजना हुन्छ । जापानी गैरसरकारी संस्था सेवा फाउण्डेसनले चिकित्सक, नर्स र औषधीको सुविधा दिन्छ । समाजसेवी, गाउँका मानिसहरू, स्वयम् लेखक, स्नेहलता चाँजोपाँजो मिलाउन जुट्दछन् । शिविरमा नाम अनुरूपकै बुद्धि, चातुर्य, करुणा, आत्मविश्वास र दृढ मनोबल भएकी सरस्वती वेल्वासेसँग कथाकारको भेट हुन्छ । कथाकारले सरस्वतीको पहिलो नाम 'भारती' भन्छन् तर उनले अनर्थ लाग्न सक्ने भन्दै आरती भन्न अनुमति माग्छिन् । शिविरको अन्तिम रात हुरीबतासका कारण पालको बसाइ कष्टकर भएपछि कथाकार आफ्नो डेरा जान्छन् । स्नेहलता र आरतीले पछ्याउँछन् । कोठा अभावका कारण घरपटी आमैले सोही कोठामा अर्कोपट्टि व्यवस्था गरिदिन्छिन् । राती आरतकिो कपाल, गोडा, हातले पटकपटक कथाकारलाई दुःख दिन्छन् । शिविर समाप्तीपछि टोली फर्कने क्रममा कथाकारले शेक्सपियरको 'घृणा कसैलाई नगर, प्रेम धेरैसँग गर, विश्वास थोरैलाई गर' भनाइसँगै 'भर कसैको नपर' थपिदिन्छन् । आरतीले स्नेहलतासँग बाजी जित्न विश्वासको परीक्षा गरेको बताउँदा स्नेहलताले 'मेरो विकासे दाइ अरूजस्तो

होइन, एकदम चरित्रवान छ' भनी स्नेहको विश्वासको जीत भएको प्रसङ्गसँगै कथा समाप्त हुन्छ ।

**पात्र**

कथामा 'म' पात्र रा.वि.से शिक्षकमात्र नभएर समाजसेवी, इमानदार र विश्वासिलो पात्रको रूपमा उभिएका छन् । 'आरती खास नाम सरस्वती' नाम अनुरूपकै बुद्धि, चातुर्य, करुणा, आत्मविश्वास र दृढ मनोबल भएकी स्त्री पात्र हुन् । अन्य पात्रहरू स्नेहलता, घरपटी बा, आमा, स्वदेशी र विदेशी डाक्टर, नर्स, समाजसेवीहरू छन् ।

**दृष्टिविन्दु**

प्रस्तुत कथामा 'म' पात्रले सिङ्गो कथा पस्तुत गरेको छ । तसर्थ प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ ।

**परिवेश**

प्रस्तुत कथाको परिवेश अर्घाखाँची जिल्लाको चिदिका, राजधानीको क्षेत्रपाटी चोक, ठमेल, पानीपोखरीको रेष्टुराँ आदिलाई लिइएको छ । लुगा धुने धारा, कुवा, भालेको पहिलो डाँक आदि शब्दले ग्रामीण परिवेश झल्काएको छ ।

**भाषाशैली**

प्रस्तुत कथाको भाषाशैली सरल, सहज छ । संस्मरणात्मक शैलीमा लेखिएको छ । 'त', 'नि', 'रे' जस्ता निपात शब्द, 'स्वाँस्वाँ', 'फटाफट', 'हुनहुनाइ', 'झिपझिप' जस्ता अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ । धपक्क बल्ने मणिजस्ता आँखा, पुतलीजस्तै चञ्चल जस्ता विम्बात्मक र प्रतीकात्मक भाषाशैली प्रयोग गरिएको छ ।

**उद्देश्य**

प्रस्तुत कथाको उद्देश्य महिलाले पनि आत्मविश्वास र दृढ मनोबल लिएमा जीवनमा सफलता हासिल गर्न सक्छन् भन्ने देखाउनु एकातिर हो भने अर्कोतिर चरित्रवान् व्यक्ति नै विश्वासको परीक्षामा सफल हुन्छन् भन्ने देखाउनु हो ।

### ५.१.२.१९ चित्र बुद्धको

**कथानक**

कथाकी बालपात्र 'सानी' देवीकोटमा देखेको त्रिपुरासुन्दरी भगवतीस्थानको भित्तामा अङ्कित कालीको विकराल चित्रको आँखामा हेर्न पुग्दा तर्सिन्छिन् र मूर्ति उनको नजिकनजिक आउन लागेको महशुस हुन्छ । डरलाग्दा हातहरू, नङ्ग्राहरू आफूतिर आइरहेको देखी उनी एक्कासी चिच्याउँछिन् र रुन थाल्छिन् । त्यो चित्रले मानसिक आघात पुऱ्याइरहेकोले राती सपनामा पनि त्यसैले पछ्याउँछ । उनी भाग्दै जाँदा विकराल रूप नजिकै आइसकेपछि चिच्याएर उठ्छिन् र लालटिनलाई एकोहोरो हेर्दछिन् । 'सानी' बिरामी हुन्छिन् । जति औषधीमूलो गर्दा पनि रोग निको हुँदैन । उनको मष्तिष्कमा त्यही विकराल चित्रले डेरा जमाइसकेको हुन्छ । एक दिन 'सानी'का बुबाले बजारबाट बुद्धको चित्र ल्याएर झुण्डयाउँछन् र सानीले सुन्दर, शान्त, गम्भीर बुद्धको चित्र हेरिरहन्छिन् । उनको मनमा बुद्धको चित्रको अमीट छाप बस्दछ र बेतालको आँखा पर भागिसकेका हुन्छन् । उनी निको हुँदै जान्छिन् । कथा टुङ्गिन्छ ।

**पात्र**

कथाको प्रमुख पात्र 'सानी' हुन् । उनी कथाकी बाल पात्र हुन् । देवीकोटमा देखेको कालीको विकराल रूपबाट मानसिक आघात पुगेकी 'सानी' पछि बुद्धको शान्त, गम्भीर चित्र हेरी निको हुन्छिन् । 'सानी'का बुबा, आमा अन्य पात्र हुन् ।

**दृष्टिविन्दु**

प्रस्तुत कथा तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ । कथाकारले 'सानी'को बालमनोविज्ञानको चित्रण गरेका छन् । 'सानी' कथाको आदिदेखि अन्त्यसम्म एकनासले कथामा आएकी छिन् ।

**परिवेश**

प्रस्तुत कथाको परिवेश देवीकोटको मन्दिर, सानीको कोठा रहेको छ । यो कथा बालमनोविज्ञानमा आधारित छ । विकराल रूपले बालमनोविज्ञानमा पार्ने नकारात्मक असर र शान्त चित्रबाट हुने परिवर्तनलाई परिवेश बनाइएको छ ।

**भाषाशैली**

प्रस्तुत कथाको भाषाशैली सरल, सहज रहेको छ । कथामा छोटाछोटा सम्वादको प्रयोग गरिएको छ । 'उफ्', 'आहा' जस्ता विष्मयादिबोधक शब्द, 'हुइहुइ', 'टिलिङटिलिङ', 'झल्याँस्स' जस्ता अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ ।

**उद्देश्य**

डरलाग्दो, विकराल चित्र वा दृश्यले स-साना नानीहरूको बालमनोविज्ञानमा पार्ने असर र त्यसको शिकार बन्नसक्ने कुरा दर्शाउँदै सुन्दर, शान्त, आकर्षक चित्र तथा दृश्यहरू मात्र बालबालिकालाई देखाउनु उपयुक्त हुन्छ भन्ने सन्देश दिनु नै यस कथाको प्रमुख उद्देश्य हो ।

**५.१.२.२० ट्वान्टिथ सेन्चुरी**

**कथानक**

रमेन्द्र र रीताको प्रेम प्रसङ्गलाई यस कथामा कथानक रूप दिइएको छ । दुवैका आमाको प्रतिवादले गर्दा रमेन्द्रले प्रेमको अभीष्ठ प्राप्त गर्न नसकी मैदान छोड्न बाध्य हुन्छ र रीताको सुरेशसँग बिहे हुन्छ । रमेन्द्र धेरै समयसम्म विवाह नगरी आमाको आग्रहलाई विभिन्न बाहनाले टार्दै जाँदा पनि आफ्नी पूर्वप्रेमिकाको आग्रहलाई टार्न नसकी रीता नै नाम गरेकी अर्की केटीसँग विवाह गर्न राजी हुन्छ । पूर्वप्रेमिका विवाहको खुशीयालीमा पनि केही नरमाइलो महशुस गरी आफ्नो घर पुग्दा पति सुरेश उसकी पूर्वप्रेमिकासँग आफ्नो कोठामा यौनक्रीडारत अवस्थामा भेट्न पुग्दछिन् उनी त्यो दृश्य देखेर छाँगाबाट खसेजस्तै भई तिनको बारेमा सोध्दा उसको पतिले 'तिनी मेरी एक्स गर्लफ्रेन्ड, तिम्रो पनि ब्वाइफ्रेन्ड भए

म माइन्ड गर्दिनँ । किनकि यो ट्वान्टिथ सेन्चुरी हो' भन्छ । रीतालाई बज्रपात पर्दछ र त्यही शब्दलाई दोहोऱ्याउँदै अक्क न बक्क पर्दछिन् ।

**पात्र**

'ट्वान्टिथ सेन्चुरी' कथाका मुख्य पात्रहरू रमेन्द्र र रीता हुन् । रमेन्द्र आफ्नी प्रेमिकालाई अन्यत्र विवाह गरेर पठाउँदा पनि केही गर्न नसक्ने लाछी र काँतर पात्र हो । आफ्नै प्रेमिकाको आग्रहमा अर्कै केटीसँग विवाह गर्न राजी हुने त्यागी पात्र पनि हो । रीता साहस गरेर प्रेम प्रकट गर्ने साहसी नारी पात्र हुन् । प्रेमीको काँतरपनको कारणले अर्कै केटासँग विवाह गर्न बाध्य हुने र आफ्नै पतिले उसको पूर्वप्रेमिकासँग यौनलीला गर्दा पनि केही गर्न नसक्ने निरीह पात्र पनि हुन् । अन्य पात्रहरूमा रमेन्द्र र रीताका आमा, सुरेश, उसकी पूर्वप्रेमिका लगायत छन् ।

**दृष्टिविन्दु**

यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । रमेन्द्र र रीताको प्रेम प्रसङ्ग, त्याग, समर्पण र भोगाइलाई कथाकारको नजरबाट हेरिएकोले तृतीय पुरुष बाहय दृष्टिविन्दुको प्रयोग भएको छ ।

**परिवेश**

यस कथाको परिवेश घरमा केन्द्रित छ । सिनेमा, बजार, क्याम्पस शब्दले शहरी वातावरणलाई देखाएको छ । आफूले मन पराएका केटा-केटीसँग विवाह गर्न नसकी आफ्नो इच्छाविपरीत अरूलाई नै लोग्ने र स्वास्नी स्वीकार्न बाध्यकारी अवस्था र मागी विवाहमा भएको विश्वासघातजस्ता 'ट्वान्टिथ सेन्चुरी'का विकृतिलाई परिवेश बनाइएको छ ।

**भाषाशैली**

यस कथाको भाषाशैली वर्णनात्मक र सम्वादात्मक छ । अङ्ग्रेजीमा शीर्षक राखिएको कथाको अन्त्यमा अङ्ग्रेजी भाषाकै वाक्य 'दिस इज ट्वान्टिथ सेन्चुरी' भेटिन्छ । 'निष्पृह', 'सफलीभूत', 'अदम्य', 'क्षेमकुशल' जस्ता शब्दहरू क्लिष्ट लागे पनि भाषा सरल, सहज, सुबोध र प्रभावपूर्ण छ । आदि, मध्य र अन्त्यको रैखिक शैलीमा कथानक अघि बढेको छ ।

**उद्देश्य**

आफूले मन पराएको व्यक्तिसँग विवाह गर्न नपाउँदा हुने मानसिक छटपटाहटलाई देखाउनु यस कथाको अभिप्राय देखिन्छ । 'ट्वान्टिथ सेन्चुरी'लाई गलत ढङ्गले प्रयोग गर्दा सम्बन्ध नै अस्तित्त्वविहीन बन्न पुग्छ भन्ने देखाउनु कथाको मुख्य उद्देश्य हो ।

## ५.१.२.२१ सुनौलो सगरमाथा

**कथानक**

कथाका पात्र ल्हामुले आफ्नो पति टासी चोमोलुङ्गा हिमाल अन्तिम पटक चढेर आउँछु भनेर गएको सम्झदै गर्दा कथानक सुरु हुन्छ । लाख बिन्ति गर्दा पनि सुनौलो सपना देखाएर गएका गुम्बु टासी कहिल्यै नफर्कने गरी हिउँमा पुरिएर हराए जुन कुरा आज पनि ल्हामुले सम्झदा उनको आँखामा आँसु र मन गह्रुङ्गो भएर आउँछ । जसरी पनि बाँच्नै पर्ने सम्झी आफ्नो पाँच वर्षे दावाको मुख हेर्दै दिन बिताइ रहेकी हुन्छिन् । दावा र निमाको विवाह गरिदिने योजना बनाउँदा बनाउँदै एकदिन दावा भागेर काठमाडौं जान्छ । निमाले एकपटक पत्ता लगाउछिन् दावा अंग्रेजहरूलाई घुमाउन लैजाने काम गर्छ । त्यसैले एक दिन दावा अवश्य आउँछ भनि आशाको त्यान्द्रो मनभित्र राख्दछिन् । नभन्दै एक दिन दावा आयो उसले धेरै खाने कुरा, लुगा अनि रेडियो पनि लिएर आएको रहेछ । आमा र निमाले जति सम्झाए पनि दावा हामी त चोमोलोङ चढ्न  जाने भनि हिडिहाल्यो । दावा हिडेको पुरै दश दिन बितेपछि जापानी पर्वतारोही र पथ प्रदर्शक दावा टासी शेर्पाले सफल सगरमाथा आरोहण गरेको खवर दावाले ल्याएको रेडियोमा सुन्दा दुवैजना हर्षले पुलकित भई निमाले ल्हामुलाई अँगालो हाल्दछिन् र कथा समाप्त हुन्छ ।

**पात्र**

यस कथाका पात्रहरूमा टासी, ल्हामु, दावा, निमा र अन्य पर्वतारोहीहरू रहेका छन् । ल्हामु यस कथाकी प्रमुख पात्र हुन् । यस कथाको विषय ल्हामुमा केन्दित छ ।

**दृष्टिविन्दु**

यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । ल्हामु, टासी, दावा र निमाको क्रियाकलापमा यो कथा आधारित छ ।

**परिवेश**

यस कथामा हिमाली क्षेत्रको परिवेशलाई देखाईएको छ । हिमाली ग्रामिण परिवेश, धेरै जसो शेर्पाहरूले अँगाल्ने जोखिमपूर्ण पेशा गाइड, ट्रेकिङ, पर्वतारोही, र उनीहरूको पेशाप्रतिको इमानदारीता, शेर्पिनीहरूको सन्त्रासमय वातावरण आदि परिवेशका रूपमा आएका छन् ।

**भाषाशैली**

यस कथाको भाषा सरल छ । वर्णनात्मक शैली र वार्तालापीय भाषाको प्रयोग छ । केही क्लिष्ट शब्दहरू उछिग्न, विस्मित,उडुमुडिएर जस्ता प्रयाग गरिए पनि कथा बोधगम्य नै छ ।

**उद्देश्य**

प्रस्तुत कथाको मुख्य उद्देश्य सगरमाथा आरोहणमा सफलता प्राप्त गर्ने अभीष्ट राख्ने पुरुषहरू र यसमा त्रसित महिलाहरू कसरी जीवन व्यतित गरिरहेका हुन्छन् भनेर देखाउनु हो ।

### ५.१.३ 'अमरका कथाहरू' कथासङ्ग्रहको अध्ययन

#### ५.१.३.१ परिचय

कथाकार अमरकुमार प्रधानका २०२६ देखि २०६८ सम्म प्रकाशित कथाहरू **'अमरका कथाहरू'** कथासङ्ग्रहमा सङ्ग्रहित गरिएका छन् । कूल ३१ कथामध्ये २६ कथाहरू **'शान्ति : कान्ति'** कथासङ्ग्रहमा पूर्वप्रकाशित हुन् भने तिनै २६ कथाहरूमध्ये पनि ६ वटा कथाहरू **त्रिविध** कथासङ्ग्रहमा पनि प्रकाशित भैसकेका छन् । बाँकी ५ ओटा कथाहरू भने

यस कथासङ्ग्रहमा पहिलोपल्ट सङ्ग्रहित गरिएका छन् । ती कथाहरूको प्रमुख कथातत्त्वको आधारमा अध्ययन गरिएको छ :

### ५.१.३.२ नयाँ नेपाल

#### कथानक

शक्ति धिताल गाईको दूधको व्यापार गर्दै जीविकोपार्जन गर्ने व्यक्ति हुन् । उनी छोरा अभयलाई एम.बी.बी.एस. पढ्नको लागि जनकपुर पठाउँछन् । दूध बेचेको पैसाले नपुगी जग्गा पनि बेचेर १५ लाख रूपैयाँ कलेजमा बुझाइसकेका हुन्छन् । जनकपुरको कलेजमा विद्यार्थीहरूलाई पार्टीका कार्यकर्ताले चन्दा संकलनको क्रममा त्रसित बनाएको, प्रहरी प्रशासन समेत मूकदर्शक भई बसेको र यही घटनाको शिकार बनी अभय पनि बेसुरो भई दार्जिलिङ पुगी होस खुलेपछि घर आइपुग्छ ।

#### पात्र

'नयाँ नेपाल' कथाका प्रमुख पात्र अभय धिताल र शक्ति धिताल हुन् भने 'म' पात्रकी श्रीमती, धितालकी श्रीमती, 'म' पात्रको बाबु गौण पात्रहरू हुन् । शक्ति धिताल परिश्रमी बाबु हुन् । छोरालाई डाक्टर बनाउने सपना बोकेर आफ्नो आम्दानी र जग्गा बेचेको पैसा समेत दाउमा लगाउने एक कर्तव्यनिष्ठ पिता हुन् । अभय धिताल एम.बी.बी.एस. पढ्न तराई गएको, मधेश आन्दोलन र चन्दा आतङ्कका कारण प्रताडित भई पढाइ र लगानी दुवै डुबाई फर्कने निरीह पात्र हो ।

#### दृष्टिविन्दु

प्रस्तुत कथामा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'म' पात्रको समाख्याताको रूपमा रहेर सिङ्गो कथा प्रस्तुत गरेको र 'म' पात्रले शक्ति धिताल र अभय धिताल अनि नयाँ नेपालको अवस्थाको वर्णन गरेकोले यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

**परिवेश**

प्रस्तुत कथामा गाउँदेखि शहरसम्मको परिवेश पाइन्छ । गोठ, गाई, दूध, ग्राहकका घरघर, कोलेनी जस्ता शब्दहरूले ग्रामीण र शहरी वातावरणलाई देखाउँछ । काठमाडौंको चोभार, जनकपुर आदि ठाउँहरू रहेका छन् । खासगरी पछिल्लो समय तराईमा बढ्दै गएको राजनीतिक बेथितिको परिवेशलाई देखाइएको छ ।

**भाषाशैली**

प्रस्तुत कथाको भाषाशैली सरल र संवादात्मक किसिमको छ । 'कोलोनी', 'डेरी', 'होस्टेल', 'टेन्सन', 'नाइट' जस्ता आगन्तुक शब्दहको प्रयोग गरिएको छ ।

**उद्देश्य**

कथाको उद्देश्य देशको राजनीतिक अस्थिरताको कारण बढ्दै गएको बेथिति, व्यक्तिगत स्वार्थ, आपराधिक घटनाक्रम, डरत्रासको वातावरण र युवाको भविष्य नै डामाडोल हुने स्थिति आइपरेको कुरालाई देखाउन खोज्नु हो ।

**५.१.३.३ चन्द्रमाको कथा**

**कथानक**

कथामा 'म' पात्रको सात कक्षामा पढ्दापढ्दै 'चन्द्री'सँग परम्परागत बालविवाह हुन्छ । लज्जालु स्वभावको उनलाई बिहे गरेपछिको लाजले स्कुल जान गाह्रो हुन्छ र बुबाले राजधानीमा पढाउन थाल्छन् । आफूलाई देवतासरह मान्ने श्रीमती चन्द्रीलाई उनी धेरै माया गर्छन् । बुबाले तराईमा जग्गा पाएपछि तराईमै आई.कम.सम्मको पढाइ पूरा गरेका उनी श्रीमतीसहित पहाडको स्कुलमा शिक्षक भएर जान्छन् । कुनै शैक्षिक भ्रमणमा 'राधिका' नामकी छात्रासँग उनको आकर्षण बढ्दा चन्द्रीले 'नकच्चरी' उपमा दिन्छिन् । यही विषयमा घरमा रातदिन रडाको मच्चिन थालेपछि उनको परिवार राजधानी सर्छ । उनीहरूका तीन सन्तान हुन्छन् । राजधानीमा विभिन्न क्षेत्रमा स्थापित उनलाई 'मिसेज नेपाल' प्रतियोगितामा मुख्य 'जज'को भूमिकामा आमन्त्रण गरिन्छ । उनकै प्रश्नमा उत्कृष्ट उत्तर दिई प्रथम हुन सफल 'सूर्या'सँग सम्पर्क बढ्दै जाँदा स्वदेशमा बस्न नसकी सिंगापुर बस्न थाल्छन् । एक

दिन आकाशमा चन्द्रमा देख्दा चन्द्रीलाई सम्झी 'बाबुसमानको मान्छेलाई यहाँ ल्याएर के पायौ ?' भन्ने प्रश्नको उत्तरमा सूर्याले आलमारीबाट 'एउटी वेश्याको आत्मकथा' देखाउँछे । त्यसमा राधिकाको फोटो टाँसिएको हुन्छ । भन्छे, 'मेरी आमाले चन्द्रीबाट पाएको 'नकच्चरी' उपाधिको बदला लिएँ । तिमीले राधिकाको मनमात्र हरण गर्‍यौ मैले तिम्रो तन, मन, धन सबै हरण गरेर तिम्री पत्नीबाट अलग गरेँ ।' कथावस्तुको अन्त्य हुन्छ ।

### पात्र

कथामा 'म' पात्र, उसकी पत्नी चन्द्री, राधिका, सूर्या प्रमुख पात्रहरू हुन् । 'म' पात्रका छोराछोरी, आमा-बुबा सहायक पात्रहरू हुन् । 'म' पात्र सौतेनी मामलाका कारण पैत्रिक अंश पाउनबाट वञ्चित बाबुका छोरा भएकोले सामान्य परिवारमा जन्मिएका, कला, साहित्य र सौन्दर्यको चेत भएका आदर्श पात्र हुन् । परिस्थितिले उनलाई देवतासमान पुज्ने पत्नीबाट टाढा गराउँछ ।

### दृष्टिविन्दु

कथामा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथाको आरम्भदेखि अन्त्यसम्म 'म' पात्रको भूमिका केन्द्रीय छ ।

### परिवेश

प्रस्तुत कथाको परिवेश पहाडी गाउँ, तराई, राजधानी र सिंगापुर रहेका छन् । ग्रामीण परिवेशमा हुने बालविवाहको कारण वयस्क अवस्थामा अरू नै युवतीको प्रेममा फसेर स्वर्गजस्तो घरसंसार तहसनहस भएको कुराको परिवेश कथामा छ ।

### भाषाशैली

'चन्द्रमाको कथा'को भाषाशैली सरल, सहज छ । कथामा 'हेडमास्टर', 'पियन', 'वाइन', 'म्याडम', 'मिडिया' जस्ता आगन्तुक शब्द प्रयोग भएका छन् । 'धप्प बल्ने आँखाहरू', 'सुलुक्क मिलेको नाक', 'दुबैतिर स्याउजस्तै रातिएका गाला' जस्ता आलङ्कारिक शब्दहरूको प्रयोगले कथामा भाषिक मिठास दिएको छ ।

**उद्देश्य**

कुनै रूपवती युवतीका कारण सुखद पारिवारिक जीवन भोगिरहेको मान्छे पनि विचलित भई पारिवारिक जीवन ध्वस्त हुनसक्ने कुरा देखाउनु कथाको प्रमुख उद्देश्य हो । साथै बालविवाहको कारण नारीहरूले भोग्नुपरेको पीडाबोध गराउनु पनि उद्देश्य हो ।

**५.१.३.४ एकादशी**

**कथानक**

महेशप्रसाद यादव दाजु सुखारामलाई एक सशस्त्र समूहले चन्दा नदिएको रिसमा हत्या गरेको खबर पाई डोल्पाबाट घर (सर्लाही) फर्कन्छ । भाउजूको पेन्सनपट्टा बनाउने, सञ्चयकोष लिने आदि कामको लागि राजधानीमा माइक्रोबसको यात्रा गर्दा एक युवतीको नग्न पाखुरामा टाँसिन पुग्दा २०४५ सालको घटना सम्झन्छ । ऊ भर्खर लोकसेवा पास गरी ना.सु. भएको थियो । रानीपोखरीदेखि पानीपोखरीसम्मको दैनिक जागिरे सफर हुन्थ्यो । भारतको नाकाबन्दीका कारण साझा बसमात्र चल्न थालेपछि भीड बढ्ने नै भयो । एकपटक उसले पाएको दुर्लभ सीटमा सहयात्री एक विदेशी युवती हुन्छिन् । भीडमा धकेलिँदा उसका नग्न पाखुरामात्र होइन स्कर्टले छोप्न नभ्याएका तिघ्रासम्म पटकपटक छुन पुग्छ । एकसुरमा गाइडबुक हेरिरहेकी युवतीलाई पत्तो हुँदैन । अचानक हाकिमको आगमनले मन कुँड्याउँदै सीट छोडे पनि पानीपोखरीमा हाकिम ओर्लिंदासमेत हाकिमलाई एकादशी परेकोले बुढानीलकण्ठको दर्शन गरी आउने भन्दै आधा दिन क्या.वि. जनाउन लगाएर यात्रा जारी राख्दछ । पछाडिबाट कसैले 'आज त पञ्चमी हो नि बाबु' भन्दैगरेको नसुनेझैं गरी मुसलमान हाकिमलाई बुद्धु बनाउन सकेकोमा गर्व गर्दै यात्रा जारी राख्छ । कथा सकिन्छ ।

**पात्र**

कथाको मुख्य पात्र महेशप्रसाद यादव हो । दाजुको हत्यापछि भाउजूका लागि पेन्सनपट्टा आदि बनाउन राजधानी जाने सहयोगी पात्र ऊ युवतीसँगको मादक स्पर्शको प्रलोभनमा हाकिमलाई समेत ढाँटेर अफिस विदा बस्ने कामचोर पात्र पनि हो । अन्य पात्रहरूमा भाउजू, नेताजी, अन्सारी हाकिम, विदेशी युवती आदि छन् ।

**दृष्टिविन्दु**

प्रस्तुत कथा सम्पूर्ण रूपमा महेशप्रसाद यादवको वर्णनमा केन्द्रित भएकोले तृतीय पुरुष बाहच दृष्टिविन्दुको प्रयोग भएको छ ।

**परिवेश**

यस कथाको परिवेश कम गाउँले र बढी शहरिया छ । साझा बस, माइक्रो बस, पाटन, चक्रपथ, लगनखेल, जमल, लैनचौर, पानीपोखरी आदिको यात्रा परिवेश र विद्यालय, डोल्पा, गणेशस्थान आदि स्थानपरिवेश छन् । युवतीको मादकताले कर्तव्यविमुख भएको परिवेश कथामा छ ।

**भाषाशैली**

कथामा सरल, सहज भाषाशैली छ । 'रमजान इद', 'एकादशी', 'पञ्चमी' जस्ता धार्मिक आस्थायुक्त शब्दको प्रयोग छ ।

**उद्देश्य**

प्रस्तुत कथाको उद्देश्य राजनीतिक अस्थिरताले जन्माएको समस्या, नाकाबन्दीको प्रभाव देखाउनु एकातिर हो भने अर्कोतिर अपरिचित युवतीको सान्निध्यमा कर्तव्यबाट कसरी च्युत हुन्छन् भनेर देखाउनु पनि हो ।

**५.१.३.५ देवी**

**कथानक**

कथाकारले ई.सं. को नयाँ वर्ष मनाउने क्रममा बेनान्जा पुरस्कार मार्फत् कोलकातामा एक जोडी चार दिन तीन रात बस्न होटल सुविधा समेतको कोलकाता भ्रमणको टिकट प्राप्त गर्छन् । काथाकार र उनकी पत्नी शशी भ्रमणका लागि निस्किन्छन् । सो क्रममा हुग्ली नदीको किनारमा आवस्थित १२ ओटा ज्येतिर्लिङ्गको मन्दिरबीच दुईतले दक्षिणेश्वर काली मन्दिरमा दर्शनार्थ पुग्छन् । 'नमस्कार जेटीए सर', यो स्वरले उनी झस्किन्छन् जुन 'देवी'को हुन्छ । सामान्य भलाकुसारीपछि देवी र शशीको परिचय गराउँछन् । देवी पञ्चवटी वाटिकासम्म सँगै गई बिदा हुन्छिन् । शशीले पटकपटक 'देवी को ?' भन्दा

उत्तर छैन उनीसँग, फगत स्मरण गर्न पुग्छन एसएलसी लगत्तै प्राप्त गरेको जेटीए जागिर । आफ्नै गाउँघरमा अनुभवी भएपछि छिमेकी जिल्लामा सदरमुकामबाट एकदिन टाढाको गाउँमा स्थानान्तरण हुन्छ । त्यहीँ भेटिन्छिन् देवी । मामाघर आएको मुखमा छ्याका परेको एक केटालाई 'ए छ्याके' भनेर जिस्क्याए वापत पछि उसैले देवीलाई दुलही बनाई चरम यातना दिएको हुन्छ । फलस्वरूप उनी धेरैजसो माइत नै बसेकी हुन्छिन् जहाँ कथाकारको डेरा हुन्छ । एक दिन घरमा अरू कोही नभएको मौकामा देवी आइपुग्छिन् । कथाकारले केरकार गर्दा देवी सर्वथा नग्न भई आफ्नो स्तन वरपर, पिठचूँमा, भागप्रदेश वरपर पतिले दिएको यातनाको चिह्न देखाउँछिन् र आवेगमा कथाकारलाई अँगाल्न पुग्छिन् । पहिलोपटक यस्तो नौलो स्पर्श पाएका उनी ओछ्यानमा पल्टी ओढ्नेले मुख छोप्छन् । देवी 'जेटीए साहेब म कुमारी नै रहने भएँ' भन्दै बाहिरिन्छिन् । उनै देवी विदेशमा अप्रत्यासित भेटिँदा कानमा खुसुक्क भन्छिन्, 'विश्वास गर्नुहोला, म अझै कुमारी छु ।' कथा सकिन्छ ।

**पात्र**

कथामा 'म' पात्र प्रमुख हुन्छन् । 'म' पात्र भद्र र मिलनसार छन् । इमान नछोड्ने संयमित व्यक्तिको रूपमा छन् । सहायक पात्र देवी दुःखी, शोषित, बदलाको भावनाका कारण नारकीय जीवन बिताउन विवश नारी चरित्र हो । अन्य पात्रहरू शशी, हेडमास्टर, दिनेश, रमेश, माधवदाइ आदि छन् ।

**दृष्टिविन्दु**

प्रस्तुत कथामा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'म' पात्र समाख्याताको रूपमा रहेर सिङ्गो कथा प्रस्तुत गरेका छन् ।

**परिवेश**

'देवी' कथामा कोलकाताका विभिन्न ठाउँहरू साथै नेपालकै पहाडी गाउँ र काठमाडौं शहरको पाँचतारे होटलका परिवेश छन् । विडला मन्दिर, दक्षिणेश्वर काली मन्दिर, कालीघाटस्थित कालीको प्रसिद्ध मन्दिरले आध्यात्मिक परिवेशतर्फ सङ्केत गर्छ ।

**भाषाशैली**

प्रस्तुत कथामा शुरुमा संस्मरणात्मक शैली पाइन्छ । सरल, सहज भाषाशैली छ । 'नागवेली दृश्य', 'सुललित डडाल्ने हाड', 'सुपुष्ट स्तन', 'त्रिवेणी नाभी' आदि प्रतीकात्मक र विम्बात्मक भाषाशैलीको प्रयोग गरिएको छ ।

**उद्देश्य**

प्रस्तुत कथाको उद्देश्य सानो कुरामा पनि बदलाको भाव राख्नाले त्यसको परिणति कति भयानक हुन्छ भनी देखाउनु हो । साथै पुरुषको निदर्यीपना र क्रुर व्यवहारले सुखद पारिवारिक जीवनयापन गर्न चाहने इच्छा हुँदाहुँदै पनि रूप, शील, गुण भएकी महिलाले समेत घर छाडेर हिँड्नुपरेको बाध्यात्मक परिस्थितिलाई देखाउनु हो ।

**५.१.३.६ बच्चा चोर**

**कथानक**

कथाकार लगनखेलदेखि रत्नपार्कसम्मको यात्रा मझौला बसबाट तय गर्दै हुन्छन् । पाटन अस्पताल सामुन्ने बस रोकिँदा यात्रुहरूकै भीडमा एक युवती बच्चीसहित चढि्छन् । बसभित्रको भीडमा उभिन गाह्रो भएकोले कथाकारले बच्चीलाई आफ्नो काखमा राख्छन् । उनका छोराहरू मात्र भएको र छोरीको चाहना भएकोले एकैछिन बच्ची काखमा राखेर पूरा गर्न खोज्छन् । एकाएक बच्चाकी आमा (?) देखिन्नन् । कथाकारको मनमा कुविचार उब्जिन्छ । बच्चीलाई लिएर जाने मन पनि हुन्छ । अन्तरद्वन्द्व चल्दाचल्दै बसस्टप आइपुग्छ । युवतीलाई ड्राइभरको बगलसिटमा आरामसाथ बसेको देख्छन् । ओर्लिएर युवतीलाई 'यदि मैले बच्चा लगेको भए' भन्दा 'म भरे सँझ लिन आइहाल्थें नि तपाईं बसेको घर मैले देखेको छु' भन्ने उत्तर पाउँछन् । कथाकार चकित हुन्छन् । कथा सकिन्छ ।

**पात्र**

'बच्चा चोर' कथामा 'म' पात्र प्रमुख हुन्छ । 'म' पात्र सहयोगी, इमानदार पुरुषको रूपमा प्रस्तुत छ । अन्य पात्रहरू युवती, बच्चा आदि छन् ।

**दृष्टिविन्दु**

कथामा 'म' पात्रको तर्फबाट सम्पूर्ण कथा प्रस्तुत गरिएकोले प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

**परिवेश**

लगनखेलबाट रत्नपार्कसम्मको बसयात्रा कथाको परिवेशको रूपमा रहेको छ ।

**भाषाशैली**

कथामा सरल र सुबोध्य भाषाशैलीको प्रयोग छ । बसयात्राका घटनाक्रममा रचित हुनाले यात्रा वर्णनात्मक शैली छ ।

**उद्देश्य**

मानिसको मनमा अचेतन अवस्थाले पैदा गर्ने कुभावनालाई समयमै सम्हाल्न सकेको खण्डमा दुष्परिणाम निम्तिन पाउँदैन भन्ने देखाउनु कथाको उद्देश्य हो । साथै शहरमा बच्चा चोरीका घटना आमाको वेपर्वाहका कारण हुन सक्ने देखाउनु पनि प्रस्तुत कथाको उद्देश्य हो ।

### ५.१.४ अमरकुमार प्रधानका बालकथाको अध्ययन

अमरकुमार प्रधानले **अनौठो कलम** (२०६८), **कस्तो राम्रो चङ्गा** (२०७०) र **मेरो भकुण्डो** (२०७१) गरी तीन बालकथा पुस्तक प्रकाशन गरेका छन् । जसको अध्ययन कथातत्त्वका आधारमा क्रमशः निम्नानुसार गरिएको छ ।

### ५.१.४.१ अनौठो कलम

**परिचय**

प्रस्तुत कथाका रचयिता अमरकुमार प्रधान र शशि शर्मा हुन् । यसको सम्पादक ध्रुव घिमिरे हुन् भने एकराम सिंहले चित्राङ्कन गरी बालसञ्चार प्रालिको संयोजकत्त्वमा वि.सं. २०६८ मा यो बालकथा पुस्तक प्रकाशन भएको हो ।

**कथानक**

'तिमिला' नामकी एक १०/१२ वर्षकी केटीको जन्मदिनको दिन सबैले उपहार दिन्छन् । त्यसमा हजुरबुबाले उनलाई एउटा कलम उपहार दिनुभयो । सो अनौठो कलमले जे लेख्यो त्यही पुग्छ । तिमिलाले नयाँ लुगा लेखिन् । साँझमा मामाले लुगा दिनुभयो । भोलिपल्ट नयाँ किताब लेखिन् । स्कुलमा किताब पुरस्कार पाइन् । उनी रमाउँदै घर फर्कदै थिइन्, मोटरले हिलो पानी छ्याप्यो । उनी साह्रै रिसाइन् । उनले ठोक्कियोस् लेखिन् । अलि पर त्यो मोटर ठोक्कियो । तिमिला दौडिँदै मोटरनजिक पुगिन् । ड्राइभरको निधार ठोक्किएछ र ठूलो टुटिलो निस्किएछ । अनि तिमिलाले 'अबदेखि नराम्रो कुरा कहिल्यै लेख्दिनँ' भनेर अठोट गरिन् ।

**पात्र**

कथामा तिमिला प्रमुख पात्र रहेकी छिन् । उनकै सेरोफेरोमा कथा सकिएको छ । अन्य पात्रहरू हजुरबुबा, मामा, ड्राइभर रहेका छन् ।

**दृष्टिविन्दु**

प्रस्तुत कथा तिमिलाको सेरोफेरोको घटनामा आधारित भएकोले तृतीय पुरुष दृष्टिविन्दु रहेको छ ।

**परिवेश**

प्रस्तुत कथामा बालपात्रको प्रयोग, बालसमाजकै परिवेशको कुरा रहेको छ । घर, बाटो, विद्यालय, जन्मदिनको अवसर जस्ता विषय परिवेशको रूपमा आएका छन् ।

**भाषाशैली**

कथामा बालसुलभ चरित्रको प्रयोग भएको छ । भाषाशैली सरल, सहज रहेको छ । 'स्कुल', 'ड्राइभर', 'मोटर' जस्ता आगन्तुक शब्दको प्रयोग भएको छ ।

**उद्देश्य**

प्रस्तुत कथाको उद्देश्य बालबालिकाले एकातिर वस्तुको तिलस्मी शक्तिबाट मनोरञ्जन प्राप्त गर्नेछन् भने अर्कोतिर कसैलाई दुःख दिने काम गर्न नहुने प्रेरणा प्राप्त गर्नेछन् भन्ने कुरा देखाउनु रहेको छ ।

**५.१.४.२ मेरो भकुण्डो**

**परिचय**

बालसंसार प्रा.लि.को प्रकाशनमा अमरकुमार प्रधानको लेखन र विजयराज शाक्यको चित्रकारितामा **मेरो भकुण्डो** बालकथा (२०७१) प्रकाशित भएको हो । यसमा मानिस बढ्दै जाने तर अन्य चिजवस्तु नबढ्ने कुरा बालबालिकालाई ज्ञान दिन खोजिएको छ ।

**कथानक**

यसमा सानी छोरी विजयाले आमासँग आफू सानो तर आमा र दाजु ठूलो किन भएको भनी सोध्छिन् । आमाले जो पनि पछि बढेर ठूलो हुने कुरा बताउँछिन् । यस्तैमा विजया आफ्नो सानो भकुण्डो खेल्दै हुन्छिन् । भकुण्डो भुईंमा बजार्दा उफ्रिएर कता खस्यो थाहा पाइनन् र खोज्दै जाने क्रममा दाजुको ठूलो भकुण्डो भेट्न पुग्छिन् । उनलाई आफ्नै भकुण्डो बढेर ठूलो भएको जस्तो लाग्छ । उनले त्यो 'बढेको' भकुण्डो आमालाई देखाउन जाँदा दाजु आई 'यो त मेरो भकुण्डो हो, तेरो त सानो छ' भन्छ । उनी आफ्नै भकुण्डो बढेर ठूलो भएको जिद्दी गर्छिन् । भकुण्डो खोसाखोस हुन्छ । आमाले सानो भकुण्डो खोजेर विजयालाई दिँदै मान्छेजस्तै भकुण्डो नबढ्ने कुरा बताउँछिन् । विजया छक्क पर्छिन् ।

**पात्र**

कथामा मुख्य पात्र सानी छोरी विजया हुन्छिन् । अरू पात्रहरू विजयाका आमा र दाजु हुन्छन् ।

**दृष्टिविन्दु**

यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । मुख्य पात्र विजया, उनकी आमा र दाजु तीनैजना तृतीय पुरुषको रूपमा कथामा आउँछन् ।

**परिवेश**

कोठा, सोफा, टेबुल, दराज, टेलिफोन राख्ने टेबुल, भकुण्डो कथाको परिवेश हुन्छ । एउटा कोठाभित्रै कथा सम्पन्न हुन्छ ।

**भाषाशैली**

यसमा संवादात्मक भाषाशैली प्रयोग भएको छ । भाषा सरल, सहज, छोटो र बालबालिकाले सजिलै बुझ्न सक्ने छ । 'छोरी !', 'तिम्रो भकुण्डो यो पो त !' 'मान्छे जस्तै भकुण्डो बढ्दैन नानु ! जस्ता विष्मयादिबोधक चिह्नको प्रयोग भएको छ । 'पो', 'त' जस्ता निपात शब्दको प्रयोग भएको छ ।

**उद्देश्य**

मानिस बढ्ने तर अरू चिजवस्तु मानिसजस्तै नबढ्ने कुरा बालबालिकालाई बुझाउनु यस कथाको उद्देश्य रहेको छ ।

**५.१.४.३ कस्तो राम्रो चङ्गा**

**परिचय**

अमरकुमार प्रधानको लेखन, ईशान परियारको चित्र र तेजप्रकाश श्रेष्ठको सम्पादनमा बालसंसार प्रा.लि.बाट २०७० असारमा 'कस्तो राम्रो चङ्गा' बालचित्रकथा प्रकाशित भएको छ । यसमा साथीहरूसँग नमिली एक्लिँदा दुःख पाएको तर आफ्नो बुद्धिको प्रयोगले गुरुमा र साथीहरूको सहयोग पाएको कुरा बताइएको छ ।

**कथानक**

आभास कक्षा ५ मा पढ्ने विद्यार्थी, अरू साथीहरूसँगै श्रीपञ्चमीको दिन सरस्वती पूजा र बनभोजमा तिलिञ्चो डाँडामा जान्छ । पूजा सकिएर गुरुमाबाट टीका र प्रसाद लिई समैबजी खाएपछि खेल्ने क्रममा आभासले आफूलाई दाजुले विदेशबाट पठाइदिएको पुतली आकारको अनौठो चङ्गा उडाउन लाग्छ । चङ्गाको दुवैतिर हावा भरिएको बेलुन भएकोले साथीहरूले मन पराउँछन् र आफूहरूलाई पनि खेल्न दिन भन्छन् तर ऊ साथीहरूले छुँदा चङ्गा बिग्रने भन्दै एक्लै चङ्गा उडाउँदै पछि हट्दै, लट्टाई तान्दै जान्छ । उसको गोडा खाल्डोमा जाकिएर ऊ लड्छ, गोडा मर्किन्छ । मद्दतका लागि कराउँदा कसैले सुन्दैन । उसले बुद्धि लगाउँदै लट्टाइको धागो तान्दै चङ्गा तल झार्छ र त्यसमा एउटा कागजमा 'म घाइते छु । मलाई मद्दत गर्नुहोस् । आभास' लेखी अड्काएर चङ्गा उडाउँछ । उता आभासलाई नदेखी गुरुमा र साथीहरू खोज्दै हुन्छन् । उसको चङ्गा देखिन्छ । खसेपछि चङ्गा भएतिर सबै जान्छन् । उसलाई मद्दत चाहिएको थाहा पाउँछन् । खोज्दै जाँदा ऊ भेटिन्छ । सबै मिलेर बोकेरै उसलाई घर ल्याउँछन् । साथीहरूको माया पाएर ऊ दङ्ग पर्छ र एक्लै चङ्गा उडाउन गएकोमा थकथक मान्दै कथा सकिन्छ ।

**पात्र**

यसमा मुख्य पात्र आभास हुन्छ । अरू पात्रहरू गुरुमा, सुशील, केदार, विमल र साथीहरू छन् ।

**दृष्टिविन्दु**

यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । आभास, गुरुमा, अरू साथीहरू सबै तृतीय पुरुषकै रूपमा कथामा देखिएका छन् ।

**परिवेश**

भीम उच्च मावि, तिलिञ्चो डाँडा, श्रीपञ्चमी, सरस्वती पूजा, बनभोज, समैबजी (नेवारी खाजा), थरीथरीका खेल, चङ्गा, खाल्डो आदि यस कथाको परिवेश हुन् ।

**भाषाशैली**

कथाको भाषाशैली सरल र सुबोध्य छ । 'ओहो !', 'अहँ !', 'खै कुन्नि !' जस्ता शब्दमा विस्मयादिबोधक चिह्नको प्रयोग भएको छ । 'समैबजी' नेवारी शब्दको प्रयोग भएको छ ।

**उद्देश्य**

साथीहरूसँग मिलेर खेल्नुपर्ने, घमण्ड गरी एक्लिँदा दुःख पाइने सन्देश दिनु कथाको मुख्य उद्देश्य हो । साथै बुद्धिको प्रयोग गरी जस्तोसुकै अफठ्यारोबाट पनि पार पाउन सकिन्छ भनी बुझाउनु अर्को उद्देश्य हो ।

## ५.२ अमरकुमार प्रधानका फुटकर कविताको अध्ययन

अमरकुमार प्रधानका फुटकर कविताहरू २०३७ सालदेखि प्रकाशनमा आएको पाइन्छ । २०३७ सालमा **बन्धु संगम** स्मारिकामा 'दुई टुक्रा कविता (सामयिक सुन्दरी र नूनको सोझो)' प्रकाशन गराएका उनको दोलखाको नेवारी (द्वाल्खा) भाषामा लिखित 'जीः चम्पूजा' (२०५५), 'साथी' (२०६४), 'किताबको नियति' (२०७१) आदि प्रकाशित छन् । उनका प्रकाशित केही फुटकर कविताहरूको अध्ययन यस प्रकार गरिएको छ :

### ५.२.१ सामयिक सुन्दरी

ग्राम निर्माण बन्धु मण्डल क्लब, आरुबारीले २०३७ सालमा प्रकाशन गरेको स्मारिका एक, **बन्धु-संगम** (कविता संकलन)मा प्रकाशित दुई टुक्रामध्येको एक यस कविताले प्रेमिकाको सुन्दरता अतुल्य हुन्छ भन्ने जनाउ दिएको छ । आफ्नी प्रियसीको तारिफ गर्ने क्रममा सुन्दरताको बयान गर्दा उनीबाट आएको जवाफलाई उद्धृत गर्दै प्रेमिका सामयिक सुन्दरी हुने कुराको भाव व्यक्त गरेका छन् ।

आफ्नी प्रेमिकालाई जुन, गुलाफ र उदाउँदो घामसँग तुलना गर्दा उनीबाट कलंकिनी तुल्याई चरित्रमा आघात पुऱ्याएको, काँडामयी क्षणिक भनी सदावहार यौवनलाई लत्याएको र अरूलाई दग्ध पारिदिने इखालु बनाएको भनी गाली खानुपरेको

बताएका छन् । अनि प्रेमिकाले आफूलाई सामयिक सुन्दरी भन्न सिकाएको बताउँदै प्रेमिकाको सुन्दरता सदावहार रहने भाव व्यक्त गरेका छन् ।

### **५.२.२ नूनको सोझो**

ग्राम निर्माण बन्धु मण्डल क्लब, आरुबारीले २०३७ सालमा प्रकाशन गरेको स्मारिका एक, **बन्धु-संगम** (कविता संकलन)मा प्रकाशित दुई टुक्रामध्येको दोस्रो यो कविताले शीर्षक सार्थक गर्दै नूनको सोझो गर्ने चरित्र र प्रवृत्तिको उजागर गरेको छ । आफ्नो आस्था, निष्ठा, विश्वास र पराक्रम जेजस्तो भएपनि मान्छे परिस्थितिवश कसरी नूनको सोझो गर्न बाध्य हुन्छ भन्ने कुराको भाव अमरको यस कविताले बोकेको छ ।

कविले आफूले आफैँलाई द्रोणचार्य जस्तै पराक्रमी, भीमतुल्य शक्तिशाली र कर्णझैँ महावीर भएको ठाने पनि नूनको सोझो गर्न दुर्योधनकै चाकरी गर्न बाध्य भएको प्रसङ्गमार्फत् मानिस कसरी शक्तिको पूजारी बनिरहेको छ भन्ने देखाउन खोजेका छन् ।

### **५.२.३ जीः चम्पूजा**

**चिमाल** वर्ष १८, अङ्क १०, २०५५ मा द्वाल्खा भाषा (दोलखाको नेवारी भाषा)मा प्रकाशित अमरको यो कविताले दोलखाको त्रिपुरासुन्दरी मन्दिरछेउको चम्पूजा स्थलको विशेष प्राकृतिक वर्णन गरको छ । 'जीः' अर्थात् म चम्पूजा शीर्षक दिई आफैँलाई चम्पूजाको स्थानमा राखेर प्रकृतिको आनन्दमयी वर्णन कविले यो कवितामार्फत् गरेका छन् ।

चम्पूजा स्थल जो अहिले चम्पूजा हरियाली पार्कको रूपमा विकसित हुँदैछ, नेपालको राष्ट्रिय समय निर्धारक गौरीशङ्कर हिमालको काखमा, तामाकोशी र दोल्ती खोलाको सुरम्य दृश्यपान गर्दै छेउको वनारसी तीर्थको पानी र कराल जङ्गलको लालीगुराँसले शोभित, सुनखानी, नागदह, फुलापा, मार्बु, घुम्टारा र शहर्पालाई साक्षी राख्दै त्रिपुरासुन्दरी देवीको पछाडि अवस्थित छ । सोही चम्पूजाको वर्णन गर्दै कविले भनेका छन्:

म चम्पूजा
मेरो नाम चम्पूजा
चिन्नेले भन्छन् चम्पूजा

### ५.२.४ साथी

वि.सं. २०६४ मा **चैतन्य ज्योति** पूर्णाङ्क १५ मा प्रकाशित अमरको यो कविताले समयसँगै फेरिने साथीको साथलाई बयान गरेको छ । कुनै दौडमा सँगै कुदेको साथीले आफू पहिलो हुँदा ताली र बधाइ दिँदा आफू पुलकित भएको स्मरण गरेका कविले आज लिगलिगे कुदाइमा साथीको जितमा आफूले दिएको बधाइ स्वीकार गर्न गाह्रो मान्दा र फूल दिँदा नचिने झैं गरेकोमा दुखेसो पोखेका छन् ।

जे गरे पनि साथी आखिर साथी नै हुन्छ भन्ने कुरालाई चरितार्थ गर्दै कविले आफ्नो फराकिलो छाती देखाएका छन् । साथीको अकाल मृत्यु भएमा आफू मलामी हुन नसुहाए पनि हृदयदेखि आँशुको पहिलो श्रद्धाञ्जलि चढाउने अभिव्यक्ति दिएका छन् । समग्रमा कविले समयको कोल्टो फेराइसँगै फेरिने साथीको आम प्रवृत्तिलाई कवितामा देखाउन खोजेका छन् ।

### ५.२.५ किताबको नियति

यो कविता अमरको प्रकाशित पछिल्लो कविता हो **उर्वरा** द्वैमासिकको २०७१ असोज-कार्तिक अङ्कमा प्रकाशित यो कविताले दुईओटा प्रवृत्तिलाई उजागर गरेको छ । एउटा, किताब वा पत्रपत्रिका पढाइप्रतिको बढ्दैगएको उदासीनता र दोस्रो, प्रविधिले किताबलाई विस्थापित गर्दैगएको यथार्थ । एकातिर किताब ल्याउँदा घोक्रो फुलाउने श्रीमती मासु ल्याउँदा मुख मिठ्याउने र पत्रिका ल्याउँदा ठुस्किने छोरी फलफूल ल्याए स्वाद लिने प्रसङ्ग छ भने अर्कोतिर ल्यापटप, मोबाइल, आइप्याड, आइफोनले पाएको हार्दिकता प्रदर्शित छ ।

आमाले आफूलाई किताबलाई सरस्वतीको रूपमा बताएको र यसलाई गोडाले लागे क्षमा माग्नु नत्र विद्या आउँदैन भनेको प्रसङ्ग स्मरण गर्दै अमर अब वसन्त पञ्चमीमा सरस्वतीको रूपमा रद्दीको टोकरीमा मिल्किने र खाली शिशी पुराना कागजवालाले उठाउने किताबको पूजा गर्ने वा आधुनिक प्रविधिको ? भन्नेमा दोधारको भाव व्यक्त गर्छन् ।

## ५.३ अमरकुमार प्रधानका समालोचनाको अध्ययन

अमरकुमार प्रधानले विभिन्न चर्चित र मूर्धन्य व्यक्तित्त्व र तिनका कृतिहरूको अध्ययनको आधारमा तिनका विषयमा समालोचनात्मक आलेखहरू फुटकर रूपमा प्रकाशन गराएका छन् । कथाकार भवानी भिक्षुको चर्चित उपन्यास 'आगत'को समीक्षा 'आगत : एक सिंहावलोकन' (२०३३) बाट यस क्षेत्रमा पाइला टेकेका अमरले 'कृष्णप्रसाद पराजुली निबन्धकारको रूपमा', 'महाकवि लक्ष्मीप्रसाद देवकोटा', 'चक्रपाणि चालिसे नेपाली गद्यशिरोमणि' जस्ता व्यक्तिपरक र 'ऐतिहासिक उपन्यास वसन्ती', 'गोविन्दप्रसाद कुसुमका कविताहरू : एक चर्चा', 'शिलान्याश नाटकको संक्षिप्त चर्चा' जस्ता कृतिपरक समालोचनामा कलम चलाएका छन् । उनका केही प्रतिनिधिमूलक समालोनाको अध्ययन निम्नानुसार गरिएको छ :

### ५.३.१ ऐतिहासिक उपन्यास 'वसन्ती'

समालोचक अमरकुमार प्रधानले **जुनेली** वर्ष ६, अङ्क ४, २०३७ मा प्रकाशित गरी डायमन शमशेर राणा साहित्यिक प्रतिष्ठानबाट २०७१ मा प्रकाशित 'डायमन सृष्टि : एक सिंहावलोकन'मा पुनः सङ्ग्रहित 'ऐतिहासिक उपन्यास वसन्ती' शीर्षकमा 'वसन्ती' उपन्यासको चिरफार गरेका छन् । साहित्य ऐतिहासिक हुन सक्दछ तर इतिहास चाहिँ साहित्य होइन भन्दै अमर भन्छन्, ऐतिहासिक उपन्यासमा पात्र-पात्राको नाम, समय साथै घटनाक्रम पनि यथार्थकै रङ लगाएर प्रस्तुत गरिएका हुन्छन् तापनि इतिहासलाई औपन्यासिक कलेवर दिन उपन्यासकारले कल्पनाको किसिमले वस्त्र, अनुश्रुतिको गहनाले सिँगार्नु पर्दछ । सरल र रोचक प्रस्तुतिले अतीतको कथा वास्ता नराख्ने पाठकलाई पनि आफ्नै पाराले इतिहासलाई स्मरण गराइदिन्छ ।

प्रधानका अनुसार उपन्यासमा जङ्गबहादुरको चरित्रलाई आदर्शको धुरीमा पुऱ्याइएको छ । उनलाई धिरोदात्र व्यक्तित्त्वको पूर्वीय सत्यताको गौरवी कुनै किसिमको बयान तथा कलङ्कपूर्ण काममा हच्कने, धर्मभिरु, राजभक्त तथा चरित्रवान देखाइएको छ । शरीर र साहसका बलिया जङ्गबहादुरको नैतिकता झन् दरिलो दर्शाइएको छ । उपन्यासको बीचबीच अंशमा संस्करणमा गरिएको संशोधन र परिवर्तन उल्लेखनीय मान्छन् प्रधान । 'ऐतिहासिक तथ्यप्रति निरन्तर अन्वेषणको प्रक्रिया चलिरहने भएकोले इतिहासमा संशोधन र

परिवर्तन अपरिहार्य छ । ऐतिहासिक उपन्यासमा पनि साल र घटना सम्बन्धी वास्तविकता बिग्रेर पात्रपात्रा उपर न्याय निर्वाह नभएको लागेमा सोही अनुरूप संशोधन गरिनु अस्वाभाविक होइन तर जुन प्रकार वसन्तीमा सच्याइ र थपथाप गरिएको छ त्यसको औचित्य देख्दिनँ ।' प्रधान भन्छन् । 'प्रजातन्त्रकालमा (पछिल्लो संस्करण) ने.भा.प्र.को परिचयसँग लेखकको भूमिका हटाइएर पनि जङ्गखलक प्रति सहानुभूति दर्शाएर, जङ्गबहादुरको अदूरदर्शी राजनीति र निरङ्कुशतालाई आधार बनाएर सेतो बाघ लेखिसकेर पनि वसन्तीमा जङ्गबहादुरको चरित्रलाई उदात्त गराउनमा शमशेर उपन्यासकारको बुझ्न अफ्ठ्यारो निजी स्वार्थ छ कि जस्तो लाग्छ ।', प्रधान शङ्का गर्छन् ।

गगनसिंहको हत्या कहाँबाट हुने भएको षड्यन्त्रको जानकारी जङ्गबहादुरले दिएको वाक्यांश पनि पछिल्लो संस्करणमा निकालिएको, मिठु र गङ्गेको प्रथम सहवासको प्रसङ्ग, गगनसिंहको प्रेमिका छ भन्ने संवादमा भएका काँटफाँट र थपथापले औपन्यासिक रोचकतामा शैथिल्य ल्याएको र केही तथ्यमा भ्रम पैदा गरेको प्रधानको ठम्याइ छ । सिलाङेको हिंस्रक अभिप्राय बुझेर वसन्ती भागेपछि उसले वसन्ती र बुढी दुवैलाई बाघले लग्यो कि भनी खोज्न लगाएको सट्टामा चौथो संस्करणमा सिलाङे भन्छ, "कजिनी सेरिएर मर्नुभएछ, लास फेला पार्न सकिएको छैन, तिमीहरू चिराग लिएर बगैँचामा खोज्न जाओ ।" खोज्न जानेमध्ये एकजना नोकर रुख चढेर चिच्याउँछ : कजिनी, ए बुढी आमोइ । पाठक अल्मलिन्छ । सेरिएर मरेको लाशलाई किन डाक्नुपर्थ्यो ? अनावश्यक थपाइमा उपर्युक्त वाक्य झिक्न किन आवश्यक ठानिएन ? प्रधान प्रश्न गर्छन् ।

काल्पनिक उपकथाको बाहुल्यले इतिहास गौण भए पनि त्यसबाट उत्पन्न रस र रोचकताले घटनाको श्रृङ्खला सुसङ्गत भएकोले उपन्यास निकै हदसम्म सफल, बोधगम्य र पाठकप्रिय हुन सकेको प्रधानको ठहर छ ।

### ५.३.२ महाकवि लक्ष्मीप्रसाद देवकोटा

**मधुपर्क**, वर्ष १५, अंक ६, २०३९ कार्तिकमा अमरकुमार प्रधानको समालोचना छापियो 'महाकवि लक्ष्मीप्रसाद देवकोटा' शीर्षकमा । उनी लेख्छन् : दश वर्षकै उमेरमा उनले (लक्ष्मीप्रसाद) 'भवसागर तर्ने'समस्यापूर्तिको दुई हरफे कविता लेखिसकेका थिए तर पढाइमा लागुन्जेल रचना लेखन–प्रकाशनमा उनी लागेनन् । २५ वर्ष पुगेपछि मात्र

उनी ‘पूर्णिमाको जलधि’ शीर्षक कविता ‘गोरखापत्र’मा छपाएर पाठकहरूको सामु देखा परे । सं. १९९३ मा गोसाईंकुण्डको यात्रा गरेपछि उनले ‘पहाडी जीवन’ शीर्षक निबन्ध, ‘मुनामदन’, ‘म्हेन्दु’, ‘लुनी’ जस्ता खण्डकाव्य सिर्जना गरे । मृदु ललित शैलीमा लेखिएको ‘मुनामदन’ले नेपाली लोकजिह्वामा बसेको छन्दलाई काव्यात्मक अभिव्यञ्जनाको अपूर्व सामञ्जस्य देखायो । लोकप्रियताको दृष्टिकोणले पनि ‘मुनामदन’ले मानाङ्क कायम गरेको छ ।

डेढ घण्टामा ‘शाकुन्तल’ महाकाव्यभित्रको शिखरिणी छन्दको ६० श्लोक ‘कसोरी बिर्सेको’ लेखेको बारेमा शंका भएपछि १० दिनभित्र ‘सुलोचना’ महाकाव्य तयार गरेका देवकोटाको विलक्षण प्रतिभा, अलौकिक कवित्त्वशक्तिबाट विस्मित हुँदै ‘राँची’मा डाक्टरहरूले उनी नेपालमा जन्मनु भौगोलिक गल्ती भएको ठानेका कुरा प्रधानले उल्लेख गरेका छन् । देवकोटाले चौथाई शताब्दी नेपाली साहित्यको अनवरत सेवा गरे । साहित्यको सबै विधा देवकोटाबाट पाएको योगदानले धनी भएको छ । उनले कति लेखे, तिनमा कति अप्रकाशित छन्, कति कृति चोरिए-हराइए, त्यसको लेखाजोखा गर्न कठिन छ ।

देवकोटाले नौ भाषामा कविता लेखेका छन् । उनी भाषण गर्न, राम्रो तर्क दिन, कवितामा धाराप्रवाह वक्तव्य दिन, अंग्रेजी कविता पनि भोटेसेलोमा रमाइलोसित गाउन समर्थ थिए । उनी एक्लैले नै एउटा स्वर्ण युग (नेपाली साहित्यको) को प्रतिनिधित्त्व गरेका छन् । मनोहर चित्रण, वाग्वैदग्ध्य विशेषता, छरितो भनाइ, प्रगाढ भाव, गंभीर विचार, सलल बग्ने भावना, नवीन शब्दोद्भावन, यथातथ्य शाब्दिक प्रयोग, आदर्श र यथार्थको सहज संगति, प्रसादपूर्ण शैली, सुललित पदावली, विलक्षण कल्पनाचातुर्य, सिर्जनात्मक प्रतिभाका अतुलनीय उपजका कारणले देवकोटाका कृतिहरूले नेपाली साहित्यको वैभव संवृद्धिमा अति ठूलो अवदान दिएको समालोचक प्रधानले उल्लेख गरेका छन् ।

### ५.३.३ कृष्णप्रसाद पराजुली : निबन्धकारका रूपमा

साझा प्रकाशनद्वारा २०४६ मा प्रकाशित ‘कृष्णप्रसाद पराजुली आस्थाका आयाम’ पुस्तकमा समालोचक अमरकुमार प्रधानले पराजुलीलाई निबन्धकारको रूपमा यसरी चिनाएका छन् : ‘पराजुली उच्च कोटिका निबन्धकार नहोलान् तर साहित्यका धेरैजसो

विधामा अनवरत कलम चलाउने सिद्धहस्त लेखक भएकाले उनको निबन्धकार व्यक्तित्त्व दोहोरो रूपमा टड्कारो छ– (क) निबन्ध-लेखन शिक्षक, (ख) स्वयं निबन्धकार ।'

धेरै वर्षसम्म माध्यमिक तहमा शिक्षक र पश्चात् विश्वविद्यालयस्तरमा प्राध्यापनमा सेवारत पराजुली निबन्ध कसरी लेख्नुपर्छ र राम्रो निबन्ध-लेखनको नमुना के हो भन्ने कुराका लागि 'फूलपात' (निबन्ध र पत्र-सङ्ग्रह), 'राम्रो रचना : मीठो नेपाली' र 'नेपाली अध्ययन तथा अभिव्यक्ति' जस्ता माध्यमिक तहदेखि विश्वविद्यालय स्तरसम्मका उपयोगी पुस्तक लेख्न पुग्दछन् भनी उनको निबन्ध-लेखा शिक्षक व्यक्तित्त्वको बारेमा प्रधानले उल्लेख गरेका छन् ।

अर्कोतिर बालकृष्ण सम, शङ्कर लामिछाने र कृष्णचन्द्र सिंह प्रधानले झैं विचारशीलता, कल्पना र तार्किकतायुक्त बौद्धिकतालाई अँगालेर प्रयोगधर्मी भएका नेपाली निबनधकारकै हाराहारीमा कृष्णप्रसाद पराजुलीलाई उभ्याएर मूल्याङ्कन गर्दै समालोचक डा. तारानाथ शर्माको शब्दमा आफ्ना निजात्मक निबन्ध लिएर कृष्णप्रसाद पराजुली देखा परेका छन् जो सरल, सहज र स्पष्ट भाषाका लागि अनुकरणीय छन् भनी ने.रा.प्र.प्र.द्वारा २०३९ मा प्रकाशित 'पच्चीस वर्षका नेपाली निबन्ध'को भूमिकालाई उद्धृत गर्दै प्रधानले उल्लेख गरेका छन् : 'बौद्धिक र निजी तथा शोधमूलक दृष्टिकोणमा समीक्षात्मक लेखहरूका दुईवटा सँगालो पराजुलीका प्रकाशित छन्– (१) पन्ध्र तारा र नेपाली साहित्य, (२) भाषाको माया ।'

समालोचक राजेन्द्र सुवेदी (स्रष्टा सृष्टि : द्रष्टा दृष्टि, साझा प्रकाशन, २०४३) लाई उद्धृत गर्दै प्रधान लेख्छन् 'पराजुलीले निबन्धसमेतका स्रष्टा भएर नेपाली साहित्यलाई निकै विकसित तुल्याएका छन् । पराजुलीका निजात्मक निबन्धहरू कवितात्मक शिल्पमा आत्मपरक रूपमा सिर्जना भएका छन् ।' प्रधान लेख्छन् : 'मेरो लुम्बिनी यात्रा' पराजुलीको पहिलो स्वतन्त्र आत्मपरक यात्राविशेष रचना हो । 'आफैं साहित्यिक बाटोमा' उनी कसरी साहित्यकार हुन पुगे, के उद्देश्यले यस यात्रामा डोरिएका छन्, त्यसको आत्मकथात्मक परिदर्शन भएको छ । 'एक क्षण जीवनका सन्दर्भमा' मा वैयक्तिक अनुभूतिको सहज उच्छलन छ ।

### ५.३.४ सेतो बाघ

**आँखा** अङ्क १०, २०४७ मा प्रकाशित भई डायमन शमशेर राणा साहित्यिक प्रतिष्ठानबाट २०७१ मा प्रकाशित 'डायमन सृष्टि : एक सिंहावलोकन'मा पुनः सङ्ग्रहित 'सेतो बाघ' समालोचक अमरकुमार प्रधानले सोही शीर्षक उपन्यासमाथि गरिएको समालोचना हो । अङ्ग्रेजी र फ्रान्सेली भाषामा समेत अनुदित 'सेतो बाघ' भूतो न भविष्य ज्यादा बिक्री हुने उपन्यास भएको स्वीकार्छन् प्रधान । 'बसन्ती' र 'सेतो बाघ' दुवै उपन्यासका स्रष्टा डायमन शमशेरले ३२ वर्षसम्मको उमेर राणातन्त्रकालमा व्यतीत गर्नुभयो । वसन्ती प्रकाशनपछि ०७ सालको क्रान्ति र ०१७ सालमा ऐतिहासिक परिवर्तन भयो । यी परिवर्तनले साहित्यकारमा तदनुकूल प्रभाव पुऱ्याउनु अस्वाभाविक थिएन । फलतः जङ्गबहादुरको चारित्रिक स्थान 'वसन्ती'मा जुन रूपले वर्णित छ, 'सेतो बाघ'मा विपरीत देखिन्छ । सम्भवतः प्रारम्भमा धर्मपरायण, कर्तव्यनिष्ठ जङ्गबहादुर सत्तालाभको लागि महत्त्वाकांक्षी र सत्तारुढ भएपछि मदोन्मत्त अरू बढी निरङ्कुश बन्न पुगेका ठान्छन् अमर ।

'वसन्ती' महाराज जङ्गबहादुरको कथा थियो, यो 'सेतो बाघ' चाहिँ उनकै जेठा छोरा जगतजङ्गको कथाले भरिएको छ । कमल दीक्षितलाई उद्धृत गर्दै प्रधान लेख्छन् : यो नेपालको इतिहास चाहिँ होइन, उपन्यास हो । उपाख्यान इतिहासको पात्रसँगै यहाँ कल्पनाको पुतली पनि गाँसिएका छन् । इतिहासको पुस्तकमा लेखिएका कुराहरू यहाँ पारिवारिक श्रुतिपरम्पराबाट आएका कुराले काटिएका छन् अनि ती दुवै स्रोतले नभ्याएका ठाउँमा लेखकको उर्वर कल्पना छ ।

इतिहासविद् नयराज पन्तले औंल्याएका त्रुटीहरू 'नेपाल-भोट युद्धमा युवराज त्रैलोक्य र जगतजङ्गको उमेर राजनीति बुझ्ने नहुँदै राजनीति र युद्धका बारेमा बहस गरेको, सोही ताका २/३ वर्षका वीर शमशेरको विवाहको कुरा चलेको, जगतजङ्गलाई चिठी लेखेको एवं लडाकइंको अभ्यास गरेको, धनहजुरीले उनीसँग प्रेम गरेको, सो समयसम्म धीरशमशेरका बढीमा १ छोरा ३ छोरीमात्र हुनुपर्नेमा जगतजङ्गको मुखबाट सान्नानिको धीरका १७ छोरा ७ छोरी छन् उहाँलाई घरमा अलि मुश्किल हुनु स्वाभाविक नै हो भन्ने भनाइ देखिनु, पं. सोमनाथ जङ्गबहादुरसँग बेलायत यात्रामा गएको र फर्केर आएपछि नेपालमा पनि प्रजातान्त्रिक शासन प्रणाली चलाउन सल्लाह दिएको विषय उपन्यासकारको कपोल कल्पनामात्र छन्, ऐतिहासिक तथ्यसँग कतै मेल खाँदैनन् ।' सोही खाले त्रुटीहरू

देखाई चित्तरञ्जन नेपालीले 'सेतो बाघ'लाई एउटा औपन्यासिक ऐतिहासिक दन्त्यकथा मात्र ठानिदिन आग्रह गरेको प्रधानले उल्लेख गरेका छन् ।

पात्रहरूको चरित्र चित्रण तथा व्यक्तित्त्वको परिचय कैयन ठाउँ कथोपकथनद्वारा कहीँ टिप्पणीबाट कुनै बेलाचाहिँ प्रतीकद्वारा बोध गराइएको छ । ... 'सेतो बाघ'को विशेषता ऐतिहासिकता हो । यसमा तत्कालीन नेपालको राज्य अवस्था, दरबारी रीतिस्थिति, दिनचर्या आदि छर्लङ्ग भएका छन् । प्रधान लेख्छन्, 'सेतो बाघ'को नेपाली साहित्यमा मूल्याङ्कन ऐतिहासिक उपन्यासकै रूपमा गरिनु अतिशयोक्ति नहोला । डायमन शमशेरले इतिहास लेख्न खोज्नुभएको होइन, इतिहासलाई प्रतिभाको उपयोगबाट औपन्यासिक मीठो कथाको रचना गर्नुभएको हो । यसमा उहाँको उर्वर कल्पना भयो भनेर निन्दा होइन प्रशंसा गर्नुपर्दछ ।

## ५.४ अमरकुमार प्रधानका संस्मरण कृतिहरूको अध्ययन

अमरकुमार प्रधानले विभिन्न व्यक्ति, स्थान, परिवेश, घटना आदिको स्मरणमा फुटकररूपमा दर्जनौं आलेखहरू प्रकाशन गरेका छन् । प्रधानको कलम स्वदेशी तथा विदेशी, जीवित या मृत व्यक्तिको योगदानका सन्दर्भमा बढी चल्नेगरेको पाइन्छ । उनी 'भैरव अर्यालको निधनमा' (२०३७) सँगै संस्मरण क्षेत्रमा झुल्किएको पाइन्छ । उनका केही प्रतिनिधिमूलक संस्मरण कृतिका बारेमा निम्नानुसार चर्चा गरिएको छ :

### ५.४.१ 'जीम, तिमी कहाँ छौ ?'

कालिञ्चोक युवा क्लबले २०६० मा प्रकाशन गरेको **आँखा**को चौधौं अङ्कमा अमरकुमार प्रधानको संस्मरण 'गोरेटो' छापियो 'जीम, तिमी कहाँ छौ ?' शीर्षकमा । आफू भीम पब्लिक हाईस्कुलमा अध्यापनरत रहँदा अचानक पेटको विरामी हुँदा अमेरिकी स्वयम्सेवक शिक्षक रहेका जीम गिसेनले गरेको अतुलनीय सहयोगबाट आफूले पुनर्जीवन पाएको प्रसङ्गसँग यो संस्मरण जोडिएको छ ।

२०२९ साल जतिबेला अहिलेको लामोसाँघु-जिरी सडक बनेको थिएन । अरनिको राजमार्गबाट बाह्रबिसेसम्म गाडी चढेर पैदल ९ कोस उकाली ओराली गरी दोलखा पुग्नुपर्थ्यो । सोही समयमा विद्यालयको दीगो आर्थिक स्रोतसमेत नभएको समयमा

विद्यालयमा स्वयम्सेवक शिक्षकको रूपमा मात्र नआई विद्यालयमा खेलकुद र शैक्षिक सामग्री व्यवस्था र प्रयोगमा समेत जीमको योगदान उनले सम्झेका छन् । जीमले ल्याएको चुम्बकीय चेस बोर्डमा ऊसँग चेस खेलेको, पुस्तकालयमा भएका किताबहरू पढी त्यसको उल्था गरी उनलाई सुनाएको, सुष्पाक्षमावती मा.वि.मा शहीद दिवसको अवसरमा भएको निबन्ध प्रतियोगितामा मूल्याङ्कनकर्ताको रूपमा जीम सहभागी भएको घटना स्मरण गर्दै पानीमा भिज्दै दोलखा आइपुग्दा जीमले गजबको एडभेञ्चर यात्रा भएको प्रतिक्रिया दिएको उनले सम्झेका छन् ।

यस्तैमा २०३० भदौमा बेलाबेला अमरको पेट गह्रौं भई दुख्न थालेको र एकदिन हाफटाइममा अफिसमा बिमिरो खाएपछि पेट दुख्दै क्रमशः दुखाइ बढ्दै गएको, दुखाइ कम गर्ने उपलब्ध औषधिहरू खाँदा र झारफुकसमेत गर्दा पनि दुखाइ घट्नुको साटो हरियो वान्तासमेत भई शिथिल भए । जीमले कुनै पनि उपाय लगाई काठमाडौं लगेर बचाउने सान्त्वना मात्र दिएनन् काठमाडौंस्थित अमेरिकी पिस कर्पको केन्द्रीय अफिसमा आ.वा. पठाएर हेलिकप्टर मगाएको कुरा प्रधान सम्झन्छन् । विरामी अमरलाई स्ट्रेचरमा राखी जीमसमेतले बोकेर चरिकोट पुऱ्याएको तर हेलिकप्टर अल्मलिएपछि स्ट्रेचरमै काठमाडौंको लागि हिँडाएको र बोचमा पुगेपछि त्यहाँ हेलिकप्टर अवतरण गराएर आफूलाई हेलिकप्टरमा पठाएको र उनकै सहयोगमा शान्तभवन अस्पताल, सानेपामा आन्द्राको अप्रेसन गरेपछि आफूले पुनर्जीवन पाएको अमरले स्मरण गरेका छन् ।

जीमले पुनर्जीवन मात्र दिएनन् हेलिकप्टर खर्च एक हजार डलर सोधभर्नाबारे पिस कर्प कार्यालयको खै सहेर पछि वासिङ्टन डी.सी.बाट 'आकस्मिक उद्धार सहयोग'को रूपमा सकार्न लगाएर उनले थप गुन लाए । २ वर्षे कार्यकाल भएपनि १ वर्षपछि नै मेडिकल साइन्स पढ्न छात्रवृत्ति मिलेकोले जीम बिदा हुन्छन् । विदाइ समारोहको साँझ अमर र जीम चेस खेल्छन् । बाजीमा अमरले जिते जीम नेपाल आएर र जीमले जिते अमर अमेरिका गएर चेस खेल्नुपर्ने शर्त गरिएकोमा अमरले जिते तर जीम उनीसँग चेस खेल्न अझै नेपाल आएनन् । केही समय उनीहरूको पत्र आदानप्रदान भएपनि पछि जीमको ठेगानामा पठाइएको पत्र फिर्ता आउने गरेको र उताबाट पनि पत्र नआएकोमा अमर विक्षिप्त छन् ।

### ५.४.२ दोलखामा रामबहादुरदेखि कवितारामसम्म

दोभान प्रकाशनद्वारा २०६१ श्रावणमा प्रकाशित 'बहुमुखी प्रतिभा डा. कविताराम श्रेष्ठ' पुस्तकमा अमरकुमार प्रधानको संस्मरणात्मक कृति छापियो : 'दोलखामा रामबहादुरदेखि कवितारामसम्म' । डा. कविताराम जो शिक्षक रामबहादुर श्रेष्ठको रूपमा तत्कालीन भीम पब्लिक हाईस्कुलमा प्रवेश गरी प्रिय शिक्षकको छाप छोड्न सफल भए, उनीसँग विद्यालय र विद्यालय वरिपरिको समाजमा जोडिएका सम्झनाका तरेलीहरू संगेल्दै अमर बगेका छन् । २०२४ सालमा दशैंपश्चात् का.मु.प्र.अ.को रूपमा आएका रामबहादुर श्रेष्ठ करीब डेढ वर्षको अवधि रहँदा केकस्ता छाप छाड्ने कार्यहरू गरे र आफूहरू उनीसँग कसरी प्रभावित भइयो भन्ने विषय सिलसिलेवाररूपमा स्मरण गरेका छन् प्रधानले ।

कवितारामको आगमनसँगै शिक्षक अभावका कारण आफू कक्षा १० को छात्र हुँदाहुँदै कक्षा ९ सम्म अध्यापन गर्ने अवसर पाएको, पढाइ पूरा नभएको र उमेर पनि नपुगेका कारण सो वर्ष एसएलसीमा सहभागी नहुने गरी पढाइ स्थगित गरेको तर 'भीम पुस्तकालय'मा किताबको सुरक्षाको लागि राती त्यहीँ सुत्ने गरेको र सो समयमा राम सरसँग विविध विषयमा ज्ञान लिने मौका पाएको, विभिन्न स्थानमा शैक्षिक भ्रमण, नौलो नाटक र सांस्कृतिक कार्यक्रमहरू प्रदर्शनी, विद्यालयमा नियमित साप्ताहिक कार्यक्रमको सुरुवातजस्ता विषयहरू उनले सम्झेका छन् । साथै विद्यालयमा गठन भएका स्वतन्त्र विद्यार्थी युनियन, स्काउट जस्ता संस्थामा महत्त्वपूर्ण जिम्मेवारी लिई विद्यालय र समाजमा समेत उदाहरणीय कार्य गरेको उनले स्मरण गरेका छन् । विद्यालयमा सो समयमा भएका सुधारका कार्यहरू र अन्य आफूहरू संलग्न गतिविधिमा राम सरको विशेष योगदान रहेको स्मरण यसमा छ ।

यसैबीच राम सरभन्दा केही समयपछि विद्यालयमा आएका प्र.अ. मेघराज कोइराला र स.प्र.अ. रामबहादुर श्रेष्ठबीच वैचारिक द्वन्द्व चल्दै गएको र सोको उत्कर्षस्वरूप राम सरले विद्यालयबाट अवकाश पाएको प्रसङ्ग र उनको पुनर्वहाली गर्न सञ्चालक समितिले निर्णय गरिसकेकोमा सो गरिए प्र.अ.समेत सबै शिक्षकहरूले सामूहिक राजिनामा गर्ने पत्रमा स्वयंसेवक शिक्षक आफूमात्र हस्ताक्षर गर्न बाँकी रहेको र हस्ताक्षर गर्न दुविधा भएको विषयका साथै विदाइसमेत गर्न नपाएको सन्दर्भलाई कारुणिक रूपमा प्रस्तुत गरेका छन् ।

दोलखा छोडिसकेपछि रामबहादुर अचानक कविताराम भई देखा परेको र केही समय साहित्यिक पत्रिकामार्फत् अन्तरक्रिया भएको यस्तैमा २०५५ पुसमा कविताराम दम्पत्ति दोलखा भ्रमणमा आएका बखत आफूले शुरु गरेका, गर्न चाहेका र इच्छा गरेका सुधारका कामहरू हुन थालेकामा खुशी व्यक्त गरेको उल्लेख गरेका छन् । सोको दुई महिनापछि बालसाहित्य समाजको दोलखा बालमन्दिरमा भएको भेलामा मदनमणि दीक्षित, रमेश विकल, नगेन्द्रराज शर्मासमेतको उपस्थितिमा कवितारामले आफू र चोकबहादुर दहाल (तत्कालीन भीमेश्वर न.पा.का मेयर) उनका शिष्यहरू भएकामा गर्व भएको बताउँदा आफूलाई पनि गर्व लागेको स्मरण गर्छन् प्रधान । उनको यो संस्मरण डायरीमात्र नभई कवितारामसँग जोडिएका सिलसिलेवार घटनाक्रमको कलात्मक प्रस्तुतीको रूपमा रहेको छ ।

### ५.४.३ बाबा (रमेश विकल)सँग लुम्बिनीदेखि दोलखासम्म

अमरकुमार प्रधानले रमेश विकल साहित्य प्रतिष्ठान, आरुबारी, काठमाडौंको प्रकाशन **विकल स्मारिका**-२०६९ मा 'बाबा (रमेश विकल)सँग लुम्बिनीदेखि दोलखासम्म' शीर्षक संस्मरण छापिएको छ । २०३५ सालमा रा.वि.से.मा चिनजान भई मिल्ने साथी बनेका विजय चालिसेको बाबा भएका कारण 'बाबा' सम्बोधन गरिएका विकल (जो उनलाई मन पर्ने लेखक हुन्) सँगका अनुभूतिहरू अमरले यहाँ पस्किएका छन् ।

सञ्जीवनी हाईस्कुल धुलिखेलमा पढ्दा कक्षा ७ र ८ मा विकलका कथा र निबन्ध पढेको, भीम पुस्तकालयमा आफू रहँदा उनका थप रचनाहरू पढ्न पाएको अनि भीम पब्लिक हाईस्कुलमा कक्षा ६ का लागि 'रमेश विकलका तेह्र रमाइला कथा' समावेश गरेको प्रसङ्गहरू सम्झेका उनले विकलको 'सुनौली' उपन्यासबारे आफूले 'जुनेली'मा छपाएको समीक्षा पढ्पछिको विकलको प्रतिक्रिया सहज पाएपछि मन हलौं भएको अनुभूति राख्छन् । एम.ए. दोस्रो वर्ष नेपालीमा समावेश विकलको 'बूढो भ्वाइलेन र आशावरीको धूनमा' कथासङ्ग्रहको समीक्षा गर्ने अभिभारा आफूमा आएपछि विकलसँगै अन्तरक्रिया गरी अलग अलग कथाको सिङ्गो परिदर्शन लेखेको उनले स्मरण गरेका छन् ।

त्रैमासिक पत्रिका 'साँग्रिला' प्रकाशनका लागि आवश्यक धरौटी राख्न विकलले आफ्नो नामको जग्गा धितो राखेको र पत्रिकाको सल्लाहकार भई सुझाव दिएको, 'त्रिविध' कथासङ्ग्रहमा निरपेक्ष रूपमा भूमिका लेखिदिएको उनी सम्झन्छन् । २०४९ हिउँदमा नेपाल

बालसाहित्य समाजको पाँचौं वार्षिक सम्मेलनमा पाल्पा तानसेन गएको मौकामा सँगै लुम्बिनी घुमेको साथै विकलकै इच्छा अनुसार २०५६ चैतमा दोलखामा समाजको सम्मेलन राखेको स्मरण पनि उनले गरेका छन् । सो अवसरमा विकलले दोलखा भीमसेनबारे आफूले सुनेका प्रसङ्गहरू बताएका र पछि उनले तयार पारेको संस्मरणात्मक आलेख 'भीमेश्वर जीर्णोद्धार समिति'द्वारा २०६३ मा प्रकाशित स्मारिकामा छापिएको अमरले लेखेका छन् ।

२०५७ असार १७ मा पत्नी गुमाउन पुगेका विकल बुढेशकालमा 'स्वास्नी'जतिको सहयात्री को होला भनी विक्षिप्त भएका थिए । सोको आठ वर्षपछि २०६५ पुस २ गते विकलको भौतिक शरीर अवसान भएपनि उनलाई सशरीर देख्नुअघिका झैं थुप्रै कृति र कीर्तिहरूमा छरिएर उनको नाम जीवित रहेको अमरले आफ्नो संस्मरणमा उल्लेख गरेका छन् ।

### ५.४.४ सम्झनामा श्रद्धेय भीम दाइ

**आँखा** वर्ष ४६, अङ्क १९, २०७२ मा अमरकुमार प्रधानको संस्मरण छापियो 'सम्झनामा श्रद्धेय भीम दाइ' शीर्षकमा । पहिलोपटक भीमबहादुर तमाङसँग २०२४ सालमा भीम पलिक हाईस्कुलमा भेटेको सम्झने अमर उनीसँगको सानिध्यता र उनको व्यक्तित्त्वबाट निकै प्रभावित देखिन्छन् । "मैले 'भीमबहादुर' नेतालाई पहिलोपल्ट देख्दा नै मनमा लाग्यो राजाले किन थुनेको होला ?", अमर लेख्छन् ।

२०३५ चैतमा (रा.वि.से. विद्यार्थी हुँदा) चर्केको आन्दोलनको उत्कर्षमा रा.वि.से. विद्यार्थीहरूले जनमत सङ्ग्रहमा बहुदलको पक्षमा लाग्नुपर्दछ भनी आफूले खुला पत्र लेखेको र उक्त छापिएको 'नवयुग' साप्ताहिकको कटिङ लिई सान्दाइ (विश्वेश्वर प्रसाद कोइराला)को निवास जाँदा सान्दाइसँग भेट नभएको बरु भीमबहादुर तमाङसँगै भेट भई अपनत्त्व देखाएर बारबार आउन भनेको सम्झन्छन् अमर । भीम दाइले नै सान्दाइसँगको भेटको वातावरण मिलाइदिएको र आफूलाई चिनाइदिएको अमरले लेखेका छन् ।

आफूले पञ्चायत विरोधी विभिन्न कार्यक्रमहरूमा भीम दाइलाई अतिथि बनाएर वा उनकै निर्देशनमा कार्य गरेको तर उनले आफूलाई कहिल्यै कांग्रेसको सदस्य बन्न नभनेको केवल 'प्रजातन्त्रप्रति समर्पित बुद्धिजीवी साहित्यकार'को रूपमा चिनाएको उनी स्मरण गर्छन् । यस्तै उनीसँगका पटकपटकका भेटमा र काठमाडौंदेखि दोलखा सँगै यात्रा गर्दा होस् वा

सँगै रात बिताउँदा समेत कहिल्यै राजनीतिका झिनामसिना गफ नगरेको बरु साहित्यिक विषयमै भलाकुसारी गर्नेगरेको सम्झँदै अमर यसले देखाउने उनको उँचो व्यक्तित्त्वको खुलेर चर्चा गर्छन् ।

भीमबहादुर तमाङको सादा व्यक्तित्त्वको पनि उनले चर्चा गरेका छन् । आफू मन्त्री हुँदासमेत काठमाडौंमा घरजग्गा जोड्ने मात्र होइन आफ्नो विषयमा आएका टिभी समाचारहरू हेर्नसमेत अरूकोमा जानेगरेको अमरले उल्लेख गरेका छन् । जिल्लामा जुनसुकै कार्यक्रम राखेपनि एकपटक गरिएको निमन्त्रणाको भरमा उनी हरेक कार्यक्रममा जानेगरेको अमर सम्झन्छन् ।

२०६९ कात्तिक २२ मा दोलखामा सांस्कृतिक कार्यक्रम गर्नेबारे छलफलमा सहभागी भएका भीम दाइले सुगरले अलि बढी पेलेको भनी रोटी र थोरै तरकारी मात्र खाएको अमरलाई सम्झना छ । (जतिबेला उनलाई सर्वसम्मतीय प्रधानमन्त्री बनाउनु पर्छ भन्ने आवाजहरू पनि नेपाली छापामा मुखरित भैरहेका थिए) अचानक मंसिर १५ गते बिहान 'भीम दाइ रहनु भएन' भन्ने मदनदास श्रेष्ठको फोनले विश्वास नलागी हत्तपत्त नर्भिक पुगे । शवयात्रासँगै पार्टी कार्यालय पुगी शवमा माल्यार्पण गरे ।

'फोहोरी खेल' भनिने राजनीतिमा आजीवन लागे पनि पद, पावर, पैसा, प्रतिष्ठा, प्रसिद्धिको लागि कहिल्यै नलागेका र नविटुलिएका नेता जो नेपाली जनताबाट सदैव सम्मानित राजनेताको रूपमा रहे । उनको जीवन्त इतिहासको पटाक्षेय भएपनि सम्झनामा सधैं बाचिरहने छन् । अमरले भीमबहादुर तामाङको सादा व्यक्तित्त्व र असल राजनीतिक चरित्रको खुलेर प्रशंसा गरेका छन् ।

## ५.५ अमरकुमार प्रधानका नियात्राको अध्ययन

२०३३ सालमा **जुनेली** पत्रिकामा प्रकाशित 'शान्तिक्षेत्र नेपालको शान्ति केन्द्र लुम्बिनी' बाट नियात्रा विधामा औपचारिक प्रवेश गरेका प्रधानका दर्जन बढी नियात्रा प्रकाशित छन् । विशेषतः जागिरे जीवनका क्रममा स्वदेश र विदेशका विभिन्न स्थानहरूको भ्रमणका रोचक पक्षहरूलाई उनले आफ्नो यात्रासंस्मरणमा अभिव्यक्त गरेका छन् । प्रधानका केही प्रतिनिधिमूलक नियात्राहरूको चर्चा निम्नानुसार गरिएको छ :

### ५.५.१ कालिञ्चोकमा केबुलकार बनिदिए ...

**मधुपर्क**को २०६१ चैत अङ्कमा अमरकुमार प्रधानको नियात्रा 'कालिञ्चोकमा केबुलकार बनिदिए ...' शीर्षक नियात्रा प्रकाशित छ । 'राजधानी' दैनिकमा २०६० माघ ११ गते 'कालिञ्चोकमा केबुलकार सञ्चालन हुने' विषयमा समाचार प्रकाशित भएपछि सो दैनिकका बजार व्यवस्थापक राम पाण्डेले आफूलाई बधाई दिएको प्रसङ्गबाट नियात्रा लेखन आरम्भ भएको छ ।

मनकामनामा केबुलकार सञ्चालन भएलगत्तै मनकामना दर्शन प्रा.लि.का लक्ष्मणबाबु श्रेष्ठ र उनका छोरा राजेशबाबु श्रेष्ठले छिट्टै केबुलकारबाट कालिञ्चोक भगवतीको दर्शन गराउन लागिपर्ने बताएका, सोअघि नै २०४७ साल जेठमा फिलिपिनी नागरिक राफेल इ लाजोरोसँगको कालिञ्चोक यात्रामा आफूले केबुलकारबाट कालिञ्चोक यात्रा गर्न पाइएला कि भन्ने परिकल्पना सुनाएको स्मरण गर्दै अमरले कालिञ्चोकमा केबुलकार सञ्चालनको चर्चा नयाँ नभएको उल्लेख गरेका छन् । सो यात्रामा पहाड कहिल्यै नदेखेकीर नचढेकी श्रीमती राफेललाई मात्र पाँच मिनेटमा पुगिन्छ भन्दै थुप्रै पाँच मिनेट हिँडाएको, कालिञ्चोक शिखरको आधारस्थल कुरीमा पाटीमा रात बिताएको र भोलिपल्ट शिखरमा कुण्डको दर्शन गरी फर्किएको रोचक घटना उल्लेख गरेका छन् ।

यस्तै २०४० साल चैततिर पानी परिरहेको, बादल पटक्कै नउघ्रेको समयमा परिवारका सदस्यहरूसँग कालिञ्चोकको सफल यात्रा गरेका, कुरीको प्राकृतिक तीन तले ओढारको तल्लो खण्डमा आगो बालेर बास बसी भोलिपल्ट कालिञ्चोक दर्शनपछि सेताम्मे हिउँमा चिप्लेटी खेलेको स्मरणको रोचक प्रस्तुति छ । २०२५ सालमा विद्यार्थी बेलामा विद्यालयबाट शैक्षिक भ्रमणको रूपमा प्र.अ., शिक्षक र विद्यार्थीहरूसमेत भई कुरीको तीनतले ओढारको तीनओटै खण्डमा जङ्गली झ्याउको ओच्छ्यान लगाएर रात बिताएको र तीन दिन सो परिसरमा बिताएर फर्केको स्मरण गरेका छन् । २०१८ सालमा बोको डोऱ्याउँदै पुगी सोही अेढारमा बास बस्दा आँखामा खरानीको धूलो परी रातभरि सुत्न नसकेको मार्मिक संसमरण पनि उल्लेखित छ ।

यिनै स्मरणहरू सँगाल्दै २०५७ बैशाखमा १२ वर्षे सानो छोरादेखि ८० वर्षे रामबहादुर बुढाथोकीसम्म १७ जनाको टोली भई कालिञ्चोक यात्रा गर्दाको प्रसङ्ग, दाजु

शरणले कालिञ्चोक भगवतीको कृपाले जेठो छोरो पाएको भन्ने रोचक कथाका साथै घण्टाकर्ण औंशी, जनैपूर्णिमामा कालिञ्चोकमा जात्रा लाग्ने बारेमा पौराणिक कथाहरू समेत उल्लेख गरेका छन् अमरले । बाटोमा गुराँस जातीकै तर खान र चुस्न नहुने प्याजी, निलो, सेतो विभिन्न रङका चिमाल फूलसँग खेल्दै, हिउँसँग रमाउँदै चिप्लेटी खेल्दै मनोरम डाँडापाखा, वनविहार, मनोरञ्जन र तीर्थाटन गरी 'स्वर्ग' पुगेको आभास गराउने कालिञ्चोक केबुलकारबाट जाने अवस्था छिट्टै आउला र ? प्रश्नसँगै नियात्रा सकिन्छ ।

### ५.५.२ जापानमा दोलखा

नियात्राकार अमरकुमार प्रधानको नियात्रा 'जापानमा दोलखा' **फ्रि नेपाल डट कम**को 'नेपालबाहिर नेपाली साहित्य' (प्रथम श्रृङ्खला-२०६२) मा प्रकाशित भएको छ । जापान सरकारको अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका) र जापानी प्रधानमन्त्री कार्यालय अन्तर्गतको राष्ट्रिय भूमि नियोगको संयुक्त तत्त्वाबधानमा टोकियोमा आयोजित 'दैवी प्रकोप नियन्त्रणका लागि प्रशासन' विषयक २५ दिने सेमिनारको सिलसिलामा जापान भ्रमणमा सँगालेका अनुभव समेटी उनले यो नियात्रा तयार गरेका हुन् ।

सो सिलसिलामा पहिलो स्थलगत भ्रमण सक्रिय ज्वालामुखी प्रभावित प्रभावित कागोशिमा प्रशासकीय क्षेत्र साकुराजिमा (जापानी भाषामा जिमाको अर्थ टापु) रहेको । उक्त टापुको अवलोकन गर्दा प्राचीन युनानी कथामा वर्णित भयङ्कर दर्दान्त राक्षस काइमेरियाको स्मरण भएको अनुभव उनले लेखेका छन् । साकुराजिमा अतिथि केन्द्रमा 'सक्रिय ज्वालामुखी र यसका जनता' शीर्षक वृत्तचित्र हेर्दा तेह्रहजार वर्षअघिदेखि विष्फोट हुनथालेको अनुमानित 'साकुराजिमा' प्रज्वलित दृश्यले उनी जति विमुग्ध हुन्थे त्यति नै त्यसबाट उत्पन्न लाभा चट्टान र खरानीको वर्षाले दुखान्त परिस्थिति उत्पन्न भएको उनी सम्झन्छन् ।

यात्राको क्रममा साकुराजिमा नगरपालिका पुग्दा उनले आफ्नो भीमेश्वर नगरपालिकासँग र दोलखासँग दाँज्न पुग्छन् । त्यहाँको जनसङ्ख्या ५३३३९ रहेको र यो क्रमशः घट्दै गएको त्यहाँका नगर प्रमुखले बताउँदा आफ्नो जिल्ला र नगरक्षेत्रका मानिसहरू पनि कामको सिलसिलामा बाहिर जाने र त्यतै बसाइँसराइ गर्दै जाँदा क्रमशः जनसङ्ख्या घट्दै गएको उनी सम्झन्छन् । त्यहाँ पर्यटन, फूल, वनस्पति, कृषि पैदावार र माछापालनको लागि प्रसिद्ध उक्त क्षेत्रमा मौसम अनुकूल हुँदा पाँचलाख पर्यटक जाने गरेको

सुन्दा दोलखामा आन्तरिक र बाह्य गरी पाँचहजार पर्यटक आउनेगरेको उनले याद गरे । जापानमा जस्तो ज्वालामुखी दोलखामा नभएको तर बाढी पहिरोका विपत्ति केही मात्रामा भएको यस्तै प्रसङ्गहरूमा दोलखालाई साकुराजिमासँग दाँज्दै उनी साकुराजिमाबाट बिदा हुन्छन् ।

### ५.५.३ चितवन जङ्गलमा

**शब्दाङ्कुर** वर्ष १२ अङ्क १, २०६९ कात्तिकमा अमरकुमार प्रधानको 'चितवन जङ्गलमा' शीर्षक नियात्रा प्रकाशन भयो । कार्यक्रमको सिलसिलामा दोलखा रहेका अमरलाई 'बिहीबारभित्रै आइपुग्न' ताकेतासहितको अप्रत्यासित फोन पत्नीबाट आएपछि उनी कार्यक्रमलाई छिटो सक्दै तोकिएको समयमा काठमाडौं आइपुछन् र थाहा पाउँछन् 'चितवन राष्ट्रिय निकुञ्ज' घुम्न जाने कार्यक्रम । सरकारी काम र अन्य सिलसिलामा धेरैपटक चितवन पुगेका भएपनि रात बस्नेगरी नगएका कारण उनले थप आनन्द लिने विचार गरी यात्रामा जान तत्पर भए ।

सम्धी-सम्धिनी, छोरा-बुहारी र आफू पति-पत्नी तीन जोडी भई चितवनको जङ्गल घुम्न गएका उनीहरू 'मचान वाइल्डलाइफ रिसोर्ट'का तीनओटा छाप्राहरूमा बसे । हात्ती चढी हरियो जङ्गल प्रदक्षिणा, गैंडा, मृग, चराहरूको दर्शनलाई उनले विशेष महत्त्वपूर्ण माने । निकुञ्जभित्रको जङ्गलमा विभिन्न जडिबुटी, घाँस, लहरा, रुखहरू त राप्ती नदीमा घडियाल र मगर गोहीका साथमा ५५ जातीका माछा पाइने रहेछन् । जङ्गलमा पाटेबाघ, गौरीगाइ, भालु, चितुवा, रतुवा, मृग, चित्तल, लगुना, चौसिङ्गे आदि जनावरहरू पाइने जानकारी उनीहरूले पाए । बिहान सबेरै गुँडबाट उड्दैगरेका चराहरू र नदी वारपार गर्ने चराचुरुङ्गी हेर्न रमाइलो मान्दै उनीहरू फर्कने तरखरमा लाग्छन् ।

निकुञ्जभित्र सञ्चालित पाँच रिसोर्टहरू म्याद थप हुने कि नहुने अन्योलले सामान्य मर्मतसुधार पनि नगरी कामचलाऊ अवस्थामा मात्र राखेको पाउँदा नेपाल सरकारको नीतिप्रति असन्तुष्टि पोख्छन् अमर । अन्त्यमा कोही नाउमा जलविहारको मज्जा त कोही निकुञ्जको शान्त वातावरण र कोही कटेजको सुताइलाई नौलो र आनन्दमयी मान्दै यस्ता भ्रमणहरू कम्तीमा वर्षमा एकपटक गर्नुपर्ने निष्कर्ष निकाल्दै काठमाडौं फिर्ता हुन्छन् ।

### ५.५.४ बुद्ध नेपालकै हुन्

**श्रृङ्खला** वर्ष ३७ अङ्क २, कार्तिक २०७० मा अमरकुमार प्रधानले यात्रा वर्णन छपाए 'बुद्ध नेपालकै हुन्' शीर्षकमा । प्रसङ्ग हो थाइल्याण्ड भ्रमणको । २०६६ को दशैंमा अमर दम्पत्तिको थाइल्याण्ड भ्रमणको अवसर जुरेको थियो । थाइल्याण्ड फुकेतको छलाङस्थित बौद्ध मन्दिर घुम्ने क्रममा पथप्रदर्शक युपिनको जिज्ञाशा समाधान गर्दै अमरले बुद्धले बुद्धत्त्व पाएको सारनाथ र महापरिनिर्वाणस्थल कुशिनगर भारतमा पर्ने भए पनि बुद्ध जन्मस्थल लुम्बिनी र बुद्धले सिद्धार्थ गौतमको रूपमा बिताएको तिलौराकोट दरबार नेपालमै पर्छ भनेपछि उनले भनिन्, 'अबदेखि म सबैलाई बताउने छु : भगवान् बुद्ध नेपालकै हुन् ।'

कान्तिपुर टिभीमा भुषण दाहालको 'घुम-घाम'मा थाइल्याण्डका बैंकक, फुकेत, पटायाको झलक देखाएको र प्रेसिडेन्सियल ट्राभल्स एण्ड टुर्सले विज्ञापन गरेको विभिन्न प्याकेजमध्ये ७ रात ८ दिनमा तीनै स्थल घुम्ने प्याकेज रोजी उनीहरू २०६६ असोज ९ गते फुलपातीको दिन ३ घण्टाको हवाइयात्रा गरेपछि थाइल्याण्डको व्यस्त सुवर्णभूमि विमानस्थलमा अवतरण भई अरू सहयात्री ईश्वर लामा र भावन विभागका इन्जिनियर दिलिपशेखर श्रेष्ठको परिवारसँग थाई शयरमा लागे । पहिलो दिन साँझ समुद्र किनारको मनमोहक शहर पटायाको होटलमा बास गर्न पुगेका उनीहरू रात्रीको झिलिमिलीमा पटाया शहरको आकर्षक चहलपहलको मज्जा लिन्छन् । भोलिपल्ट शहरबीचको चारमुखे बुद्धमुर्तिको दर्शन गरी सामुद्रिक सवर र कोरल आइल्याण्डको आनन्द लिन्छन् । साँझ 'टिफिनी शो'मा रमाउँछन् ।

अर्को दिन 'बियर गार्डेन' घुमी पटायाबाट बैंकककका लागि प्रस्थान गर्छन्, तहाँबाट फुकेत । विभिन्न 'बिच'हरू, मोती प्रशोधन केन्द्र, काजु प्रशोधन केन्द्र घुम्दै बौद्ध मन्दिर र स्तुपहरूको भ्रमण, जङ्गल सफारी, 'ड्रिम ल्याण्ड'को विचरण लगायत महत्त्वपूर्ण भ्रमणहरू गरे अमर दम्पत्तिले । ९५ प्रतिशत जनता बौद्धमार्गी भएको थाइल्याण्डमा बौद्ध स्तुप, विहार र मन्दिरहरू त प्रशस्त हुने नै भए । उनीहरूले बैंकककको प्रसिद्ध बौद्ध विहार घुमे जहाँ ६० फिट अग्लो उभिएको स्वर्णजडित बुद्धमूर्ति अवस्थित छ । अर्को दिन नेपाल फर्कने क्रममा ९० जना ताइवानी बौद्धमार्गी जो लुम्बिनी दर्शनको लागि आउँदै थियो, एउटै विमानमा बसी स्वदेश फर्कंदै गर्दा अमरले उही पथप्रदर्शक युपिनलाई सम्झिए, 'अबदेखि म सबैलाई बताउने छु : भगवान् बुद्ध नेपालकै हुन् ।'

## ५.६ निष्कर्ष

समग्रमा अमरका धेरैजसो कथाहरू यथार्थ वा वास्तविकताको ज्यादै नजिक रहेको आभास हुन्छ । उनका यस्ता कथा 'सहिद', 'चन्द्रमाको कथा' वास्तविकताको नजिक रहेर उनिएको कथा लाग्छ । आत्मपरक शैली अपनाउन रुचाउने अमरका धेरैजसो कथाहरू यस शैलीमा प्रस्तुत भएका पाइन्छन् । त्यस्तै उनका कथाहरूमा संस्मरणात्मक एवम् नियात्रात्मक कथा कथ्न सक्ने शैलीको आभास हुन्छ । 'एकादशी' र 'बच्चा चोर' कथा काठमाडौंको बसयात्रामा आधारित रहेर लेखिएको छ । 'माया : माधुरी' (चरिकोट), 'बागिश्री' (नेपालगञ्ज), 'स्मृतिको गर्भबाट' (पाल्पा), आदि कथाहरू स्वदेश यात्रा संस्मरणात्मक वा नियात्रात्मक कथाहरू हुन् । यस्तै 'देवी' (कोलकाता), 'हिममूर्ति' र 'सेतो कपाल' (जापान), 'रूपा' (हङकङ), 'बन्द कोठा कि शिखण्डी' (बैङ्कक) आदि कथाहरू विदेशी भूमिको यात्रापरिवेशमा रचिएका छन् ।

कवितामा प्राकृतिक, सामाजिक, सांस्कृतिक, व्यक्तिगत पक्षहरूको चित्रण, आक्रोश, विद्रोह, आत्मीयता, राष्ट्रियता आदिको अभिव्यक्ति दिने नै प्रधानका कविताको पहिचान हो । स्रष्टा अमर प्रौढ र बालसाहित्यका आख्यान विधामा कृतिगत रूपमा समेटिएका छन् भने नियात्रा, संस्मरण लेखनमा छिरलिएका छन् । दुई दर्जन बढी समालोचनात्मक लेखबाट क्रमशः व्यक्ति, कृति र विधागत समीक्षकका रूपमा प्रधान खुलेका छन् । अमरका रचनामा समाजमा हेपिएका, ठगिएका, शोषित, पीडित वर्गहरूको प्रतिनिधित्त्व भएको पाइन्छ । निम्न र मध्यम वर्गीय, ग्रामीण र शहरी समाजको जीवन्त चित्रण उनका रचनाहरूमा पाइन्छ ।

# परिच्छेद - छ
# उपसंहार तथा निष्कर्ष

## ६.१ विषय परिचय

'अमरकुमार प्रधानको जीवनी, व्यक्तित्त्व र कृतित्त्व' शीर्षकमा गरिएको यो शोधकार्यको सारांश र निष्कर्षलाई यस परिच्छेदमा राखिएको छ । प्रधानले केही मात्रामा नेवारी र विशेषगरी नेपाली भाषामा साहित्य रचना गरेका छन् । २०११ सालमा जन्मिएका प्रधानको औपचारिक लेखनको सुरुवात २०२६ सालमा 'चित्र बुद्धको' कथाबाट भएको हो । बाल्यकालदेखि हालसम्म उनको जीवनमा आएका उतारचढाव, व्यक्तित्त्वका विभिन्न पाटाहरू र उनले लेखेका साहित्यिक कृतिहरूको विश्लेषण पश्चात्को उपसंहार तथा निष्कर्षलाई यस परिच्छेदमा राखिएको छ ।

## ६.२ उपसंहार तथा निष्कर्ष

'अमरकुमार प्रधानको जीवनी, व्यक्तित्त्व र कृतित्त्व' शीर्षकको यस शोधपत्रलाई ६ परिच्छेदमा तयार गरिएको छ । यस शोधको पहिलो परिच्छेदमा शोध परिचय र्शीषकका रूपमा रहेको छ । यस परिच्छेदमा शोधको विषय परिचय, समस्याकथन, शोध कार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्व, शोध कार्यको सीमाङ्कन र शोध विधि शीर्षकमा अध्ययन गरिएको छ । यसरी यी विभिन्न शीर्षकमा शोध परिचयलाई समग्रमा समेट्ने प्रयास गरिएको छ ।

यस शोधको दोस्रो परिच्छेद अमरकुमार प्रधानको जीवनी शीर्षकमा रहेको छ । यस परिच्छेदमा जन्म र जन्मस्थान, पुर्ख्यौली थलो र वंशज, पारिवारिक पृष्ठभूमि र प्रभाव, पुरस्कार, प्रशंसा तथा मानसम्मान, आर्थिक अवस्था, मातृशोक र पितृशोक, भ्रमण, प्रकाशित तथा सम्पादित कृतिहरू, सामाजिक तथा साहित्यिक गतिविधिमा संलग्नता बारे अध्ययन गरिएको छ । यसरी विभिन्न शीर्षकमा प्रधानको जीवनीलाई समग्रमा समेटिएको छ ।

यस शोधपत्रको तेस्रो पच्छिेद अमरकुमार प्रधानको व्यक्तित्व शीर्षकमा रहेको छ । यस परिच्छेदमा प्रधानको व्यक्तित्वका विभिन्न पाटाहरूलाई अध्ययन गर्ने प्रयत्न गरिएको छ । प्रधानको साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व गरी दुई खण्डमा उनको

व्यक्तित्वलाई प्रस्तुत गरिएको छ । साहित्यिक व्यक्तित्वलाई स्रष्टा र द्रष्टा व्यक्तित्व गरी हेरिएको छ । साहित्यिक व्यक्तित्वमा स्रष्टा व्यक्तित्व अर्न्तगत कथाकार, कवि, बालसाहित्यकार, नियात्राकार, नाटककार, प्रबन्धकार, संस्मरणकार व्यक्तित्वलाई विष्लेषण गरिएको छ । द्रष्टा व्यक्तित्व अर्न्तगत समालोचक, सम्पादक, भूमिका लेखक व्यक्तित्वलाई विष्लेषण गरिएको छ । साहित्येत्तर व्यक्तित्व अर्न्तगत अन्वेषक, पेशागत, शिक्षक, निजामती, सामाजिक, शारीरिक व्यक्तित्वलाई विष्लेषण गरिएको छ । यसरी अमरकुमार प्रधानले विभिन्न काम गरेर आफूलाई बहुमुखी प्रतिभाका रूपमा उभ्याएका छन् । तिनको आधारमा उनको व्यक्तित्वका सबैजसो पाटाहरूलाई यस परिच्छेदमा प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

यस शोधपत्रको चौथो परिच्छेद अमरकुमार प्रधानको साहित्यिक यात्रा शीर्षकमा रहेको छ । यस परिच्छेदमा अमरकुमार प्रधानको कथायात्रा, प्रवृत्ति, कवितायात्रा, प्रवृत्ति, समालोचना यात्रा, संस्मरण यात्रा, नियात्राक्रम, प्रबन्धयात्रा जस्ता कुराहरू यस परिच्छेदमा प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

यस शोधपत्रको पाँचौ परिच्छेदमा अमरकुमार प्रधानका कृतिहरूको अध्ययन गरिएको छ । यो परिच्छेदमा उनका कृतिहरू **त्रिविध** (कथा सङ्ग्रह,सहलेखन,२०४४), **शान्ति कान्ति** (कथा सङ्ग्रह, २०५७), **अमरका कथाहरू** (कथा सङ्ग्रह, २०६९), **अनौठो कलम** (सहलेखन, बालकथा, २०६८), **कस्तो राम्रो चङ्गा** (बाल कथा,२०७०), **मेरो भकुण्डो** (बालकथा,२०७१), फुटकर कविताहरू सामयिक सुन्दरी (२०३७), नूनको सोझो (२०३७), जीःचम्पूजा (२०५५), साथी (२०६४), किताबको नियति (२०७१), केही समालोचना, संस्मरण, नियात्राहरूको विश्लेषण गरिएको छ ।

अमरकुमार प्रधान नेपाली कथा जगत्का एक सुपरिचित कथाकार हुन् । मृदुभाषी, सरल, मिलनसार, लज्जालु, संयमित, इमान्दार र दृढ सङ्कल्पित व्यक्तित्वका धनि प्रधानको जन्म वि.स. २०११ साल मंसिर १७ गते दोलखा जिल्ला भी. न. पा. २ नक्छे टोलमा पिता कमलप्रसाद प्रधान र माता सुवर्णलक्ष्मी प्रधानको जेष्ठ सुपुत्रका रूपमा भएको हो। वि.स. २०२६ सालमा प्रकाशित आँखा पत्रिकामा 'चित्र बुद्धको' कथा लिएर साहित्य यात्रा सुरु गरेका प्रधान सानै उमेर देखि साहित्यमा साधानारत देखिन्छन्।

अमरकुमार प्रधानले कथाविधामा मात्र नभई साहित्यका अन्यविधा कविता,प्रबन्ध बालकथा, समालोचना, सम्पादन, भूमिका लेखन, लोककथा संस्मरण, नियात्रा क्षेत्रमा पनि सक्रिय रूपमा कलम चलाएका छन् । प्रधानका **अमरका कथाहरू** (२०६९) उनका हालसम्म प्रकाशित तिन कथा सङ्ग्रह मध्ये अन्तिम कथा सङ्ग्रह हो। यसभित्र ३१ वटा कथाहरू जसमा २६ वटा कथाहरू **शान्तिः कान्ति** कथा सङ्ग्रहमा पूर्व प्रकाशित हुन् भने तिनै २६वटा कथाहरूमध्ये पनि ६ वटा कथाहरू **त्रिविध** कथा सङ्ग्रहमा पनि प्रकाशित भइसकेका छन् । अन्य ५ वटा कथाहरू भने यस सङ्ग्रहमा पहिलो पल्ट सङ्ग्रहित गरिएका छन् ।

**अमरका कथाहरू** कथा सङ्ग्रहभित्रका सम्पूर्ण कथाहरू **साङ्ग्रिला**, **आँखा**, **शब्दाङ्कुर**, **जुनेली** जस्ता विभिन्न पत्रपत्रिकाहरूमा अलग–अलग समयमा प्रकाशित भईसकेपछि एकै ठाउँमा संकलित गरिएका हुन् । **हाम्रा लोक कथा** (संङ्कलन सम्पादन), **जाम्बवती मास्के स्मृति** (सम्पादन), **गोरखा पत्र**, **मधुपर्क**, **साङ\ग्रिला**, **आँखा**, विभिन्न पत्रपत्रिकामा आफ्ना कथा, प्रबन्ध, समालोचना, संस्मरण, नियात्रा प्रकाशित भइसकेका छन् । विविध विधामा कलम चलाउने बहुआयामिक प्रतिभाका धनी प्रधानले बसाई, कृष्णसुदामा को नाटक मञ्चन पनि गरेका छन् । ऐतिहासिक उपन्यास वसन्ती, महाकवि लक्ष्मीप्रसाद देवकोटा, कृष्णप्रसाद पराजुली : निबन्धकारका रूपमा, सेतो बाघ जस्ता दर्जनौ समालोचनाहरू रहेका छन् । कालिञ्चोकमा केबुलकार बनिदिए, जापानमा दोलखा, चितवन जङ्गलमा, बुद्ध नेपालकै हुन् । जस्ता नियात्रा र जीम ! तिमी कहाँ छौ ?, दोलखामा रामबहादुरदेखि कवितारामसम्म, सम्झनामा श्रद्धेय भीम दाइ जस्ता संस्मरणात्मक लेखहरू विभिन्न पत्र पत्रिकामा प्रकाशित भइसकेका छन् । नेपाली भाषामा मात्र नभएर दोलखाको स्थानिय नेवारी भाषामा समेत उनले साहित्य सिर्जना गरेका छन् । साहित्यिक विधामा मात्र नभएर उनको सक्रियता विभिन्न साहित्यिक एवम् सामाजिक संघसंस्थामा पनि रहँदै आएको छ । द्वाल्खा गुठी, नेपाल बाल साहित्य समाज, भीम पुस्तकालय दोलखा, दोलखा स्रष्टा समाज, कालिञ्चोक युवा क्लव, नेपाल भाषा एकेडेमी आदि सघंसंस्थामा सक्रिय प्रधान मृदुभाषी, मिलनसार र जाँगरिला व्यक्तित्व हुन् । समाजसेवामा समर्पित प्रधान हाल बालसंसार प्रा. लि काठमाडौँमा कार्यकारी निर्देशकको रूपमा कार्यरत छन् ।

विशेष गरी आख्यान विधामा पोखिएका प्रधानका कथा सङ्ग्रहभित्रका कथा 'नयाँ नेपाल' ? मा राजनैतिक अस्थिरताको कारण नेपाली जनताले डर त्रासमा बाँच्नु परेको बाध्यात्मक अवस्थाको चित्रण गरिएको छ । 'स्वप्नदृश्य' राजनीतिक विडम्बनाको उपज हो त्यसै गरी 'शान्तिःकान्ति', 'शहिद' कथा राजनीतिक  साङ्केतिक कथावस्तुको बाहक हो । 'सौन्दर्य' एउटा विज्ञान कथा हो । 'भँगेराले पाइला चाल्ला' पौराणिक कथा हो । 'विश्वास', 'हिममूर्ति', 'माया माधुरी', 'देवी', 'स्मृतिको गर्भबाट', 'सेतो कपाल', 'रूपा', 'बागिश्री', 'बच्चा चोर', 'एकादशी' कथाहरू संस्मरणात्मक शैलीमा लेखिएका हुन् । 'ट्वान्टिथ सेन्चुरी' कथा आधुनिक युवायुवतीको प्रेमशैली र विवाहपछि पनि एक्स गर्लफ्रेन्ड सँगको रोमान्स प्रस्तुत गरेका छन् । 'चिचाकान्छी' कथा नारी मनोविज्ञानमा आधारित छ ।

बहुमुखी प्रतिभाका धनी प्रधानले भी.मा.वि. सम्मान (२०५८), प्रतिभा सम्मान (२०५८), तन्नेरी प्रतिभा सम्मान (२०६१) आमा सम्मान (२०६३), दोलखाली रत्न सम्मान (२०७१), दैवी प्रकोप उद्धार सेवा पदक जस्ता विभिन्न मानपदवी तथा सम्मान पनि प्राप्त गरेका छन् ।

**सम्भावित शोध शीर्षक**

अमरकुमार प्रधानका कथाहरूको बारेमा शोधपत्र तयार गर्ने शोधार्थीले निम्नलिखित शीर्षकहरू राखेर शोध कार्य गर्न सक्दछन् :

(क) अमरकुमार प्रधानको **शान्ति : कान्ति** कथा सङ्ग्रहको अध्ययन

(ख) अमरकुमार प्रधानको कथाकारिता

(ग) **अमरका कथाहरू** कथासङ्ग्रहको अध्ययन

(घ) समसामयिक दृष्टिबाट **त्रिविध** कथाको अध्ययन र विश्लेषण

# सन्दर्भ सामग्री सूची


खड्का, चन्द्रबहादुर (२०७१), 'प्रेरणाका पर्याय अमर दाइ', **ज्ञानगुनका कुरा**, भाग १८४, पृष्ठ ३७-४३ : ज्ञानगुन प्रकाशन ।

खड्का, दानबहादुर (२०७२), 'आर.सी. रिजालको जीवनी, व्यक्तित्त्व र हाास्यव्यङ्ग्य कृतिको अध्ययन', अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

खत्री, अरूणबहादुर (२०७०), 'साहित्यलाई अनुत्पादक क्षेत्र ठानिएको छ', **विमोचन**, वर्ष : ३२ **अङ्क** : २, पृष्ठ ३३-३४ विमर्श प्रालि ।

डा. घिमिरे, ध्रुवकुमार (२०७१), 'अमर : एक व्यक्ति अनेक व्यक्तित्त्व', **ज्ञानगुनका कुरा**, भाग १८४, पृष्ठ २२-२९ : ज्ञानगुन प्रकाशन ।

चालिसे, विजय (२०७१), 'असल मित्र, सशक्त सर्जक', **ज्ञानगुनका कुरा**, भाग १८४, पृष्ठ १-५ : ज्ञानगुन प्रकाशन ।

चौधरी, असलेक कुमार (२०७०), 'कृष्णराज सर्वहारीको जीवनी, व्यक्तित्त्व र कृतित्त्व', अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

दुवाल, मोहन (२०७१), 'दीपा-जनमत सम्मानबाट सम्मानित प्रतिभा अमरकुमार प्रधान', **जनमत**, वर्ष : ३२ **अङ्क** : ३, पृष्ठ ८ जनमत प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०४४), **त्रिविध** कथासङ्ग्रहको कथाको कथन नामक भूमिका लेखन, सांग्रिला प्रकाशन ।

पौडेल, विष्णुप्रसाद (२०६७), 'मोहन दुवालका पाइलैपाइला', **दोभान**, काभ्रेपलाञ्चोक : जुनकीरी साहित्य अभियान ।

प्रधान, अमरकुमार (२०७०), **कस्तो राम्रो चङ्गा**, बालसंसार प्रा.लि. ।

________ (२०७१), **मेरो भकुण्डो**, बालसंसार प्रा.लि. ।

________ (२०३७), 'नूनको सोफ्रो', ग्राम निर्माण बन्धु मण्डल क्लब, आरुबारी ।

_________(२०३७), 'सामयिक सुन्दरी', ग्राम निर्माण बन्धु मण्डल क्लब, आरुबारी ।

प्रधान, अमरकुमार र प्रधान, शशि (२०६८), **अनौठो कलम**, ललितपुर, समा प्रिन्टर्स, सैवु ।

श्रेष्ठ, कविताराम (२०६९), **अमरका कथाहरू**, भूमिका, पृष्ठ (i-xxx), दोलखा स्रष्टा समाज ।

श्रेष्ठ, सुनिता (२०७०), 'हेमन्ती जोशीको जीवनी, व्यक्तित्त्व र कृतित्त्वको अध्ययन', अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

# शोधनायकसँग अन्तरवार्ता

१. हजुरको जन्म कहाँ र कहिले भयो ?

उत्तरः मेरो जन्म वि.सं. २०११ मंसिर १७ गते दोलखा जिल्लाको भीमेश्वर नगरपालिका वडा नं. २ नक्छे टोलमा भएको हो ।

२. आमाबुबाको पेशा के हो ?

उत्तरः बुबा सरकारी जागिरे र आमा गृहिणी हुनुहुन्थ्यो ।

३. हजुरको शिक्षा आरम्भ कसरी भएको हो ?

उत्तरः मेरो शिक्षा आरम्भ पुरानो प्रचलन अनुसार दोलखाका गुरु नरबहादुर श्रेष्ठको पाठशालाशाट शुरु भएको हो । पितासँग बसेको हुनाले जागिरका सिलसिलामा पिता विभिन्न ठाउँमा जानुपर्ने हुनाले मेरो पनि विभिन्न विद्यालयबाट औपचारिक शिक्षा पुरा भयो । क्याम्पस स्तरको पढाइ प्राइभेट परीक्षार्थीका रूपबाट स्नातकोत्तर सम्म पढेको छु ।

४. हजुरको बसोबासका बारेमा बताइदिनुहुन्छ कि ?

उत्तरः हाम्रो पुरानो घर दोलखा, हाल झम्सीखेल, ललितपुर ।

५. हजुरको जागिरे जीवन कहिलेबाट सुरु भयो र कस्तो रहयो ?

उत्तरः एसएलसी दिएपछि नतीजा प्रकाशन नभई भीम पब्लिक हाइस्कुलमा कक्षा ९ सम्म अध्यापन, विभिन्न क्याम्पसमा अध्यापन गरे र २०४० देखि शाखा अधिकृतको रूपमा सामान्य प्रशासन मन्त्रालयबाट निजामती जीवन सुरु भयो । राम्रो सहजतापूर्वक नै बित्यो।

६. हजुर निजामती सेवाबाट कहिले निवृत्त हुनु भयो ?

उत्तरः २०६८ असार ८ मा ।

७. निवृत्त भई सकेको हुनाले के के गर्दै हुनुहुन्छ ?

उत्तरः समाजसेवा, साहित्य लेखनका साथै बालसंसार प्रा.लि. मा प्रबन्ध निर्देशक छु ।

८. हजुरलाई साहित्यिक कृति लेख्ने प्रेरणा र प्रभाव कहाँबाट प्राप्त भयो ?

उत्तरः बुबा र आमाले सुनाउने गरेको कथा सुनेर म कथालेखनप्रति आकर्षित भएँ र गुरु मेघराज कोइराला र रामबहादुर (कविताराम) श्रेष्ठबाट साहित्यसाधनामा लाग्ने प्रेरणा प्राप्त भएको हो । लक्ष्मीप्रसाद देवकोटा, बालबृष्ण सम, शेक्सपियर, सिग्मण्ड फ्रायड आदि साहित्यकारबाट प्रभावित भएको हुँ ।

९. हजुरले रचना गर्नु भएका कृतिहरू के कति छन् ?

उत्तरः प्रकाशित कृतिका दृष्टिले २०२६ मा 'चित्र बुद्धको' कथा पहिलो हो ।कथा सङ्ग्रहहरू **त्रिविध, शान्तिःकान्ति, अमरका कथाहरू,** बाल कथाहरू **अनौठो कलम, कस्तो राम्रो चङ्गा, हेरो भकुण्डो** लगायत केही फुटकर रचनाहरू कविता, नियात्रा, समालोचना, संस्मरणात्मक, प्रबन्ध छन् ।

१०. साहित्यकार त बर्हिमुखी हुन्छन् भन्छन् नि ?

उत्तरः अवस्था हेरेर वर्हिमुखी हुन्छन् होला तर म चाँहि अर्न्तमुखी छु ।

११. सैद्धान्तिक दृष्टिले आफूलाई कस्तो साहित्यकार भन्न रुचाउनु हुन्छ ?

उत्तरः साहित्य लेखनका सन्दर्भमा विभिन्न धारा वाद देखा परेका छन् तर म चाँहि कुनै पनि धारा वा वादमा मात्र आबद्ध हुन चाहन्न ।

१२. हजुरले साहित्यका कुन कुन विधामा कलम चलाउनु भयो ? ती मध्ये आफूलाई मन पर्ने विधा कुन हो ?

उत्तरः कथा, कविता, समालोचना, संस्मरण आदि । मलाई मन पर्ने विधा कथा हो ।

१२. हजुरले साहित्यिक यात्रा कुन विधाबाट शुरु गर्नु भयो ? पहिलो सिर्जना कहिले र कुन पत्रिकामा प्रकाशित छ ?

उत्तर: मेरो प्रथम प्रकाशित रचना कथा हो । **चित्र बुद्धको** जुन २०२६ असोजमा **आँखा** पत्रिकामा प्रकाशित छ ।

१३. कुन समयलाई सिर्जनाको उपयुक्त क्षण मान्नु हुन्छ ?

उत्तर: अक्सर विहानीपखको समय ।

१४. हजुरको व्यक्तित्वको बारेमा पनि भनि दिनुस न ?

उत्तर: व्यक्तित्वको कुरा गर्दा सामान्य मानिसको जस्तो छ । म सबैलाई मायालु स्वरले बोलाउछु, कसैसँग रिसाउदिन । जिन्दगीलाई बुझेको छु । परिवारलाई माया गर्छु, उनीहरूको आवश्यकता पूरा गरिदिन्छु ।

१५. हजुरले कस्तो जीवनशैली अपनाउनु हुन्छ ?

उत्तर: मध्यम वर्गीय परिवारमा जन्मेको मेरो जीवनशैली सामान्य रहेको छ । तडकभडक मलाई मन पर्दैन, सादा जीवन जिउन मन पराउछु ।

१६. हजुरलाई कस्तो खाना मन पर्छ ?

उत्तर: मलाई सामान्य नेपाली खाना दाल, भात, तरकारी,अचार, गुन्द्रुक मासु खान मन पर्छ ।

१७. हजुरलाई कस्तो पहिरन मन पर्छ ?

उत्तर: सादा, नीलो रंग विशेष मन पर्छ ।

१८. हालसम्म के कति ठाउँको भ्रमण गर्नु भएको छ ?

उत्तर: जागिरको सिलसिलामा होस् वा अन्य सिलसिलामा नेपालको सुर्खेत, विराटनगर लगायत विभिन्न जिल्लाका गाउँ तथा शहरहरू, भारतको सीमावर्ती क्षेत्रहरू तथा चीन, जापान, मलेसिया सिंगापुर आदि देशहरूको भ्रमण गरिसकेको छु ।

१९. हजुरको विवाह कहिले र कसरी भयो ?

उत्तरः २०३६ साल असार २४ गते, गन्धर्व विवाह भयो ।

२०. हजुरको छोरा छोरी कति जना बताइदिनुस् न ?

उत्तरः दुई जना छोरा, छोरी छैनन् ।

२१. हजुरको वंशावली बारे बताईदिनुस् न ?

उत्तरः भोटबर्मेली परिवारभित्र नेवार वंश पर्दछ । हाम्रो पुख्यौली थलो दोलखा जिल्लाको प्राचीन शहर अभयपुरमा थियो रे हाल दोलखा नक्छे टोलमा छ । मेरो परिवार चाँहि झम्सीखेल ललितपुरमा छौं । बाजे काजीबहादुर प्रधान, बुबा कमलप्रसाद प्रधान, हामी दुई भाइ छोरा हौं म चाँहि जेठो छोरा, मेरा दुई भाइ छोरा रहेका छन् ।